सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ माघ २०८२, मंगलबार (20 Jan 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २७१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

मधेशबाट थाल्यो रास्वपाले चुनावी अभियान





जनकपुरधाममा रविवार बालेन शाह (बालेन)लाई प्रधानमन्त्रीका रूपमा अघि सारेको राष्ट्रिय स्वतन्त्र पार्टी चुनावी प्रचार अभियानमा होमिएको छ। उम्मेदवारी दर्ताको अघिल्लो दिन सोमबार जनकपुरधामको तिरहुतियागाछीमा 'परिवर्तन उद्घोष' सभामार्फत अध्यक्ष रवि लामिछाने, वरिष्ठ नेता बालेनलगायतका नेताहरूले भोट माग्न सुरु गरेका छन्। संघीयतालाई थप बलियो र अधिकारसम्पन्न बनाउने रास्वपाको योजना रहेको उनीहरूको भनाइ छ।

मेयरबाट राजीनामा दिएपछि बालेन पहिलोपटक पार्टीको सभामा उपस्थित भएका हुन्। उनलाई हेर्न र सुन्न सभामा सर्वसाधारण ओइरिएका थिए। जनकपुर आउनुअघि आइतबार बालेन काठमाडौंस्थित रास्वपा कार्यालय घन्टीघर पुगेर पदभार ग्रहण गरेका थिए। सभामा सभापति लामिछानेले देशको हित र जनताको चाहनाअनुसार बालेन र आफू एक ठाउँमा उभिएको बताए।

> निवर्तमान संघीय सांसद डा. अमरेश सिंह र प्रदेश सांसद रहबर अन्सारी रास्वपा प्रवेश

आगामी निर्वाचनपछि रास्वपा नेतृत्वको सरकार बन्ने निश्चित भएकोले पार्टीले मधेशको सन्तानलाई प्रधानमन्त्रीका रूपमा अघि सारेको बताए। 'मधेशसँगै देशको मुहार फेर्ने हो, त्यसका लागि बालेन शाह आएको छ,' मधेशको छोरा पहिलोपटक प्रधानमन्त्री बन्ने अवसर रहेकाले पार्टीलाई जिताउन आग्रह गर्दै उनले भने, 'अब देशले बालेन पाएको छ, बालेनले देश बनाउँछ। हाम्रो सपना पूरा गर्छ।'

काठमाडौं महानगरपालिकामा बालेनले नमुना काम गरिरहेका वेला केन्द्र सरकारले उल्टै एउटा प्रशासकीय अधिकृत पनि नदिएर असहयोग गरेको लामिछानेले बताए। 'अब प्रशासकीय अधिकृत होइन, तिम्रो सत्ता फेर्ने हो,' उनले भने।

» पृष्ठ २ मा क्रमशः

सभामा रविले भने-

देशले बालेन पाएको छ, बालेनले देश बनाउँछन्



मधेशसँगै देशको मुहार फेर्ने हो, त्यसका लागि बालेन शाह आएको छ। देशले बालेन पाएको छ, बालेनले देश बनाउँछन्। हामी विगतका सरकारजस्तो प्रतिशोधमा उत्रिने पनि छैनौं, तर देश लुटेर कमाएको एक-एक हिसाबचाहिँ गर्नेछौं। बालबालिकालाई टुहुरो बनाएको, मधेशलाई गरिब बनाएको एक-एक हिसाब हुनेछ। किनकि अबकी बार बालेन सरकार।

मैथिलीमा बोल्दै बालेनले भने-

असल मान्छे प्रधानमन्त्री बन्छ भनेर घन्टीमा भोट दिनुहोला



मधेशीको छोरा प्रधानमन्त्री बन्छ भनेर मात्रै भोट नदिनुस्, एउटा असल मान्छे देशको प्रधानमन्त्री बन्छ भनेर घन्टीमा भोट दिनुहोला। अहिले एउटा मेयरले प्रमुख प्रशासकीय अधिकृत फेर्नुपर्दा काठमाडौं धाउनुपर्छ, जनकपुर प्रदेशको राजधानी हो। यहाँबाट किन फेर्न सक्दैनन् प्रशासकीय अधिकृत ? त्यसकारण अब बलियो संघीयता बनाउनुपर्छ, जसले अधिकारका लागि काठमाडौं जानु नपरोस्।

प्रत्यक्षतर्फ आज उम्मेदवारी

प्रतिनिधिसभाको २१ फागुनमा हुने निर्वाचनका लागि दलहरूले १३ र १४ पुसमा समानुपातिक उम्मेदवारहरूको बन्दसूची निर्वाचन आयोगमा बुझाइसकेका छन्, आज १६५ निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता हुँदै

तडकभडक नगर्न निर्वाचन आयोगको आग्रह



● रामप्रसाद भण्डारी
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

उम्मेदवारी कायम गर्न जाँदा बाजागाजालगायतका तडकभडक देखिन्छन्। यो कानुन र आचारसंहिताले पूर्ण रूपमा निषेध गरेको छ। उल्लंघन भए आयोगले कठोर निर्णय लिन्छ। निर्वाचन स्वच्छ, निष्पक्ष, भयमुक्त वातावरणमा हुँदै छ। कुनै शंका, उपशंका गर्नुपर्दैन।

प्रेम गौतम/नयाँ पत्रिका

प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फ देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा एकै दिन मनोनयन दर्ता मंगलबार हुँदै छ। प्रमुख राजनीतिक दलहरूले अधिकांश निर्वाचन क्षेत्रमा उम्मेदवारको टुंगो लगाइसकेका छन् भने केही विवादित क्षेत्रका उम्मेदवार मंगलबार बिहानसम्म टुंग्याउने तयारी छ।

एमाले, माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अपवादबाहेक सबै क्षेत्रमा उम्मेदवार तय गरेका छन्। शीर्ष नेताहरू आ-आफ्नो निर्वाचन क्षेत्रमा पुगिसकेका छन्। टिकट पाएका अधिकांश उम्मेदवारहरू पनि आ-आफ्ना निर्वाचन क्षेत्रमा पुगिसकेका छन्।

एमाले अध्यक्ष केपी ओली झापा, नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' रुकुम पूर्व र नेकपाका सहसंयोजक माधवकुमार नेपाल रौतहट पुगिसकेका छन्। रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह मनोनयन दर्ता गर्न सोमबार मध्यरात झापा पुगेका छन्। रास्वपा सभापति रवि लामिछाने जनकपुरको कार्यक्रम सकेर चितवनतिर लागेका छन्।

मनोनयन दर्ताका लागि सबै निर्वाचन क्षेत्रमा

» पृष्ठ २ मा क्रमशः



■ यस्तो छ निर्वाचन कार्यतालिका

मनोनयन दर्ताका लागि मंगलबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्मको समय तोकिएको छ। सोही दिन बेलुका ५ देखि ७ बजेसम्म उम्मेदवारको सूची प्रकाशन गर्ने तालिका छ। मनोनयनपत्र दर्ता भएका उम्मेदवारको विरुद्धमा उजुरी दिने अवधि बुधबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म हुनेछ। सोही दिन दिनको ३ बजेदेखि बिहीबार ५ बजेसम्म मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी आयोगले निर्णय गरी साँझ ५ देखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशित हुनेछ। शुक्रबार बिहान १० देखि दिउँसो १ बजेसम्म उम्मेदवारको नाम फिर्ता लिने र सोही दिन दिउँसो १ बजेदेखि ३ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरिनेछ। शुक्रबार नै दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यतालिका छ। उम्मेदवारले चुनाव चिह्न पाएपछि पनि आचारसंहिताअनुसार प्रचारप्रसार प्रारम्भ गर्नका लागि करिब तीन साता पर्खनुपर्नेछ। ३ देखि १८ फागुनसम्म १५ दिन उम्मेदवारले प्रचारप्रसार गर्न पाउनेछन्। उम्मेदवारले सभा, जुलुस, सञ्चारमाध्यमबाट प्रचारप्रसार, चुनावी सामग्री प्रकाशन वा प्रसारण तथा घरदैलो कार्यक्रम गर्न पाउनेछन्। २१ फागुनको बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदानको कार्यतालिका छ।

उम्मेदवारी दर्ताका लागि हरेक क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय छ। मनोनयनका लागि १० हजार धरौटी बुझाउनुपर्नेछ। महिला, दलित, अल्पसंख्यक समुदाय वा विपन्न उम्मेदवारलाई ५०% छुट दिइएको छ। उम्मेदवारी दर्ता गर्न जाँदा २५ जनाभन्दा धेरैको जुलुस लैजान नपाउने निर्वाचन आचारसंहितामा व्यवस्था गरिएको छ।

दलहरूले उम्मेदवार लगभग टुंग्याए

टिकट बोकेर अधिकांश नेताहरू लागे आ-आफ्नो क्षेत्रतिर

दलहरू आगामी २१ फागुनमा हुने निर्वाचनको प्रत्यक्षतर्फको उम्मेदवारी दर्ताको अन्तिम तयारीमा रहेका छन्। प्रत्यक्षतर्फ प्रतिनिधिसभा निर्वाचनका लागि आयोगमा १३७ दल दर्ता छन्।

एमाले, नेकपा र रास्वपाले अधिकांश स्थानमा उम्मेदवार टुंग्याएका छन्। केही ठाउँमा मात्रै मिलाउन बाँकी रहेको ती दलका नेताहरूले बताएका छन्। एमालेले केही स्थानमा उम्मेदवार नै परिवर्तन गरेको छ। कांग्रेसले पनि धेरैजसो उम्मेदवार टुंग्याएको छ। सोमबार राति अबेरसम्म कांग्रेस नेताहरू उम्मेदवार चयनमा छन्।

नेकपाले पनि उम्मेदवार टुंगो लगाएको छ। संयोजक पुष्पकमल दाहाल प्रचण्ड रुकुम पूर्वबाट मनोनयन दर्ता गर्दै छन् भने सहसंयोजक माधवकुमार नेपाल रौतहट १ बाट मनोनयन दर्ता गर्दै छन्। नारायणकाजी श्रेष्ठ सर्लाही ३ बाट चुनाव लड्दै छन्। तेस्रो र चौथो वरीयताका वरिष्ठ नेताहरू झलनाथ खनाल र वामदेव गौतम भने उम्मेदवार बनेका छैनन्। उनीहरूले नयाँ अनुहारलाई अवसर दिन उम्मेदवार नबनेको बताएका छन्। यस्तै, नेताहरू अग्नि सापकोटा, पम्फा भुसाल, राजेन्द्र श्रेष्ठ, देव गुरुङ, प्रेमबहादुर सिंहलगायत पनि उम्मेदवार बनेका छैनन्। बागलुङमा नेकपा र जनमोर्चाले चुनावी तालमेलको सहमति गरेका छन्।

रास्वपाले पनि अधिकांश स्थानमा उम्मेदवार टुंगो लगाएको छ। कतिपय स्थानमा भने मिलाउन बाँकी रहेको नेताहरूले बताएका छन्। सभापति रवि लामिछानेले चितवन २ बाट मनोनयन दर्ता गर्दै छन् भने वरिष्ठ नेता बालेन्द्र शाहले झापा ५ बाट मनोनयन दर्ता गर्दै छन्। उपसभापति स्वर्णिम वाग्ले तनहुँ १, अर्का उपसभापति डिपी अर्याल काठमाडौं ९ बाट उठ्दै छन्।

उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले काठमाडौं ३ बाट मनोनयन दर्ताको तयारी गरेका छन्। श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले सुनसरी १ बाट मनोनयन दर्ताको तयारी गरेका छन्।

■ कांग्रेसमा अन्तरिम सहमति

टिकटमा गगनको हस्ताक्षर, सर्वोच्चको निर्णय अन्तिम

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रतिनिधिसभा निर्वाचनमा टिकट वितरण र समग्र विवादमा कांग्रेसभित्र अन्तरिम सहमति भएको छ। सहमतिअनुसार विशेष महाधिवेशनबाट नेतृत्वमा आएका गगन थापालाई सभापति मानेर उनकै हस्ताक्षरमा टिकट लिन देउवा पक्ष (इतर समूह) तयार भएको छ। साथै दुवै पक्ष सर्वोच्च अदालतको निर्णयलाई अन्तिम मानेर जान सहमत भएका छन्।





कांग्रेसमा देउवा पक्ष (इतर समूह) र संस्थापन पक्षबिच आइतबार र सोमबार भएका चरणबद्ध छलफलपछि आंशिक सहमति बनेको हो। निर्वाचन आयोगको निर्णयअनुसार थापालाई सभापति मानेर देउवा-कोइराला समूहले मनोनयनका लागि टिकट लिएका छन्। यद्यपि, सोमबार रातिसम्म कांग्रेसमा सबै क्षेत्रको टिकटको बाँडफाँट भएको छैन।

विशेष महाधिवेशनबाट निर्वाचित र निर्वाचन आयोगद्वारा मान्यता प्राप्त सभापति थापालाई सभापति मानेर अघि बढ्ने सहमति भए पनि देउवा पक्षले आयोगको निर्णयविरुद्ध दायर गरेको सर्वोच्च अदालतको रिट भने फिर्ता नगर्ने स्पष्ट पारेको छ। 'अहिलेको निर्वाचन आयोगको निर्णयअनुसार सभापति गगन थापालाई सभापतिका रूपमा मान्ने र रुख चिह्नमा टिकट लिएर उम्मेदवारी दर्ता गर्ने सहमति भएको छ,' कांग्रेस नेता मीन विश्वकर्माले भने, 'सर्वोच्च अदालतले जे फैसला वा आदेश दिन्छ, त्यसलाई सबैले स्वीकार गर्ने सहमति छ।'

कांग्रेस संस्थापन पक्षबाट नेता मधु आचार्य र देवराज चालिसे तथा देउवा समूहबाट नेता बालकृष्ण खाण र शेखर समूहबाट डा. मीनेन्द्र रिजालबिच सोमबार छलफल भएको थियो। उनीहरूबिच आइतबार राति पनि छलफल भएको थियो। सोमबार देउवा पक्षले आफ्नातर्फबाट टिकट पाउनुपर्ने व्यक्तिको सूची नै संस्थापन पक्षलाई बुझाएको थियो।

तर, मुद्दा फिर्ता लिन तयार नभए समूहगत रूपमा टिकट वितरण गर्न नेतृत्व (सभापति गगन थापा) तयार भएन। 'समूहगत रूपमा टिकट टुंग्याउने हो भने आइतबार सर्वोच्चमा दायर भएको रिट फिर्ता लिनुस्, होइन भने हामी व्यक्तिगत रूपमा सबै पक्षमा भएका साथीहरूसँग कुरा गर्छौं। चुनाव

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



प्रतिनिधिसभामा उम्मेदवार बन्न प्रदेशका १४ सांसदले दिए राजीनामा



नेकपाका पाँच, एमालेका तीन, राप्रपा, नागरिक उन्मुक्ति, लोसपा, जनमत र रास्वपाका एक-एक प्रदेश सांसद संघमा भिड्दै

■ स्थानीय तहका जनप्रतिनिधि पनि मैदानमा



(विस्तृत पृष्ठ ३)

म्युचुअल फन्ड सञ्चालन गर्ने कम्पनीलाई बीजपुँजीमा खुकुलो व्यवस्था



योजना व्यवस्थापकलाई १५ प्रतिशत अनिवार्य लगानी गर्नुपर्ने बीजपुँजी ५-१० प्रतिशतमा झारियो

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कसरी हुँदै छ निर्वाचन सुरक्षा व्यवस्थापन ?

निर्वाचनस्थलको सुरक्षा संवेदनशीलता विश्लेषण, सुरक्षाकर्मीको संख्या निर्धारण, निर्वाचन प्रहरीको छनोट तथा तालिम र तीनवटै सुरक्षा निकायबिच संयुक्त अभ्यासलगायतका काम अन्तिम चरणमा, कुल तीन लाख ३८ हजार सुरक्षाकर्मी खटाइने


टेकराज थामी/नयाँ पत्रिका

आगामी २१ फागुनमा हुने निर्वाचनको सुरक्षाका लागि आवश्यक सबैजसो पूर्वतयारी पूरा भएका छन्। निर्वाचनस्थलको सुरक्षा संवेदनशीलता विश्लेषण, सुरक्षाकर्मीको संख्या निर्धारण, निर्वाचन प्रहरीको छनोट तथा तालिम र तीनवटै सुरक्षा निकायबिच संयुक्त अभ्यासलगायतका काम अन्तिम चरणमा पुगेका छन्।

गृहमन्त्री ओमप्रकाश अर्यालको नेतृत्वमा रहेको केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत उक्त योजनाअन्तर्गत निर्वाचनपूर्व, निर्वाचनका दौरान र निर्वाचनपश्चात् गरी तीन तहको सुरक्षा कार्यविधि तय गरिएको छ। तीमध्ये पहिलो तहको सुरक्षा तयारी लगभग पूरा भएको गृह मन्त्रालयले जनाएको छ। गृह मन्त्रालयले निर्वाचन सुरक्षाका लागि गत ३० कात्तिकमै एकीकृत निर्वाचन सुरक्षा योजना ०८२ स्वीकृत

» पृष्ठ २ मा क्रमशः

■ देशभरका १०,९६७ मतदानस्थलमध्ये २,८४५ सामान्य, ४,४४२ संवेदनशील र ३,६८० अतिसंवेदनशील



अतिसंवेदनशीलमा तीन प्रहरी र १० निर्वाचन प्रहरी, संवेदनशीलमा तीन प्रहरी र नौ निर्वाचन प्रहरी र सामान्यमा तीन प्रहरी र आठ निर्वाचन प्रहरी खटिनेछन्।

२१ माघदेखि सेना परिचालन

निर्वाचन आयोगले गत सातादेखि मतपत्र छपाइ सुरु गरिसकेको छ। छपाइ भएका मतपत्रको सुरक्षा तथा ढुवानीको जिम्मेवारी नेपाली सेनालाई दिइएको छ। यस प्रयोजनका लागि सेना आंशिक रूपमा परिचालन भइसकेको छ। जनक शिक्षाले छापिरहेको मतपत्र छपाइ तथा ढुवानीको सम्पूर्ण प्रक्रिया सेनाको निगरानीमा भइरहेको छ। सरकारले निर्वाचनभन्दा एक महिनाअघि नै सेना फिल्डमा खटाउने स्वीकृति दिइसकेको छ। त्यसअनुसार २१ माघदेखि सेना देखिने गरी फिल्डमा परिचालन हुनेछ। सेनाका सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतले भने, 'निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ सैनिक परिचालन गर्ने निर्णय भएको छ। केही सैनिक परिचालन भइसकेका छन्। बाँकी २१ माघदेखि फिल्डमा खटिनेछन्। आवश्यक तालिम सञ्चालन भइरहेको छ, जसमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षाकर्मी पनि सहभागी छन्।'

दमक पुगे ओली, बालेन आज पुग्दै झापा- ५ चुनावी केन्द्रमा

झापामा **चिरञ्जीवी घिमिरे**

प्रतिनिधिसभा निर्वाचनका लागि झापा-५ बाट मनोनयन दर्ता गर्न एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली सोमबार दमक पुगेका छन् । ओली काठमाडौंबाट सोमबार दिउँसो चन्द्रगढी विमानस्थल हुँदै दमक आएका हुन् । यही निर्वाचन क्षेत्रमा उम्मेदवारी घोषणा गरेका रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन' भने मंगलबार बिहान पुग्दै छन् । जनकपुरमा चुनावी सभा सकेर उनी सोमबार मध्यराति मात्र हिँडेका थिए ।

०७९ को निर्वाचनताका भाडामा लिएको घर जेन-जी आन्दोलनमा आगजनी भएकाले ओली होटेल कामक्षमा बसेका छन् । ओली दुई दिन यही होटेलमा बसेर काठमाडौं फर्कनेछन् । ओलीका लागि तत्काल डेरा नखोजिएको एमाले झापा अध्यक्ष प्रेम गिरीले बताए ।

एमालेले प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेका अध्यक्ष ओली र रास्वपाले प्रधानमन्त्रीको उम्मेदवार बनाएका बालेनबिच प्रत्यक्ष प्रतिस्पर्धा हुने भएपछि झापा-५ राष्ट्रिय राजनीतिक चर्चाको केन्द्र बनेको छ । यही कारण यो निर्वाचन क्षेत्रलाई 'इलेक्सन इपिसेन्टर'का रूपमा हेरिन थालिएको छ ।

ओली र बालेनसँगै झापा- ५ मा नेपाली कम्युनिस्ट पार्टीबाट युवा नेता रन्जित तामाङ, श्रम संस्कृति पार्टीबाट समीर तामाङलगायतले पनि उम्मेदवारी दिने भएका छन् । नेपाली कांग्रेसले भने समाचार तयार पार्दासम्म उम्मेदवार तय गरिसकेको छैन ।

विगतका निर्वाचन परिणाम हेर्दा झापा-५ एमालेको बलियो पकड रहेको क्षेत्र मानिन्छ । ०४८ सालदेखि हालसम्म भएका सात निर्वाचनमध्ये ओली ०६४ सालमा मात्र पराजित भएका थिए ।

०७९ को निर्वाचनमा ओलीले ५२ हजार ३१९ मत प्राप्त गर्दै विजय हासिल गरेका थिए । त्यति वेला उनलाई राप्रपाको समर्थन थियो । उनका मुख्य प्रतिद्वन्द्वी कांग्रेसका खगेन्द्रपाण्डव अधिकारीले २३ हजार ७४३ मत प्राप्त गरेका थिए भने रास्वपाका उम्मेदवार सुरेशकुमार पोखरेलले ११ हजार ७५९ मत ल्याएका थिए । समानुपातिकतर्फ ०७९ मा झापा-५ बाट रास्वपाले १८ हजार २०५ मत प्राप्त गर्दा एमालेले ३५ हजार ८७२ मत पाएको थियो । यसपटक झापा-५ मा १ लाख ६३ हजार ३७९ मतदाता रहेका छन्, जसमा नौ हजार ९० नयाँ मतदाता थपिएका छन् ।

बालेनलक्षित ओलीको टिप्पणी

चर्चा होस् भनेर पनि मेराविरुद्ध उम्मेदवारी दिने भनेको हुन सक्छ, लड्ने हो, होइन मलाई थाहा छैन

अलिकति चर्चा होस् भनेर पनि मेराविरुद्ध उम्मेदवारी दिने भनेको हुन सक्छ । लड्ने हो कि होइन, मलाई थाहा छैन । लड्ने भए पनि अरूले पनि पहिला लडेकै हुन् । न यहाँ घर छ, न डेरा छ, न परिवार न आफन्त, न चिनजान–यस्तासँग महाभिडन्त हुन्छ ? के भनेको ? यहाँका नागरिकले दारी पालेको देख्नासाथ बालेन हो कि भनेर सोध्छन् । यहाँका नागरिकले चिनेका छैनन् ।'

एमाले अध्यक्ष केपी ओलीले बालेनलाई लक्षित गर्दै आफ्नाविरुद्ध उम्मेदवारी दिँदा चर्चा हुन्छ भन्ने सोचेर उम्मेदवारी दिने प्रयास भएको आरोप लगाएका छन् । मनोनयन दर्ताका लागि दमक आएका ओलीले सोमबार प्रेस चौतारी झापाले आयोजना गरेको पत्रकार सम्मेलनमा बालेनलाई लक्षित गर्दै टिप्पणी गरेका हुन् ।



'अलिकति चर्चा होस् भनेर पनि मेराविरुद्ध उम्मेदवारी दिने भनेको हुन सक्छ । लड्ने हो, हैन मलाई थाहा छैन,' ओलीले भने, 'लड्ने हो भने पनि त अरूले पनि लडिखेली आएकै हुन् त ! पहिला अरूले पनि लडेकै हुन् । त्यसकारण यसबारे सोच्नुपर्दैन ।'

ओलीले बालेनलाई झापा-५ मा कसैले नचिनेको दाबी गरे । बालेनलाई नचिनेर यहाँका मतदाताले दारी पालेको देख्नेबित्तिकै बालेन हो भनेर प्रश्न गर्ने गरेको टिप्पणी गरे । 'न यहाँ घर छ न डेरा छ, न परिवार न आफन्त, न नातागोता न चिनजानको यस्तासँग महाभिडन्त हुन्छ ? के भनेको ?' उनले भने, 'मैले सुनेको दारी पालेको देख्दा बालेन भनेर सोध्छन् । यहाँका नागरिकले चिनेका छैनन् ।'

ओलीले आफूलाई भने डेरा खोज्न सहयोग गर्ने बताए ।

उनले यहाँ बालेनलाई सुरक्षा दिने भन्दै नडराउन आग्रह गरे । उनले झापा-५ का जनताले फैसला गर्ने पनि बताए । उनले दमक आफू आउँदा बस्न दिएकै कारण पनि अरू घर जलाएर अपराध कर्म गरेको आरोप लगाए । 'मलाई कसैले कहिलेकाहीं बस्न दियो भनेर घर जलाउने अपराधी हैनन् ? २३ वर्षअघि मैले बेचेको घर जलाउने ? अर्काको घरमा म बसेको थिएँ भनेर आगो लगाउने ? यो पनि कुनै राजनीति हो ?' उनले भने । उनले बनाउने र जलाउनेबिच प्रतिस्पर्धा हुन लागेको बताए । 'टावर बनाउने र जलाउने को हो, तपाईंहरूलाई थाहा नै छ,' उनले भने, 'यो बनाउन खोजेको भाष्य हैन यथार्थ हो ।'

ओलीले झापाको विकासमा आफ्नो ठुलो योगदान रहेको दाबी गर्दै उत्तर झापामा आधारभूत विकास भइसकेको र अब दक्षिणी क्षेत्रमा विकास गर्न बाँकी रहेको बताए । निर्वाचन नजिकिँदै जाँदा पनि पर्याप्त सुरक्षा सुनिश्चित नभएको उनको गुनासो थियो ।

नेकपाबाट रन्जितको उम्मेदवारी

नेकपाबाट झापा क्षेत्र नम्बर ५ मा रन्जित तामाङले उम्मेदवारी घोषणा गरेका छन् । जेन-जी आन्दोलनले माग गरेको प्रत्यक्ष कार्यकारी प्रमुखको मुद्दा स्थापित गर्न आफूले उम्मेदवारी दिएको उनले बताए । तामाङले आफू झापा-५ मै जन्मिएर हुर्किएका कारण यहाँका जनताले स्थानीयलाई नै छान्ने विश्वास व्यक्त गरे । 'अन्य उम्मेदवारलाई यहाँको ठाउँ थाहा पाउन पनि गुगल सर्च गर्नुपर्छ,' उनले भने । तामाङले भिडले नेतृत्व गर्न नसक्ने बताए । 'एजेन्डा र मुद्दाले प्रतिस्पर्धा गर्ने हो,' उनले भने, 'समूह वा व्यक्तिको भिडले नेतृत्व गर्ने हैन । हामी अफवाहलाई चिरेर विजयीको झन्डा गाड्छौं ।'

कसरी हुँदै छ...

पृष्ठ १ बाट क्रमशः

गरिसकेको थियो । गृहप्रवक्ता आनन्द काफ्लेले पहिलो तहको सुरक्षा कार्यविधि पूरा भएको बताए । 'आसन्न निर्वाचनका लागि एकीकृत निर्वाचन सुरक्षा योजना ०८२ अनुसार तीन तहको सुरक्षा कार्यविधि तय गरिएको छ । त्यसअन्तर्गत पहिलो तहको सुरक्षा तयारी लगभग पूरा भइसकेको छ,' उनले भने ।

तीन लाख ३८ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन

स्वीकृत सुरक्षा योजनाअनुसार निर्वाचन अवधिभर नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, निर्वाचन प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागका गुप्तचर गरी कुल तीन लाख ३८ हजार ८९० सुरक्षाकर्मी परिचालन गरिनेछ । यसअनुसार नेपाली सेनाबाट ७९ हजार ७२७, नेपाल प्रहरी ७५ हजार ४९७, सशस्त्र प्रहरी ३४ हजार ५७६, निर्वाचन प्रहरी एक लाख ४९ हजार ९० तथा राष्ट्रिय अनुसन्धान विभागबाट एक हजार ९२१ जना खटाइने निर्णय भएको छ ।

गृह मन्त्रालयका अनुसार सुरक्षा कार्यविधि स्वीकृत भएपछि सबै निर्वाचनस्थलको सुरक्षा संवेदनशीलता विश्लेषण गरिएको थियो । सोही विश्लेषणका आधारमा कम्तीमा साढे तीन लाख सुरक्षाकर्मी आवश्यक पर्ने निष्कर्ष निकालिएको थियो । तीनवटै सुरक्षा निकायबाट अधिकतम एक लाख ९० हजार सुरक्षाकर्मी मात्र उपलब्ध हुन सक्ने जानकारी आएपछि निर्वाचन प्रहरीको संख्या निर्धारण गरिएको हो । हाल निर्वाचन प्रहरीको छनोट प्रक्रिया जारी छ । उनीहरू ११ माघदेखि तालिममा सहभागी हुनेछन् ।

यसैगरी, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबिच संयुक्त तालिम, संयुक्त गस्ती, ड्रिलिङ र पेट्रोलिङ अभ्यास सञ्चालन भइरहेको छ । तालिममा भिभिआइपी तथा भिआइपी सुरक्षा, निर्वाचन बिथोल्न सक्ने समूहको पहिचान र कारबाही, सम्भावित झडप नियन्त्रण, उम्मेदवार सुरक्षा, मतपेटिका सुरक्षालगायतका विषय समेटिएका छन् ।

नेपाल प्रहरीअन्तर्गत कार्य विभाग प्रमुख तथा केन्द्रीय निर्वाचन सेलका कमान्डर एआइजी उमाप्रसाद चतुर्वेदीले पनि निर्वाचनलक्षित सुरक्षा पूर्वतयारी अन्तिम चरणमा पुगेको बताए । 'निर्वाचनपूर्व, निर्वाचनका दौरान र निर्वाचनपश्चात् गरी तीन तहको सुरक्षा योजना तयार गरिएको छ । पहिलो तहको तयारी पूरा भएको छ । संयुक्त तालिम, सुरक्षा विश्लेषण, निर्वाचन प्रहरीको संख्या निर्धारण र तालिमलगायतका काम लगभग सकिएका छन्,' उनले भने ।

टिकटमा गगनको...

पृष्ठ १ बाट क्रमशः

जित्न सक्ने र राम्रो छवि भएका साथीहरू समेट्छौं, तर सामूहिक सौदाबाजी हुँदैन भन्ने हाम्रो स्पष्ट कुरा भयो,' सभापति थापानिकट एक पदाधिकारीले नयाँ पत्रिकासँग भने, 'उहाँहरूबाट स्पष्ट जवाफ नआएपछि हामीले आफ्नै तरिकाले टिकट वितरण थाल्यौं । सबैलाई समेट्नुपर्नेमा द्विविधा भएन, तर यो समूहलाई यति प्रतिशत भनेर खाली टिकट दिने सहमति गरिएन ।'

संस्थापन पक्षले देउवानिकट नेता विमलेन्द्र निधिलाई धनुषा- ३, ज्ञानेन्द्र कार्कीलाई सुनसरी-४, विजय गच्छदारलाई सुनसरी- ३, डा. प्रकाशशरण महतलाई नुवाकोट- १, एन.पी. साउदलाई कञ्चनपुर- २ बाट टिकट दिएको छ । शेखर कोइराला समूहका नेता डा. सुनील शर्मा र डा. गोविन्दराज पोखरेल मोरङ- ३ र प्युठानबाट उम्मेदवार बनेका छन् । निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कानिकट रामहरि खतिवडालाई ओखलढुंगाबाट टिकट दिइएको छ ।

नेता खड्कालाई प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिन सभापति थापा र उपसभापति शर्माले सोमबार अनुरोध गरेका थिए । तर, सर्वोच्चमा मुद्दा विचाराधीन रहेकाले नैतिक कारणले उनी उम्मेदवार बन्न तयार नभएको जवाफ फर्काएका थिए । संस्थापन पक्ष देउवानिकट कांग्रेस नेताहरू दीपक खड्का, मोहन बस्नेत, बालकृष्ण खाण, रमेश लेखक र आरजु राणा देउवालाई टिकट नदिने पहिल्यै स्पष्ट थियो ।

संस्थापन पक्षका नेताले पूर्वसभापति देउवा मुद्दा फिर्ता गराउन सकारात्मक भएको, तर अबेरसम्म जवाफ नआएको बताए । यद्यपि, देउवाका स्वकीय सचिव भानु देउवाले सञ्चारकर्मीहरूलाई आफ्नो मोबाइलबाट पठाएको एसएमएसमा मुद्दा फिर्ता नलिने स्पष्ट पारेका छन् । रिट निवेदन फिर्ता नहुने र अदालतात निष्पक्ष न्याय सम्पादन हुने अपेक्षा रहेको उनले बताएका छन् ।

कांग्रेस नेता एवं पूर्वकार्यवाहक सभापति खड्काले सर्वोच्च अदालतको निर्णय स्वीकार्य र मान्य हुने स्पष्ट पारेका छन् । उनले प्रतिनिधिसभा निर्वाचन क्षेत्रका उम्मेदवारको टिकट वितरण प्रक्रियामा आफू सहभागी नभएको प्रस्ट गरेका छन् । 'नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधिसभाको १६५ निर्वाचन क्षेत्रका उम्मेदवारको टिकट वितरणसम्बन्धी कुनै पनि बैठक वा प्रक्रियामा म सहभागी भएको छैन र मलाई कुनै जानकारी पनि छैन । कसैमा भ्रम नहोस्,' उनले भनेका छन् ।

ALL NEPAL FOOTBALL ASSOCIATION
ANFA Complex, Satdobato, Lalitpur, Nepal
Invitation for Bids
Contract Identifiction no.: ANFA/BID/VEH/NCB/16/082-83
Date of Initial Publication: 15th December 2025
Date of Re-Invitation : 20th Jan 2026

1. The **All-Nepal Football Association ANFA, Satdobato** invites bids from eligible bidders for the **"Supply and Delivery of Hatch back car (Petrol)"** under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur Ph.No. 01-5201060 Email: procurement@the-anfa.com** and/or download the through ANFA **website www.the-anfa.com (more>download>general>NCB 16)**
3. Bidders, submitting their bid, should deposit the cost of bidding document of **NRs. 3000 (Three Thousand Only)** in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Nepal Investment Mega Bank Limited, Durbarmarg**
   Name of the Office : **All Nepal Football Association**
   Office Account No. : **00101010031354**
4. Bids must be submitted to the office **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur** by hand/courier on or before **12.00 PM** on **27th January 2026**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14.00 PM** on **27th January 2026** at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur**. Bids must be valid for goods or **90 days** from the date of bid opening and must be accompanied by a bid security, amounting to **NRs.1,50,000/-** which shall be valid for **30 days** beyond the validity of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. **ANFA** reserves the sole right for proposal/bid selection or rejection without assigning any reason whatsoever.

प्रत्यक्षतर्फ...

पृष्ठ १ बाट क्रमशः

मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतका कार्यालय स्थापना भइसकेका छन् । निर्वाचन कार्यालयहरूले दल र उम्मेदवारहरूलाई मनोनयन दर्ताको समयसमेत तोकिसकेका छन् ।

निर्वाचन आयोगका अनुसार उम्मेदवारले मनोनयन दर्ता गर्दा १० प्रकारका कागजात अनिवार्य रूपमा पेस गर्नुपर्नेछ । यसमा नेपाली नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्रको प्रतिलिपि, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा आवश्यक हुन्छ । साथै, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा, वा ती निकायको स्वामित्व वा नियन्त्रणमा रहेका तथा अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेका व्यक्तिले सो पदबाट राजीनामा दिएको निस्सा पनि पेस गर्नुपर्नेछ ।

प्रचलित कानुनअनुसार योग्यता पुगेका व्यक्तिले प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ८ बमोजिम सोही निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका एकजना प्रस्तावक र एकजना समर्थकको विवरण तथा हस्ताक्षरसहितको मनोनयनपत्र बुझाउनुपर्नेछ । दलको तर्फबाट उम्मेदवारी दिएको भए उम्मेदवार मनोनयनको औपचारिक पत्र, प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि १० हजार रुपैयाँ धरौटी जम्मा गरेको रसिद वा भौचर पनि आवश्यक पर्नेछ । महिला, दलित, अल्पसंख्यक समुदाय तथा आर्थिक रूपमा विपन्न उम्मेदवारका हकमा धरौटी रकममा ५० प्रतिशत छुट प्रदान गरिने आयोगले जनाएको छ ।

उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा १८ अनुसार अनुसूची-६ बमोजिमको स्वघोषणा-पत्रसमेत बुझाउनुपर्नेछ । स्वघोषणामा चल-अचल सम्पत्ति, बैंक तथा वित्तीय संस्थामा रहेका खाता, धितोपत्र, सेयर, ऋण तथा ऋणसम्बन्धी सम्पूर्ण विवरण सिलबन्दी रूपमा पेस गर्नुपर्नेछ । साथै, वैयक्तिक विवरण फाराम, निर्वाचित, मनोनीत वा नियुक्त निकायबाट लिएको पेस्की फर्स्यौट भएको निस्सा, लेखापरीक्षणबाट कायम बेरुजु फर्स्यौट गरेको प्रमाण तथा निर्वाचन आचारसंहिताअनुसारको प्रतिबद्धता-पत्र पनि बुझाउनुपर्नेछ ।

तडकभडक नगर्न निर्वाचन आयोगको आग्रह

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले उम्मेदवारी मनोनयनका क्रममा तडकभडक नगर्न आग्रह गरेका छन् । तडकभडकलाई कानुनले पूर्ण रूपमा निषेध गरेको उल्लेख गर्दै उनले आचारसंहिता उल्लंघन गर्ने गतिविधि नगर्न चेतावनी दिएका हुन् । सोमबार पत्रकारसँग कुरा गर्दै भण्डारीले आचारसंहिता उल्लंघन गर्नेहरूमाथि आयोग कठोर रूपमा प्रस्तुत हुने बताए । 'उम्मेदवारी कायम गर्न जाँदा बाजागाजालगायतका तडकभडक देखिन्छन् । यो कानुन र आचारसंहिताले पूर्ण रूपमा निषेध गरेको छ । उल्लंघन भए आयोगले कठोर निर्णय लिन्छ,' उनले भने । निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न हुने दाबी गर्दै उनले कुनै शंका-उपशंकाको आवश्यकता नरहेको पनि बताए । 'निर्वाचन, स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयमुक्त वातावरणमा हुँदै छ । कुनै शंका, उपशंका गर्नुपर्दैन,' भण्डारीले भने ।

मधेशबाट...

पृष्ठ १ बाट क्रमशः

आफूमाथि प्रतिशोध साध्दै अघिल्लो सरकारले जिल्ला-जिल्लामा झुटा मुद्दा लगाएको स्मरण गर्दै लामिछानेले अब बन्ने रास्वपाको सरकारले भने कसैमाथि प्रतिशोध नसाधिने बताए । 'हाम्रो सरकार उनीहरूको ढोका चहार्दै जानेछैन । हामी उनीहरूजस्तो प्रतिशोधमा उत्रिने पनि छैनौं, तर यत्तिका वर्ष सत्तामा बसेर राज्यको ढुकुटी लुटेकाहरूको एक-एक हिसाब भने गरिनेछ । देश लुटेर कमाएको एक-एक हिसाबचाहिँ गर्नेछौं । बालबालिकालाई टुहुरो बनाएको, मधेशलाई गरिब बनाएको एक-एक हिसाब हुनेछ । किनकि अबकी बार बालेन सरकार,' लामिछानेले भने, 'युवा र नागरिकको टाउकोमा गोली ठोकेर भागेका तत्कालीन प्रधानमन्त्रीले लगाएको मुद्दाले म जेलमा जान्छु भन्ने चिन्ता अब मलाई छैन । देर आई दुरुस्त आई । अब देश नै बदल्ने गरी अगाडि बढ्छौं ।'

अघिल्लो चुनावमा रास्वपाले रोपेको बिउले यस चुनावमा फल दिने विश्वास लामिछानेले व्यक्त गरे । चितवनबाट अत्यधिक मतसहित निर्वाचित भए पनि छलछाम गरेर संसद्बाट हटाइएको उल्लेख गर्दै उनले भने, 'अब सबैभन्दा धेरै मत ल्याउने पार्टी बनेर संसद्मा जानेछौं ।' आफूमाथि लागेका मुद्दाका कारण देशका विभिन्न अदालत धाइरहनुपरे पनि त्यसको कुनै पर्वाह नरहेको उनले बताए ।

बालेनसँग भएको छलफलमा आफूहरू सँगै अघि बढ्ने वार्ता पाँच मिनेटमै सहमत भएको पनि लामिछानेले सुनाए । 'देशको हितलाई केन्द्रमा राख्दा वार्ताको नाटक गर्नुपर्दैन,' उनले भने, 'देशको हित र जनताको चाहनाका लागि एक ठाउँमा उभिएका हौं ।'

मैथिलीमा भाषण गरेका बालेनले आफू भाषण नभई काम गर्न आएको बताए । 'काम गर्न दिनुहुन्छ नि ? म काम गर्ने मान्छे हुँ । मेयर हुँदा काममा व्यस्त थिएँ, राजीनामा दिएर आज पहिलोपटक बोल्दै छु,' उनले भने, 'मधेशीको छोरा प्रधानमन्त्री बन्छ भनेर मात्रै भोट नदिनुस्, एउटा असल मान्छे देशको प्रधानमन्त्री बन्छ भनेर घन्टीमा भोट दिनुहोला ।' उनको भाषणका क्रममा 'पज' लिँदा तालीको गड्गडाहट र 'अबकी बार बालेन सरकार'को हुटिङ भइरहन्थ्यो ।

बालेनले संघीयताप्रति रास्वपा र आफ्नो धारणा पनि सुनाए । 'अहिले एउटा मेयरले प्रमुख प्रशासकीय अधिकृत फेर्नुपर्दा काठमाडौं धाउनुपर्छ, उखु किसान, मिटरब्याजी पीडितसहितका सबै काठमाडौं गएर आन्दोलन गर्नुपर्छ, जनकपुर मधेश प्रदेशको राजधानी हो । यहाँबाट किन फेर्न सक्दैनन् प्रशासकीय अधिकृत ? त्यसकारण अब बलियो संघीयता बनाउनुपर्छ, जसले अधिकारका लागि काठमाडौं जानु नपरोस्, काठमाडौं घुम्नका लागि, पशुपतिनाथ र स्वयम्भुनाथको दर्शन गर्न जाओस्,' उनले भने ।

काठमाडौं महानगरपालिकाको मेयर हुँदा देशका विभिन्न ३५ वटा पालिकालाई एम्बुलेन्स उपलब्ध गराएको, बर्सेनि २० हजार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको र १० प्रतिशत बिरामीलाई काठमाडौंका महँगा अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गरिदिएको उनले स्मरण गराए ।

रास्वपा उपसभापति डा. स्वर्णिम वाग्लेले पहिलो निर्वाचनमा भन्दा आगामी निर्वाचनमा मधेश प्रदेशको ६० प्रतिशतभन्दा बढी मत आफूहरूले पाउने दाबी गरे । 'पहिलो निर्वाचनमा हामीसँग बढी समय थिएन, जनताको बिचमा खासै जान सकेनौं । तर, यसपालि हस्ती भएका नेताहरू बोकेर मधेश आएका छौं,' उनले भने । आफ्नो पार्टी संघीयताको विरोधी नरहेको स्पष्ट पार्दै उनले संघीयताको नाममा रहेको बदमासीलाई संशोधन गर्नुपर्ने आवश्यकता रहेको बताए ।

जानकी मन्दिरमा दर्शन र मधेशका सहिदको सालिकमा माल्यार्पण

आइतबार नै जनकपुरधाम आइपुगेका बालेन शाहले सोमबार बिहानै जानकी मन्दिरको दर्शन गरेका थिए । प्रायः बिहान ८ बजे खोलिने जानकी मन्दिर बालेन आउने भएपछि ५ बजे नै खोलिएको थियो । जानकी मन्दिरका महन्थ तपेश्वर दास र छोटा महन्थ रामरोशन दासले बालेनलाई स्वागत गरेका थिए ।

त्यसपछि मधेश बलिदानी दिवसको अवसर सोमबार नै रहेकाले बालेनले मधेश आन्दोलनका पहिलो सहिद रमेश महतोको सिराहाको लहानस्थित सालिकमा गएर माल्यार्पण गरेका थिए । त्यसपछि बालेन धनुषाको मिथिला नगरपालिका– ८, जमुनिवास आफ्नो मामाको घरसमेत पुगेका थिए ।

त्यसपछि करिब २ बजे तिरुहुतियागाछीमा आयोजित सभामा सभापति लामिछानेसँग सहभागी भएका थिए । सभामा उर्लिएको भिडले उनीहरूलाई मञ्चसम्म पुग्न हम्मेहम्मे भएको थियो ।

रवि, बालेनसहित रास्वपाका नेताहरू जनकपुरधामको मिथिला यात्री निवासमा बसेका छन् । सभापति रविले मधेश प्रदेशका केही उम्मेदवारलाई आज टिकट वितरण गरेका छन् ।



■ डा. अमरेश सिंह र रहबर अन्सारी रास्वपामा प्रवेश

परिवर्तनको उद्घोष सभामा पूर्वसांसद डा. अमरेश सिंह र मधेश प्रदेश सांसद रहबर अन्सारी रास्वपामा प्रवेश गरेका छन् । उनीहरूलाई सभापति लामिछाने र वरिष्ठ नेता बालेनले गम्छा ओढाएर स्वागत गरेका थिए । सभालाई सम्बोधन गर्दै डा. सिंहले बालेन प्रधानमन्त्री नबने आफूहरूले मधेशको धर्तीमा आत्मदाह गर्ने बताए । बालेनलाई देशको महानायक बताउँदै उनले भने, 'देश र मधेशमा धेरै खलनायकहरू छन् । ती खलनायकलाई ठेगान लगाउन बालेनलाई प्रधानमन्त्री बनाउनुको विकल्प छैन ।' 'हामी सीता माताका सन्तान हौं, माता सीता यही धर्तीमा समाहित भएकी थिइन्,' भावुक हुँदै उनले भने, 'बालेन प्रधानमन्त्री भएन भने म पनि जनकपुरधामको धर्तीमा समाहित हुनेछु ।' अन्सारीले मधेशमा व्यापक भष्टाचार मौलाएको र ती भष्टाचारलाई हटाउन रास्वपाको भ्याक्सिन आवश्यक रहेको बताए ।

प्रतिनिधिसभामा उम्मेदवार बन्न प्रदेशका १४ सांसदले दिए राजीनामा

नेकपाका पाँच, एमालेका तीन, कांग्रेस, राप्रपा, नागरिक उन्मुक्ति, लोसपा, जनमत र रास्वपाका एक-एक प्रदेश सांसद संघमा भिड्दै

मकवानपुरमा **पोष्टराज अधिकारी**, राजविराजमा **सौरभ यादव**, उदयपुरमा **विदुर कटुवाल**, बाँकेमा **विश्वराज पछ्लडङ्गया**

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्न १३ प्रदेश सभा सदस्यले पदबाट राजीनामा दिएका छन् । बागमती प्रदेशका ६, मधेशका चार, लुम्बिनीका तीन र सुदूरपश्चिम प्रदेशमा एक गरी १३ जनाले राजीनामा दिएका हुन् । यसरी राजीनामा दिनेमा नेकपाका पाँच, एमालेका तीन, कांग्रेस, राप्रपा, रास्वपा, नागरिक उन्मुक्ति, लोसपा र जनमतबाट एक/एकजना छन् ।

आगामी २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बन्न बागमती प्रदेश सभाका ६ सांसदले राजीनामा दिएका छन् । कांग्रेस, एमाले, राप्रपा र नेकपाका सांसदहरूले संघीय संसद्मा प्रतिस्पर्धा गर्ने तयारीसँगै प्रदेश सभा सदस्य पदबाट राजीनामा दिएका हुन् ।

प्रदेश सभा सचिवालय हेटौँडाका अनुसार सोमबार पाँचजना सांसदले इमेलमार्फत राजीनामापत्र दर्ता गराएका छन् । एकजना सांसदले प्रदेश सभा उपसभामुख अप्सरा चापागाईंलाई भेटेर राजीनामा बुझाएका छन् । राजीनामा दिनेमा एमाले र नेकपाबाट दुई-दुईजना तथा कांग्रेस र राप्रपाबाट एक-एक सांसद छन् ।

उम्मेदवार बन्न कांग्रेसका कुन्दनराज काफ्लेले बागमती प्रदेश सांसदबाट सोमबार राजीनामा दिएका थिए । तर, उनले टिकट पाएनन् । कांग्रेसले केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीलाई दोलखाबाट उम्मेदवार बनाएको छ । राप्रपाका प्रदेश सांसद काठमाडौं २ (क) बाट निर्वाचित सुनील केसीले प्रदेश सभा सदस्य पदबाट राजीनामा दिएका छन् । उनी रास्वपाबाट काठमाडौं २ मा प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार बन्ने भएका छन् । पूर्वमेयर बालेन्द्र शाह (बालेन)को टिमको समर्थनमा रास्वपाले केसीलाई टिकट दिएको हो । प्रदेश सभा सदस्य रहँदा उनको भूमिका कमजोर देखिएको भन्दै आलोचना हुँदै आएको थियो ।

नेकपाका प्रदेश सभा सदस्य तथा पूर्वमन्त्री युवराज दुलालले प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्न राजीनामा दिएका छन् । ०७४ र ०७९ गरी दुईपटक प्रदेश सभा सदस्य निर्वाचित दुलाललाई नेकपाले सिन्धुपाल्चोक २ बाट उम्मेदवार बनाएको छ । आइतबार टिकट पाएपछि कार्यव्यस्तताका कारण प्रदेश सभा सचिवालय हेटौँडा पुग्न नसकेका दुलालले इमेलमार्फत राजीनामापत्र पठाएका हुन् । ०७४ र ०७९ मा प्रदेश सभा सदस्य निर्वाचित वसन्त मानन्धरले पनि इमेलमार्फत राजीनामा दिएका छन् । ०७४ मा एमाले र ०७९ मा एकीकृत समाजवादीबाट काठमाडौं ७ (क)बाट निर्वाचित मानन्धर हाल नेकपामा आबद्ध छन् । उनी काठमाडौं ७ बाट प्रतिनिधिसभा निर्वाचन लड्ने तयारीमा छन् ।


कुन्दनराज काफ्ले, कांग्रेस


प्रकाश श्रेष्ठ, एमाले


अमन मास्के, एमाले


रामचन्द्र मण्डल, एमाले


युवराज दुलाल, नेकपा


वसन्त मानन्धर, नेकपा


रहवर अन्सारी, नेकपा


भारत साह, नेकपा


धनबहादुर मास्की, नेकपा


सतिश सिंह, जनमत


धर्मबहादुर चौधरी, नाउपा


कन्हैया बानियाँ, लोसपा


तारा जोशी, रास्वपा


सुनील केसी, राप्रपा

धनबहादुर मास्की, एमालेका पनि पदबाट राजीनामा दिएका छन् । काठमाडौं ६ (ख)बाट निर्वाचित मास्केले प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुन राजीनामा दिएका हुन् । उनी आगामी निर्वाचनमा काठमाडौं ६ बाट एमालेको तर्फबाट प्रतिनिधिसभा उम्मेदवार बन्ने तयारीमा छन् ।

मधेश प्रदेशका चार सांसदले पदबाट राजीनामा दिएका छन् । राजीनामा दिनेमा जनमत, एमाले र नेकपाका सांसद छन् । प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बन्न उनीहरूले राजीनामा दिएका हुन् । मधेशका पूर्वमुख्यमन्त्री एवं जनमतका सांसद सतीश सिंहले राजीनामा दिएका छन् । उनले जनमत पार्टीको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएका हुन् । प्रतिनिधिसभा निर्वाचनका लागि उनले आफ्नो छुट्टै पार्टी दर्ता गराएका छन् । उनले आफ्नो दाजु सत्यवानकुमार सिंहको नेतृत्वमा स्वाभिमान पार्टी दर्ता गराएका हुन् । सोही पार्टीबाटै उनी प्रतिनिधिसभा उम्मेदवार बन्न लागेका हुन् । गत ०७९ को निर्वाचनमा उनी सप्तरी २ (क)बाट जनमतबाट विजयी भएका थिए । उनलाई जनमतले मधेश प्रदेश सभामा अर्थ समितिको सभापति र पछि मुख्यमन्त्री बनाएको थियो ।

जेन-जी आन्दोलनको क्रममा जनमतका केन्द्रीय अध्यक्ष डा. सिके राउतको निर्देशनमा उनले फेसबुकबाट राजीनामा दिएका थिए । तर, पछि कुरा फेरेपछि जनमतले नै समर्थन फिर्ता लिएपछि विवादित बनेका थिए । त्यसवेलादेखि पार्टीभित्र उनको कुरा मिलेको थिएन । सिंह ०७४ देखि ०७९ सम्म सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको अध्यक्ष थिए ।

यस्तै, मधेशका निवर्तमान सभामुख रामचन्द्र मण्डलले सांसद पदबाट राजीनामा दिएका छन् । उनले सभामुखलाई राजीनामापत्र बुझाएका हुन् । एमाले केन्द्रीय सदस्यसमेत रहेका मण्डल धनुषा १ बाट उम्मेदवार बन्दै छन् । नेपाली कम्युनिस्ट पार्टीका सांसद रहबर अन्सारीले पदबाट राजीनामा दिएका छन् । अन्सारी सोमबार रास्वपा प्रवेश गरे । उनी बारा ४ बाट प्रतिनिधिसभा उम्मेदवार बन्ने भएका छन् ।

महोत्तरी १ (ख)का सांसद भरत साहले राजीनामा दिएका छन् । तत्कालीन माओवादीबाट चुनाव जितेका साह प्रतिनिधिसभा चुनाव लड्न भन्दै प्रदेश सभामुख रामअशिष यादवलाई राजीनामा बुझाएका छन् । उनले नेकपाबाट महोत्तरी ४ मा टिकट पाएका छन् ।

लुम्बिनी प्रदेशका तीन सांसदले राजीनामा दिएका छन् । प्रतिनिधिसभा सदस्यमा उम्मेदवार बन्न उनीहरूले राजीनामा दिएका हुन् । राजीनामा दिनेमा लोसपा, नागरिक उन्मुक्ति पार्टी र नेकपाका छन् । रुपन्देही ४ (क) मा तत्कालीन लोसपाबाट निर्वाचित कन्हैया बानियाँले राजीनामा दिएका छन् । उनलाई रास्वपाले रुपन्देही ४ मा टिकट दिएको छ ।

यस्तै, नागरिक उन्मुक्तिका धर्मबहादुर चौधरीले राजीनामा दिएका छन् । बर्दिया २ (ख)बाट चुनाव जितेका उनलाई उज्यालो नेपाल पार्टीले बर्दिया २ मा प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाएको छ । यस्तै, नेकपाका सांसद धनबहादुर मास्कीले पनि पदबाट राजीनामा दिएका छन् । दाङ ३ (ख)बाट चुनाव जितेका मास्कीलाई नेकपाले दाङ ३ मा उम्मेदवार बनाएको छ ।

सुदूरपश्चिम प्रदेश सभा सदस्य डा. तारा जोशीले पदबाट राजीनामा दिएका छन् । जोशी रास्वपाबाट डडेल्धुराबाट चुनाव लड्दै छन् । सुदूरपश्चिम प्रदेश सभाका साभमुख भीमबहादुर भण्डारीले जोशीको राजीनामापत्र आएको बताए । जोशी डडेल्धुरा (२)बाट स्वतन्त्र उम्मेदवारी दिएर गत चुनावमा प्रदेश सभा सदस्यमा निर्वाचित भएका थिए । हालै उज्यालो नेपाल पार्टीमा जोडिएका जोशी उज्यालो र रास्वपाबिचको एकता टुटेपछि रास्वपामै रहेका थिए । कांग्रेस निवर्तमान सभापति शेरबहादुर देउवाको गृहजिल्ला डडेल्धुरामा एमालेले चक्रप्रसाद स्नेही र नेपाली कम्युनिस्ट पार्टीले मानसिंह माललाई उम्मेदवार बनाएका छन् । कांग्रेसले भने सोमबार रातिसम्म उम्मेदवारको टुंगो लगाइसकेको छैन । डडेल्धुरामा देउवाले ०४८ सालयताका हरेक संसदीय चुनाव जित्दै आएका छन् ।

■ स्थानीय तहका जनप्रतिनिधि पनि मैदानमा


बालेन्द्र शाह


रेनु दाहाल


हर्कराज राई


कमरुद्दिन राई


रामलाल डगौरा


अस्मिता थापा

स्थानीय तहका जनप्रतिनिधि पनि संघीय चुनावमा होमिएका छन् । देशका विभिन्न स्थानीय तहका प्रमुख, उपप्रमुख र वडाध्यक्षले पदबाट राजीनामा दिँदै प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका छन् । जसमा काठमाडौं महानगर प्रमुख बालेन्द्र शाह बालेन, भरतपुर महानगर प्रमुख रेनु दाहाल, धरान उपमहानगर प्रमुख हर्कराज साम्पाङ राईलगायत छन् । बालेन र राईले आइतबार नै पदबाट राजीनामा दिएका छन् । दाहालले मंगलबार उम्मेदवारी दर्ता गर्नेबेला राजीनामा दिने भएकी छन् । बालेन प्रतिनिधिसभा निर्वाचनमा झापा ५ मा रास्वपाबाट उम्मेदवार बन्दैछन् । दाहाललाई नेकपाले चितवन ३ बाट उम्मेदवार बनाएको छ । धरान उपमहानगर प्रमुख ०७९ को स्थानीय निर्वाचनमा स्वतन्त्रबाट निर्वाचित भएका थिए । श्रम संस्कृति पार्टीका अध्यक्ष राई सुनसरी १ बाट उम्मेदवारी बन्दै छन् ।

नेपालगन्ज उपमहानगरपालिकाका उपप्रमुख कमरुद्दिन राईले पदबाट राजीनामा दिएका छन् । प्रतिनिधिसभा निर्वाचनमा बाँके २ बाट उम्मेदवारी दिन उनले राजीनामा दिएका हुन् । त्यस्तै, कैलाली १ मा नेपाली कम्युनिस्ट पार्टीबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्न टीकापुर नगरपालिकाका प्रमुख रामलाल डगौरा थारूले पदबाट सोमबार राजीनामा दिएका छन् । इलामको सूर्योदय नगरपालिका प्रमुख प्रतिनिधिसभाको उम्मेदवार बन्दैछन् । उनलाई नेकपाले इलाम १ बाट उम्मेदवार बनाउने भएको छ । ओखलढुंगाको लिखु गाउँपालिकाकी उपाध्यक्ष अस्मिता थापाले पदबाट राजीनामा दिएकी छिन् । उनलाई एमालेले ओखलढुंगाबाट उम्मेदवार बनाएको छ । उदयपुरको लिम्चुङबुङ गाउँपालिकाका अध्यक्ष मेजरकुमार राई राजीनामा दिएर प्रतिनिधिसभा सदस्य उठ्ने भएका छन् । उनले उदयपुर २ बाट स्वतन्त्र उम्मेदवारीको घोषणा गरेका छन् ।

संक्षेप

दुर्गा प्रसाईं फेरि पक्राउ

काठमाडौं/ राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति बचाउ महाअभियानका संयोजक एवं मेडिकल व्यवसायी दुर्गा प्रसाईं पक्राउ परेका छन् । गलत सूचना फैलाएको आरोपमा उनलाई नेपाल प्रहरीको साइबर ब्युरोबाट खटिएका प्रहरी टोलीले पोखराबाट पक्राउ गरेको हो । निर्वाचन आयोगले उनीविरुद्ध आइतबार ब्युरोमा उजुरी दिएको थियो । सामाजिक सञ्जालमार्फत भ्रामक सूचना फैलाउने कार्यमा संलग्न भएको भन्दै आयोगले उनीविरुद्ध उजुरी दिएको थियो । सोही उजुरीका आधारमा उनी पक्राउ परेका हुन् । अनुसन्धानका लागि उनलाई भोटाहिटीस्थित ब्युरोको हिरासतमा राखिएको छ । विशेष महाधिवेशन पक्षधर गगन थापालाई कांग्रेसको अधिकारिक मान्यता दिने क्रममा ५२ करोड रुपैयाँको चलखेल भएको भन्दै प्रसाईंले भ्रामक सूचना फैलाएको आयोगको दाबी छ । आयोगका प्रवक्ता नारायण भट्टराईले प्रसाईंविरुद्ध साइबर ब्युरोमा उजुरी दिएको बताए । कांग्रेसको आधिकारिता टुंग्याउने विषयमा रकम लेनदेन भएको भन्दै उनले फैलाएको भिडियो सम्बन्धमा आयोगले आइतबार बैठक नै राखेको थियो । छलफलपछि प्रसाईंविरुद्ध उजरी दिन बैठकले निर्णय गरेको थियो । सोही निर्णयपछि आयोगले ब्युरोमा उजुरी दिएको हो । जिल्ला प्रहरी परिसर काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन भनी पत्र पठाएपछि उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता एवं सूचना अधिकारी हरिबहादुर बस्नेतले जानकारी दिए ।

मनाइयो १९औं बलिदानी दिवस

लहान/ १९औं बलिदानी दिवस मनाइएको छ । मधेश विद्रोहको स्मरण गर्दै हरेक ५ माघमा बलिदानी दिवस मनाउने गरिन्छ । सोमबार राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, जसपा नेपाललगायत दलले बलिदानी दिवस मनाएका छन् । १ माघ ०६३ मा जारी भएको अन्तरिम संविधानमा मधेश र मधेशीको उपेक्षा तथा संघीयता नराखिएको भन्दै तत्कालीन मधेशी जनअधिकार फोरम नेपालको आह्वानमा संघीयता, जनसंख्याको आधारमा समानुपातिक सहभागितालगायतको माग गर्दै लहानसहित विभिन्न जिल्लाबाट आन्दोलन सुरु भएको थियो । आन्दोलनमा लहानमा ५ माघमा विद्यार्थी रमेशकुमार महतो मारिएपछि विद्रोहमा परिणत भएको थियो । विद्रोहका क्रममा महतोसहित लहान-१५ ढोढना मोहनपुरका बेचन यादव, लहान-४ का विजय सहनी, सखुवानन्कारकट्टी गाउँपालिका-३ मिर्जापुरका प्रमोद सदाय र ५ महेशबारीका मोहम्मद अनिश सहिद भएका थिए ।

आठ जिल्लाका एसपी फेरिए

काठमाडौं/ प्रहरी प्रधान कार्यालयले ४८ जना एसपीको सरुवा गरेको छ । सरुवामा आठ जिल्लाका प्रमुख बदली भएका छन् । चुनावलाई लक्षित गरी एसपीको सरुवा भएको हो । सरुवामा झापामा एसपी वसुन्धरा खड्कालाई पठाइएको छ। त्यहाँ राजन लिम्बू कार्यरत थिए। लिम्बू एमाले अध्यक्ष केपी शर्मा ओलीका पूर्वपिएसओ हुन्। जसकारण उनले निर्वाचनमा निष्पक्ष भूमिका खेल्न नसक्ने विश्लेषणका आधारमा उनको सरुवा भएको स्रोत बताउँछ । रुपन्देहीमा जनकबहादुर शाहीलाई पठाइएको छ । मकवानपुरमा श्याम खत्री, इलाममा कुलदीप चन्द, सिराहामा वासुदेव पाठक, रौतहटमा सीताराम रिजाल, नुवाकोटमा विपिन रेग्मीको सरुवा भएको छ । यसअघि धनुषामा काज भएका रुगम रेग्मी, बाराका नरेन्द्र कुँवर तथा धादिङका सुमित खड्काको त्यहीं दरबन्दी भएको छ ।

बालिका हत्या आरोपी १९ वर्षपछि पक्राउ

लहान/ प्रेम प्रस्ताव अस्वीकार गरेकी करिब १६ वर्षीया बालिका हत्यामा संलग्न भई फरार रहेका आरोपीलाई प्रहरीले १९ वर्षपछि पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार साबिक बेलहा गाविस- ७ (हाल कल्याणपुर नगरपालिका)की बालिकालाई १३ मंसिर ०६३ मा घाँटी थिचेर हत्या गरी फरार रहेका करिब ४९ वर्षीय उत्तिम मुखियालाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालयका अनुसार मुखियालाई खोजतलासको क्रममा शुक्रबार घरमै लुकिछिपी बसिरहेको अवस्थामा पक्राउ गरिएको हो । सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार अनुसन्धानको क्रममा बालिकालाई फकाइफुल्याई मायाप्रेमको कुरा गर्दै प्रेम प्रस्ताव राखेको, तर बालिकाले अस्वीकार गरेपछि मुखिया सल र हातले घाँटी थिची हत्या गरेर फरार भएका थिए । हत्यापछि भारतमा लुकिछिपी बस्दै आएका उनलाई गाउँ आएको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले पक्राउ गरेको प्रहरीले जनाएको छ ।

■ मनाइयो सोनाम ल्होसार



सोनाम ल्होसार मनाउन सोमबार काठमाडौंको टुँडिखेलमा तामाङ पहिरनमा सजिएका युवती । ड्रागन वर्षको बिदाइ गरी सोमबारदेखि घोडा वर्ष सुरु भएको छ । प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका दिन सोनाम ल्होसार मनाइन्छ । **तस्बिर : अमुल थापा**/नयाँ पत्रिका

भ्रष्टाचार मुद्दामा बिमा प्राधिकरणका पूर्वअध्यक्ष सिलवाललाई सफाइ

काठमाडौं/ विशेष अदालतले भ्रष्टाचार मुद्दामा बिमा प्राधिकरणका पूर्वअध्यक्ष सूर्यप्रसाद सिलवाललाई सफाइ दिएको छ । अवकाशको जानकारी नदिएको विषयलाई आधार बनाएर उनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको थियो । फैसलाको पूर्णपाठअनुसार उनले लिएकै दाबीअनुसारका आधारमा विशेष अदालतले सफाइ दिएको हो ।


सिलवाल

'प्रतिवादी सूर्यप्रसाद सिलवालको उमेरहदका कारण निज मिति २०८०।०४।१५ बाट बिमा प्राधिकरणको अध्यक्ष पदमा बहाल रहन नसक्ने भनी आरोप दाबी लिएकोमा निजलाई अवकाश हुने जानकारी नदिएको र सो अवधिपश्चात् मिति २०८०।०५।०७ र मिति २०८१।०७।२० मा अर्थ मन्त्रालयबाट प्रतिवादीलाई अध्यक्षको हैसियतले वैदेशिक भ्रमणका निमित्त मनोनयन गरी पत्राचारसमेत गरेको देखिँदा प्रतिवादीउपरको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ को आरोप दाबी पुग्न सक्ने देखिएन,' फैसलामा छ, '...निजले बिमा प्राधिकरणको अध्यक्ष पदमा नियुक्ति लिन वा सो पदमा बहाल रहन वा सुविधा पाउने उद्देश्यले झुटो विवरण वा प्रमाणपत्र पेस गरेको भन्ने देखिन नआएकाले ऐ. ऐनको दफा १६ को आरोप दाबीसमेत पुग्न सक्ने देखिएन ।'

विशेषका सदस्यहरू तेजनारायण सिंह राई, रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठको इजलासले गत वर्ष १९ फागुनमा यस्तो फैसला गरेकोमा यस वर्ष भदौमा मात्र फैसला प्रमाणीकरण भएको हो । नपाएको ओहदा पाएँ भन्ने र झुटो विवरण दिई भ्रष्टाचार गरेको भनी दुई अभियोग सिलवालउपर थियो । सिलवालले १५ साउन ०७३ देखि ५८ वर्षे उमेरहदका कारण सचिव पदबाट अवकाश पाएका थिए । ०१५ को जन्ममिति भएको अभिलेख निजामती किताबखानामा थियो भने राष्ट्रिय परिचयपत्रका लागि उनले २०१६ कात्तिकको जन्ममिति पेस गरेका थिए ।

सुदूरपश्चिमका ६ सय युवालाई सीपमूलक तालिम दिँदै धनगढी उपमहानगर

धनगढीमा **तेजराज भट्ट**

धनगढी उपमहानगरपालिकाले सुदूरपश्चिम प्रदेशका ६ सय युवालाई सीपमूलक तालिम दिन लागेको छ । उपमहानगरको आयोजनामा धनगढीमा सोमबारबाट सीप तथा रोजगार मेला सुरु भएको छ । बेरोजगार युवायुवतीलाई सीप सिकाएर स्वरोजगार बनाउने उद्देश्यले सुरु गरिएको तालिम एक महिनासम्म सञ्चालन हुनेछ ।

उपमहानगरले धनगढीको खुला मञ्चमा टेन्ट लगाएर तालिम सञ्चालन गरिरहेको छ । तालिम लिन सुदूरपश्चिमका विभिन्न जिल्लाका ८३ वटा पालिकाबाट १८ देखि ४० वर्ष उमेरका ६ सय युवायुवती छनोट भएका छन् । त्यसमध्ये महिलाको संख्या आधाभन्दा बढी रहेको उपमहानगरले जनाएको छ । सातवटा क्षेत्रमा २२ प्रकारका तालिम दिइन उपमहानगरको रोजगार शाखाका संयोजक चन्द्र महराले जानकारी दिए ।

कार, मोटरसाइकल, स्कुटर मर्मत, फर्निचर, प्लम्बिङ, वाइरिङ, वेटर, बेकरी, डिजिटल मार्केटिङ, मोबाइल मर्मत, फोटोग्राफी, पुरोहित, ब्युटिसियन, बुटिक तथा कडाइ, सांस्कृतिक पोसाक निर्माण, हस्तकला सामग्री निर्माण, वेल्डिङलगायत तालिम सञ्चालन भइरहेका छन् । युवा बेरोजगारीको समस्या र सीप अभावलाई सम्बोधन गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको महराले बताए ।

तालिम लिएकाहरू आन्तरिक श्रमबजारमा रोजगार बन्न सक्ने तथा उद्यम व्यवसाय गरेर स्वरोजगार बन्न सक्ने अपेक्षा गरिएको छ । उपमहानगरले गत वर्ष पनि रोजगार मेला सञ्चालन गरेको थियो । संयोजक महरका अनुसार गत वर्ष एक हजार ४० जनालाई तालिम दिइएकोमा तालिम लिएका आधाभन्दा बढी रोजगार तथा उद्यम व्यवसायमा संलग्न छन् ।



धनगढी उपमहानगरपालिकाले आयोजना गरेको सीपमूलक तालिमका सहभागी

एक महिनासम्म तालिम दिएपछि रोजगार तथा उद्यम व्यवसाय गर्न चाहने प्रशिक्षार्थीका लागि पाँच दिन व्यवसाय सुरुवात तथा उद्यमशीलता विकास तालिम सञ्चालन गरिनेछ । रोजगारमा जान चाहनेका लागि पाँच दिन नै रोजगार परामर्श कार्यशाला सञ्चालन गर्ने उपमहानगरको तयारी छ । अन्तिममा प्रशिक्षार्थी र रोजगारदाताबिच दुईदिने रोजगार मेलासमेत सञ्चालन गरिने रोजगार संयोजक महराले जानकारी दिए ।

धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमालले जनशक्तिको माग र रोजगारी, स्वरोजगारीको सुनिश्चितता हेरेर तालिमका विषय निर्धारण गरिएको बताए । विभिन्न तहका सरकारले बर्सेनि तालिम सञ्चालन गरे पनि उपलब्धि नदेखिएको उल्लेख गर्दै उनले बजारको आवश्यकता हेरेर तालिमलाई परिणामुखी बनाउन खोजिएको बताए ।

'बजारको माग के छ, कहाँ के जनशक्ति आवश्यक छ भनेर तालिम निर्धारण गरिएको छ,' उनले भने, 'तालिम दिएर जनशक्तिलाई बजारसँग जोड्नै भनेर प्रयास गरेका हौं ।' सीप सिकाउने, रोजगार, स्वरोजगारको पहल गर्ने र उत्पादनलाई बजारीकरण गरी नागरिकलाई स्वरोजगार बनाउन मिलेर काम गर्नुपर्ने उनले बताए । धनगढीले गत वर्षबाट सुरु गरेको सीप तथा रोजगार मेलालाई आगामी वर्षहरूमा यहाँका सबै पालिका मिलेर साझा रूपमा सञ्चालन गर्न उनले प्रस्ताव गरे ।

मेलाको उद्घाटन गर्दै श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले युवालाई श्रमसँग नजोड्दासम्म मुलुकको विकास हुन नसक्ने धारणा राखे । श्रमप्रति हेर्ने दृष्टिकोण राम्रो नभएको र युवाहरूमा श्रमलाई लाजको रूपमा हेर्ने मनोवृत्ति रहेको उनको भनाइ थियो । 'अहिले मुलुकको मूलभूत समस्या भनेको हामीले यहाँको जनलाई जनशक्तिमा रूपान्तरण गर्न सकेनौं । जनशक्ति बाहिर गयो,' मन्त्री भण्डारीले भने, 'मान्छे यहाँ किन बस्न सक्दैन । यहाँ बस्न सम्भव छैन भन्ने मनोभावनामा किन असर पऱ्यो ? लोकतन्त्र स्थापनाको यतिका वर्षसम्म पनि युवामा भएको प्रचुर ऊर्जा प्रयोग गर्ने वातावरण हामीले किन बनाउन सकेनौं ?' युवाहरूको उकुसमुकुस र छटपटीको विस्फोटका रूपमा जेन-जी आन्दोलन भएको मन्त्री भण्डारीले बताए ।

बझाङको जयपृथ्वी नगरपालिकाका प्रमुख चेतराज बजाल र डडेल्धुराको अजयमेरु गाउँपालिकाका अध्यक्ष उमेशप्रसाद भट्टले बेरोजगार युवा जनशक्तिलाई सीपमूलक तालिममार्फत रोजगार र स्वरोजगारसँग जोड्न तीनै तहका सरकार मिलेर काम गर्नुपर्ने बताए । उपमहानगरले गत वर्षबाट सीप तथा रोजगार मेला सुरुवात गरेको हो ।

न्यायिक सक्रियता र सामाजिक न्यायको प्रश्न


बलियो कानुनी तथा संवैधानिक व्यवस्थाका बाबजुद भेदभावजस्ता समस्याका पहाड अझै भत्किन सकेका छैनन्





● विष्णुचन्द्र नेपाली ● जीवेश झा

अग्रलेख



पूर्वकालदेखि नै नेपाली जटिल जातीय संरचना र वर्ण व्यवस्थामा आधारित रहँदै आएको देखिन्छ। शताब्दीऔँदेखि नागरिक समाजलाई तथाकथित 'माथिल्लो' र 'तल्लो' जातिमा विभाजन गरी विभेदपूर्ण व्यवहार र सामाजिक वञ्चनाको एउटा लामो र निर्मम शृंखला चलाइयो, जसको अवशेष अद्यापि कायमै देखिन्छ।

मानिसको जन्मकै आधारमा उसको सामाजिक हैसियत, शिक्षाको अधिकार र पेसा निर्धारण गरिने यो व्यवस्थाले समाजको ठुलो हिस्सालाई विकासको मूल प्रवाहबाट टाढा राख्यो। यद्यपि समयक्रममा राजनीतिक व्यवस्थाहरू बदलिए, तर सामाजिक संरचनामा जरा गाडेर बसेको यो कुरीति पूर्ण रूपमा अझै निर्मूल हुन सकेको छैन।

■ कानुनी प्रयास र संवैधानिक प्रत्याभूति

नेपालमा जातीय विभेदलाई कानुनी रूपमा दण्डनीय बनाउने प्रयास २०२० सालमा जारी भएको मुलुकी ऐनबाटै सुरु भएको थियो। त्यसपछि भएका हरेक राजनीतिक परिवर्तनले समानताका कुरा त गरे, तर व्यवहारमा परिवर्तन ल्याउन निकै कठिनाइ भयो।

२०४७ सालको राजनीतिक र संवैधानिक परिवर्तन तथा २०६२/६३ को जनआन्दोलनपछिका परिवर्तनले पनि वर्ण व्यवस्थामा आधारित परम्परागत समाजमा पूर्ण रूपले न्यायोचित वातावरण कायम गर्न सकेका छैनन्। पुराना कानुनका थुप्रै विभेदकारी अवशेष अद्यापि छिटपुट रूपमा कायमै रहेका भेटिन्छन्।

नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामै स्पष्ट भनिएको थियो- 'नेपाली जनतालाई सामाजिक, राजनीतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस्।' संविधानको धारा ११ मा समानताको हकलाई मूलभूत मौलिक हकका रूपमा व्यवस्थित गरियो। जसले सबै नागरिक कानुनका दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति दियो।

विशेषगरी, धारा ११ को उपधारा (४) मा 'कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराको प्रयोग गर्नबाट वञ्चित गरिनेछैन' भनिएको थियो। यति हुँदाहुँदै पनि राज्यका कतिपय नीति र विनियममा विभेदका छिद्र बाँकी नै थिए, जसलाई सर्वोच्च अदालतले विभिन्न समयमा सच्याउने काम गरेको छ।

■ तीनधारा संस्कृत छात्रावास : शैक्षिक विभेदविरुद्धको प्रहार

जातीय विभेद र शैक्षिक अधिकारका सन्दर्भमा २०६२ साल माघ ६ गते सर्वोच्च अदालतले गरेको एउटा फैसला (ने.का.प. २०६२, निर्णय नं. ७६०३) ऐतिहासिक छ। दलित गैरसरकारी संस्था महासंघका अध्यक्ष डिलबहादुर विश्वकर्मासमेत विरुद्ध नेपाल सरकार भएको उक्त मुद्दामा तीनधारा संस्कृत छात्रावाससम्बन्धी विनियम, २०४८ को एउटा प्रावधानलाई चुनौती दिइएको थियो।

उक्त विनियमको १४.८.६ (ख) मा छात्रावास प्रवेशका लागि 'व्रतबन्ध गरेको र २४ वर्ष ननाघेको वटुक हुनुपर्ने' सर्त राखिएको थियो। यो व्यवस्थाले प्रत्यक्ष रूपमा दलित, महिला र जनजातिलाई संस्कृत पढ्न र छात्रावासमा बस्नबाट वञ्चित गरेको थियो। किनकि, परम्परागत वर्ण व्यवस्थाअनुसार दलित र महिलाको 'व्रतबन्ध' गर्ने संस्कार हुँदैन। सर्वोच्च अदालतले यस विषयमा निकै गम्भीर व्याख्या गऱ्यो।

अदालतले भन्यो, 'छात्रावासको सुविधा पाउनु र नपाउनुको प्रत्यक्ष सम्बन्ध विद्यार्थीको शैक्षिक उपलब्धिसँग गाँसिएको हुन्छ। यदि एउटा वर्गले मात्र यो सुविधा पाउँछ भने अर्को वर्ग शैक्षिक अवसरको उच्चतम प्रयोग गर्नबाट वञ्चित हुन्छ।' राज्यको सार्वजनिक कोषबाट चल्ने र महेन्द्र संस्कृत विश्वविद्यालयजस्तो सार्वजनिक निकायले सञ्चालन गर्ने संस्थामा 'परम्परा र मर्यादा'का नाममा कुनै खास वर्गलाई मात्र प्रवेश दिनु संविधानको धारा ११ विपरीतको स्वेच्छाचारी कदम हो। अदालतले उक्त विभेदकारी विनियमलाई अमान्य र बदर घोषित गर्दै सबै जातजातिका लागि छात्रावासको ढोका खोलिदियो। यसले 'परम्परा'का नाममा हुने संस्थागत विभेदलाई ठुलो धक्का दियो।

■ वेद विद्याश्रम : ज्ञानमा सबैको अधिकार

जातीय वञ्चनाको अर्को उदाहरण नेपाल वेद विद्याश्रममा पनि देखियो। २०६६ सालमा अधिवक्ता मोहन साशंकरले दायर गरेको रिटमा सर्वोच्च अदालतले पुनः अर्को महत्त्वपूर्ण फैसला (ने.का.प. २०६७, निर्णय नं. ८३७९) सुनायो। वेद विद्याश्रममा भर्ना हुनका लागि केवल 'उपाध्याय ब्राह्मण' हुनुपर्ने र उपनयन संस्कार भएको हुनुपर्ने प्रावधान थियो।

विपक्षीहरूले यो संस्था 'विशुद्ध गुठी'का स्वरूपमा रहेको र ब्राह्मणहरूको परम्परा जोगाउन स्थापना गरिएको तर्क दिएका थिए। तर, अदालतले यो तर्कलाई स्वीकार गरेन। पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ बमोजिम राज्यको निकायअन्तर्गत सञ्चालित संस्थामा कुनै एक जात विशेषको मात्र 'धरोहर' भनी अन्यलाई निषेध गर्न पाइँदैन। ब्राह्मण जातिलाई मात्र वेद पढ्ने अधिकार रहन्छ भन्ने नेपाली समाजमा लामो समयदेखि जरा गाडेर बसेको कुरीतिविरुद्ध यो आदेशले एउटा दरिलो सवक सिकायो। ज्ञानको स्रोत मानिने वेद र संस्कृत शिक्षामा कसैको जन्मसिद्ध एकाधिकार हुन सक्दैन भन्ने सन्देश यसले दियो।

> मानिसको जन्मकै आधारमा उसको सामाजिक हैसियत, शिक्षाको अधिकार र पेसा निर्धारण गरिने यो व्यवस्थाले समाजको ठुलो हिस्सालाई विकासको मूल प्रवाहबाट टाढा राख्दै आएको छ

■ अन्तर्राष्ट्रिय प्रतिबद्धता र राज्यको दायित्व

नेपालले अन्तर्राष्ट्रियस्तरमा पनि जातीय विभेदविरुद्ध कडा प्रतिबद्धता व्यक्त गरेको छ। सन् १९६५ को 'सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि' (आइसिइआरडी) र सन् १९७९ को 'महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि' (सिइडिएडब्लु) लाई नेपालले अनुमोदन गरिसकेको छ।

नेपाल सन्धि ऐन, २०४७ को दफा ९ मा स्पष्ट व्यवस्था छ कि 'नेपाल पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ।' यी महासन्धिले जात, वर्ण, लिंग वा सामाजिक उत्पत्तिका आधारमा गरिने कुनै पनि भेदभावलाई निषेध गरेका छन्। राज्यले केवल विभेद नगर्ने मात्र होइन, बरु पछाडि पारिएका समुदायको उत्थानका लागि 'विशेष संरक्षण' दिनुपर्ने दायित्व पनि बोकेको छ।

■ संवैधानिक नीति र निर्देशक सिद्धान्त

संविधानले राज्यका निर्देशक सिद्धान्तमार्फत न्यायपूर्ण र खुला समाजको परिकल्पना गरेको छ। नेपालको वर्तमान संविधानको धारा २५ र २६ ले राज्यका सामाजिक उद्देश्य र नीति स्पष्ट पारेका छन्। जसमा भनिएको छ- 'सबै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा र सम्प्रदायबिच सामञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ।'

शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष व्यवस्था गरी पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नुपर्ने संवैधानिक निर्देशन छ। तर, जब राज्यकै कतिपय नियमले यी सिद्धान्तलाई कुल्चिन्छन्, तब न्यायपालिकाको हस्तक्षेप अनिवार्य हुन जान्छ। उल्लिखित दुई फैसलाले यही संवैधानिक मर्मलाई जीवित राख्ने काम गरेका छन्।

प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा सम्मान हुने गरी सिद्धान्तलाई आत्मसात् गर्दै पेसा, जातजाति, वंश वा समुदायका आधारमा कोही कसैलाई सामाजिक छुवाछुत तथा भेदभावको कार्यलाई कसुरजन्य करार गर्नका लागि नेपाल सरकारले विशेष ऐनका रूपमा रहेको जातीय तथा अन्य छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ नै तर्जुमा गरेको अवस्था छ। राष्ट्रिय दलित आयोगको व्यवस्था संविधानमै छ। कानुनी तथा संवैधानिक व्यवस्थाका बाबजुद भेदभावजस्ता समस्याका पहाड अझै भत्किन सकेको अवस्था छैन।

■ अझै बाँकी छन् चुनौती

अदालतले कानुनी रूपमा विभेदका पर्खालहरू ढाल्दै गए पनि सामाजिक र सांस्कृतिक क्षेत्रमा अझै धेरै काम गर्न बाँकी छ। हिन्दु धर्मका अनुयायीको बाहुल्य रहेको नेपाली समाजमा परम्परागत मान्यता यति गहिरा छन् कि कानुनी आदेशले मात्रै ती पूर्ण रूपमा हट्न सकेका छैनन्।

दलित समुदायले अझै पनि मन्दिर प्रवेश, खानेपानीका मुहान, कोठाभाडा पाउन कठिनाइ, दलितलाई समानस्तरका नागरिक नै नसम्झिने परिपाटी र सार्वजनिक भोजभतेरमा अपमान व्यहोर्नुपरिरहेका समाचार दैनिकजसो आउने गर्छन्। मधेशी मूलका दलित नागरिकको पीडा त झन् दर्दनाक छ। एक त मधेशी, अर्को दलित, दोहोरा मारमा परेका छन् उनीहरू। राज्यले विशेष संरक्षण दिनुपर्ने वर्ग अझै पनि शैक्षिक र आर्थिक दृष्टिले पछाडि छन्। संविधानमा लेखिएका अधिकारलाई व्यवहारमा उतार्नका लागि केवल कानुन मात्र पर्याप्त छैन, यसका लागि व्यापक सामाजिक चेतना र राज्यको दृढ इच्छाशक्ति आवश्यक छ।

■ अबको बाटो

जातीय विभेद एउटा यस्तो सामाजिक अपराध हो, जसले मानिसको आत्मसम्मानमा मात्र चोट पुऱ्याउँदैन, बरु सिंगो राष्ट्रको विकासलाई नै अवरुद्ध पार्छ। अबको आवश्यकता भनेको यी न्यायिक नजिरको पूर्ण कार्यान्वयन हो। जबसम्म हरेक नागरिकले आफूलाई जात वा धर्मका आधारमा नभई 'मानव' र 'नेपाली'का रूपमा समान महसुस गर्दैन, तबसम्म लोकतन्त्रको वास्तविक फल प्राप्त हुन सक्दैन।

हामीले एउटा यस्तो समाज निर्माण गर्नु छ, जहाँ कसैको जन्मले उसको क्षमता र अवसरलाई सीमित नगरोस्। न्यायिक सक्रियताले देखाएको यो समावेशी बाटोमा हिँड्नु नै आधुनिक नेपालको पहिलो कर्तव्य हो।

(लेखकद्वय कानुनका अध्येता हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **डम्बर खतिवडा**लाई



बालेन्द्र शाहको जनकपुरको आमसभालाई कसरी हेर्नुभएको छ ?

पछिल्लो समय नेपाली राजनीतिक ध्रुवीकरण बढेको देखिन्छ। यसमा एकातिर पुराना र स्थापित भनिएका दलहरू यथास्थितिमै रमाइरहेको अवस्था छ भने अर्कातिर वैकल्पिक भनिएका नयाँ दल आआफ्नो लोकप्रियतामा रमाइरहेको देखिन्छ। यद्यपि, यसबाट विकल्प खोज्न पाउने जनताको अधिकारमा कसैले प्रश्न उठाउन मिल्दैन। तर, यी दुवैले समाधान दिन सक्दैनन्। विगतमा २०६४ को निर्वाचनमा माओवादीको पक्षमा पनि यस्तै लहर आएको थियो। २०७४ को निर्वाचनमा भारतसितको विवाद र केपी ओलीका अभिव्यक्तिले 'राष्ट्रवाद'को लहर ल्याएको पनि देखिएकै हो। तर, त्यसबाट देशले कुनै निकास पाउन सकेन। त्यसैले, अहिले रास्वपा र बालेन्द्र शाहको अभियानले पनि कस्तो परिणाम ल्याउँछ, त्यो हेर्न केही समय धैर्य गर्नैपर्छ।

मधेशको छोरोलाई निर्वाचनअगाडि नै प्रधानमन्त्रीको उम्मेदवार घोषित गरेर जाँदा मधेशमा कस्तो प्रभाव पर्ला ?

बालेन्द्र शाहले काठमाडौं महानगरको निर्वाचन लड्दै गर्दा आफूलाई मधेशको छोरो भन्नुभएन। यहाँ निर्वाचनको प्रचारप्रसार गर्दा गम्छा भिर्नुभएन। मैथिली बोल्नुभएन। त्यसैले, अहिले मधेशमा जाँदा उहाँले मैथिली बोल्नु, धोती, गम्छा पहिरिनु प्रियतावादकै अर्को उदाहरण हो। तर, यसले भन्दा पनि भविष्यमा उहाँले कस्तो भूमिका निर्वाह गर्नुहुन्छ, निर्वाचन जितेर आएमा देश र जनताका पक्षमा कस्तो काम गर्नुहुन्छ, त्यसबाट मात्र उहाँको वास्तविक पहिचान खुल्नेछ।

मधेशका दलहरूले आशा जगाउन नसकिरहेको समयमा यसले मधेशी नागरिकमा आशा जगाउला त ?


दलहरूलाई मधेशी, हिमाली या पहाडी भनेर कित्ताकाट गर्नु नै गलत हो। यहाँ कुन र कहाँ केन्द्रित दलले चाहिँ जनतामा आशा जगाउन सकिरहेका थिए र ? आखिर जनतामा त्यही आशा जगाउन नसकेकाले त हो जेन-जी आन्दोलन भएको। जनकपुरमा नागरिकको उपस्थितिले आशा जागेको हो कि जस्तो देखिए पनि परिणाम हेर्न केही प्रतीक्षा गर्नैपर्छ।

प्रेरक प्रसंग

बालकको संस्कार

एउटा बालक सहरको भव्य भवनको घन्टी बजाइरहेको थियो। घरधनी महिलाले ढोका खोलेपछि बालकले हात जोड्दै भन्यो- अन्टी, म तपाईंको बर्गैंचा सफा गरिदिऊँ ? घरधनी महिलाले भनिन्- अहँ पर्दैन, हामी आफैं सफा गर्छौं। बालकले हात जोडेरै भन्यो- प्लिज अन्टी, म निकै राम्रोसँग सफा गर्छु, सफा गर्ने अनुमति दिनुहोस् न !

बालकको कुरा सुनेर मनमा दया पलाएपछि उनले सोधिन्- ठिक छ, तिमी सफा गर्न सक्छौ। तर, कति पैसा लिन्छौ नि ? बालकले भन्यो- मलाई पैसा चाहिँदैन, खाना दिनुभए हुन्छ। महिलालाई बालक निकै भोको रहेछ भन्ने लाग्यो। उनी किचनमा गइन् र उसका लागि खाना ल्याइदिइन् र भनिन्- ल बाबु, तिमी पहिला खाना खाऊ अनि काम गर। बालकले जवाफ दियो- पर्दैन अन्टी, पहिले म काम नै पूरा गर्छु।



करिब एक घन्टामा बालकले काम सिध्याएर महिलालाई काम देखायो। काम देखेर उनी निकै खुसी भइन्। उनले बालकलाई खाना ल्याइदिइन्। तर, बालकले खाना खानुको साटो झोलामा खन्याएर पोको पाऱ्यो। त्यो देखेपछि ती महिलाले उसलाई त्यसको कारण सोधिन्। बालकले जवाफ दियो- घरमा आमा निकै बिरामी हुनुहुन्छ। औषधि त सरकारी अस्पतालबाट निःशुल्क पाइयो। तर, औषधि खाली पेटमा खान मिल्दैन। बालकको कुरा सुनेपछि महिलाका आँखा रसाए। उनले आफ्नै हातले बालकलाई खाना खुवाइन्। उसकी आमाका लागि तात्तातो खाना तयार गरेर बालकसँगै उसको घर गइन्। बालककी आमासित भेटेर भनिन्- बहिनी तपाईंले आफ्नो सन्तानलाई जुन अमूल्य संस्कार दिनुभएको छ, त्यो हामीले आफ्ना सन्तानलाई दिन कहिल्यै सकेनौं। तपाईं धन्य हुनुहुन्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

खड्काको स्वागतयोग्य भनाइ

कांग्रेसका पूर्वसंस्थापन समूहका तर्फबाट पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले अदालतको निर्णय मान्य हुने र आफूहरूका लागि प्रतिकूल निर्णय आए पनि आफूहरूले रुख चिहन र कांग्रेसको चारतारे झन्डा नछाड्ने बताएको समाचार स्वागतयोग्य छ। अब उनले खुरुक्क अदालतमा पुगेको मुद्दा फिर्ता लिएर यो रडाकोबाट कांग्रेसलाई मुक्त गर्ने अभियान चलाउन सके भने उनको राजनीतिक जीवनको उत्तरार्धमा लागेको पार्टी फुटाएको कलंकबाट थोरै नै भए पनि उन्मुक्ति पाउने थिए। त्यसैले, खड्का र उनका सहयोगी नेताले अदालतमा मुद्दामामिला गर्न छाडेर खुरुक्क मुद्दा फिर्ता लिई विशेष महाधिवेशनबाट आएको नेतृत्वलाई स्विकारेर अघि बढेमा त्यसपछिको कांग्रेसले अहिले देशमा आउन लागेको राजनीतिक हुरी थेम्न सक्छ। अन्यथा, यो हुरीमा परेर कोको कसरी बेपत्ता हुने हुन्, यसै भन्न सकिन्न।

● **सुरञ्जना नायक**, धनुषाधाम, धनुषा

विश्वकर्माले ठिक प्रस्ताव गरे

कांग्रेसका निवर्तमान प्रचार विभाग प्रमुख मीन विश्वकर्माले आगामी निर्वाचनमा पूर्वसंस्थापन पक्ष र विशेष महाधिवेशनबाट आएको नेतृत्व पक्षले आपसमा मिलेर जानुपर्ने प्रस्ताव गरेका रहेछन्। उनको यो प्रस्ताव कांग्रेस पार्टी तथा उसका नेता-कार्यकर्ता सबैका लागि बिल्कुलै उचित छ। निर्वाचनको सम्मुखमा आएर यसरी विवाद बढाउनु कुनै पनि पार्टीका लागि शुभ संकेत होइन। यसमा कांग्रेसीजनको ध्यान जाओस्।

● **अविरल खत्री**, सल्लाघारी, भक्तपुर

शय्यासँगै गुणस्तर पनि सुधार

वीर अस्पतालले आकस्मिक कक्षमा २० शय्या थपेर ५५ शय्या पुऱ्याएको समाचार पढ्दा खुसी लाग्यो। खासगरी देशभरका सर्वसाधारण नागरिकको स्वास्थ्य सेवामा वर्षौंदेखि खट्दै आएको वीर अस्पताल देशकै जेठो र महत्त्वपूर्ण अस्पताल हो। त्यस्तो अस्पतालको आकस्मिक कक्षमा शय्या थप हुनु आफैंमा सकारात्मक त छँदै छ। साथैसाथै, अस्पतालले सरसफाइ र सेवाको गुणस्तरमा पनि सुधार गर्नुपर्ने देखिन्छ।

● **सुदीप स्याङ्तान**, पकनाजोल, काठमाडौं

देउवाले अब आराम गर्नुपर्छ

०५२ सालमा राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थनमा पहिलोपटक प्रधानमन्त्री बनेका देउवा अहिले ८२ वर्षको उमेरमा पार्टीको नेतृत्ववदायी भूमिकाबाट बाहिरिएका छन्। उनले जीवनकालमा राम्रा या नराम्रा के-के गरे, उनलाई थाहा छ। एउटा राजनीतिज्ञलाई सबभन्दा राम्रो अवसर सम्मानजनक बहिर्गमन हो। पाँचपटक प्रधानमन्त्री र दुईपटक पार्टी सभापति बन्नुले देउवाको राजनीतिक यात्रा सफल नै भएको मान्नुपर्छ। थोरै राजनीतिज्ञले मात्र यस्तो मौका पाउँछन्। अहिले ८२ वर्षको उमेरमा सक्रिय राजनीति गर्छु भन्नु नै गलत हो। कसले के भन्छ भन्दा पनि स्वविवेक प्रयोग गरेर समयको पदचापलाई बुझ्न देउवाले ढिलो गर्नुहुँदैन।

यतिखेर विशेष महाधिवेशनको परिणामलाई स्विकारेर सबै मिलेर आगामी निर्वाचनमा जाने तयारी गर्नु स्वयं देउवा र कांग्रेसका लागि लाभदायक हुने निश्चित छ। केही व्यक्तिले उचालेका भरमा देउवाजस्ता नेता उचालिनु उनी स्वयंका लागि हितकर छैन। उनले यतिखेर जसलाई आफ्ना शुभचिन्तक ठानिरहेका छन्, तिनैले उनलाई अप्ठ्यारो पर्दा के गरे ? त्यो जेन-जी आन्दोलनमा प्रस्ट देखेकै हुनुपर्छ। ताली बजाएर वाहवाही गर्दैमा उनीहरू सबै देउवाका खास सहयोगी नहुन सक्छन्, उनले विचार पुऱ्याऊन्।

अब देउवाले विश्राम लिएर पार्टीलाई एकढिक्का बनाई अभिभावक भएर बस्दा राम्रो सन्देश जान्छ समाजमा। नेपालको राजनीतिमा 'त्याग' हराउँदै गयो भनिरहँदा उनले उदाहरणीय काम गरेर देखाउन सक्नुपर्छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

नग्न फोटो प्रकरणमा उन्मुक्ति दिइनुहुँदैन 'एक्स'लाई

बालबच्चाको फोटोलाई समेत यौनजन्य बनाउने 'एआई' प्रयोगमा ल्याएकोमा एक्सलाई जवाफदेहिताबाट भाग्न दिनुहुँदैन

देश/विदेश



● वेन उङ्गर

डिसेम्बर २०२५ को अन्त्यदेखि सामाजिक सञ्जाल 'एक्स'को 'आर्टिफिसियल इन्टेलिजेन्स (एआई)' च्याटबट 'ग्रोक'ले प्रयोगकर्ताले अनुरोध गर्दा मानिसको तस्बिरलाई नग्न बनाउन थाल्यो। साँच्चिकैका मानिसको फोटोलाई समेत नांगो बनाउन थालेपछि यसको व्यापक विरोध सुरु भयो। अझ विचलित पार्ने कुरा, ग्रोकले नाबालिकको फोटोसमेत यौनजन्य रूपमा देखाउन थालेपछि विवाद झनै बढ्यो। केही देशले सहमतिविनै मानिसलाई यौनजन्य रूपमा प्रस्तुत गरेको विषयमा 'एक्स'माथि छानबिन नै सुरु गरेका छन्।

व्यापक आलोचनापछि एक्सको सञ्चालक कम्पनीले यस प्रकरणमा दोषी आफूहरू नभएर फोटोलाई नग्न बनाउन आग्रह गर्ने प्रयोगकर्ता भएको भन्दै पन्छिन खोज्यो। कम्पनीले जनवरी ३, २०२६ मा एक विज्ञप्ति जारी गर्दै भन्यो, 'ग्रोक च्याटबटलाई गैरकानुनी सामग्री बनाउन प्रयोग गर्नेहरूले त्यस्तो सामग्री अवैध रूपमा अपलोड गर्नेले जस्तै परिणाम भोग्नेछन्।' तथापि, 'एक्स'ले कुनै पनि प्रयोगकर्ताविरुद्ध के कारबाही भयो भन्ने खुलाएको छैन।

उदीयमान प्रविधि र कानुनको अन्तरसम्बन्धको अध्ययन गर्ने कानुनी विज्ञका रूपमा म यस प्रकरणमा 'एक्स'को उदार कन्टेन्ट मोडरेसन (सामग्रीमाथिको निगरानी) नीति र शक्तिशाली जेनेरेटिभ एआईमाथि आमनागरिकको पहुँचको संयोजन जिम्मेवार देख्छु। अहिले अनगिन्ती वेबसाइट, एप र च्याटबटले जेनेरेटिभ एआईको प्रयोगलाई द्रुत रूपमा अवलम्बन गरेका छन्। यसले असली मानिस अझ बालबालिकाकै तस्बिरलाई 'नांगो' बनाउन सहज बनाएको छ। जेनेरेटिभ एआई प्रयोगमा ल्याउने एपहरू र वेबसाइटमध्ये 'एक्स' सबैभन्दा धेरै चिनिएको र प्रयोग गरिने 'प्लाटफर्म' हो।

गत मे २०२५ मा अमेरिकी कंग्रेसले लागू गरेको 'टेक इट डाउन' ऐनले वास्तविक मानिसका यौनजन्य सामग्री अनुमतिविना कुनै माध्यममा प्रकाशित गर्ने कार्यलाई फौजदारी अपराध ठहर गरेको छ। 'टेक इट डाउन' ऐनले सहमतिविना पहिचान गर्न सकिने व्यक्तिको 'अन्तरंग दृश्यात्मक चित्रण' र पहिचान गर्न सकिने व्यक्तिको एआई वा अन्य कम्प्युटर निर्मित चित्रण दुवैलाई अपराध मानेको छ। तर, ऐनको आपराधिक प्रावधान केवल यौनजन्य सामग्री पोस्ट गर्ने व्यक्तिमाथि मात्र लागू हुन्छ, सामग्री वितरण गर्ने प्लाटफर्मलाई होइन।

तथापि, 'टेक इट डाउन' ऐनले सामग्री प्रकाशित भएका प्लाटफर्मले त्यस्ता सामग्री हटाउन आएका अनुरोधलाई कार्यान्वयन गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्ने प्रावधान पनि राखेको छ। एकपटक 'टेक इट डाउन (हटाउने) अनुरोध' आएपछि प्लाटफर्मले ४८ घन्टाभित्रै यौनजन्य चित्रण हटाउनुपर्छ। तर, यो प्रवाधान भने मे १९, २०२६ पछि मात्र लागू हुँदै छ।

पछिल्लो घटनामा 'ग्रोक'ले बनाएका यौनजन्य चित्रण हटाउन प्रयोगकर्ताले गरेका अनुरोधको कुनै प्रतिक्रिया दिइएन। यसका पछाडि ट्विटर खरिदपछि मस्कले चालेको एक कदम जिम्मेवार देखिन्छ। मस्कले तत्कालीन ट्विटर किनेलगत्तै कम्पनी 'ट्रस्ट एन्ड सेफ्टी' शाखाका ८० प्रतिशत इन्जिनियरलाई बर्खास्त गरेका थिए। 'ट्रस्ट एन्ड सेफ्टी' टोलीले सामान्यतया प्लाटफर्ममा पोस्ट भएका सामग्रीका खराब पक्ष निगरानी गर्ने र प्लाटफर्मको दुरुपयोग रोक्न भूमिका खेल्छ। उता पछिल्लो प्रकरणमा मस्कले परिस्थितिको गम्भीरतालाई नस्विकारेकोसमेत देखियो। मस्कले ग्रोकले बनाएका केही तस्बिरमा हाँसेको इमोजी पोस्ट गरेकोसमेत समाचार आएको थियो। तर, अमेरिकामा



उनको यस गैरजिम्मेवार शैलीविरुद्ध कारबाही चाल्न कठिन छ। संयुक्त राज्य अमेरिकामा 'कम्युनिकेसन्स डिसेन्सी एक्ट'को 'धारा २३०' ले सामाजिक सञ्जालमा प्रयोगकर्ताले गरेका कुनै पनि पोस्टका लागि कम्पनीलाई कानुनी दायित्वबाट मुक्त गरेको छ। यसले गर्दा कम्पनीमाथि चालिने मुद्दा मामिलाले निकै कठिन अवरोध सामना गर्नुपर्ने हुन्छ। तथापि, सर्वोच्च अदालतकी न्यायाधीश क्लेरेन्स थोमस र अन्य कानुन विज्ञहरू 'धारा २३०'लाई अदालतले व्यापक रूपमा व्याख्या गरेको तर्क गर्छन्।

म पनि धारा २३० ले सामाजिक सञ्जाल कम्पनीलाई दिने आमउन्मुक्तिलाई संकुचित गर्नुपर्ने तर्कलाई मान्छु। किनकि, आफ्नो प्लाटफर्मको सफ्टवेयर कसरी बनाउने र तिनलाई कसरी सञ्चालन हुन दिने भन्ने नियन्त्रण प्राविधिक कम्पनीकै हातमा हुन्छ। तिनका प्लाटफर्मका सफ्टवेयर जानीबुझी नै बनाइएका हुन्छन्। यसैले प्रयोगकर्ता पनि गल्तीका लागि जिम्मेवार हुँदाहुँदै एक्सजस्ता कम्पनीलाई पनि वास्तविक बालबच्चाको यौनजन्य सामग्री बनाउने 'एआई' प्रयोगमा ल्याएकामा जवाफदेहिताबाट भाग्न दिनुहुँदैन।

यदि आममानिसले मुद्दामामिलामार्फत एक्सजस्ता प्लाटफर्मलाई जवाफदेही बनाउन सक्दैनन् भने अनुसन्धान र नियमन गर्ने काम संघीय सरकारको हो। तर, पछिल्लो समय राष्ट्रपति डोनाल्ड ट्रम्पसँग मस्कको सम्बन्ध पुनः सुधारिएको अवस्थामा गम्भीर अनुसन्धान र जवाफदेहिताको सम्भावना देखिँदैन। त्यसैले, अहिलेका लागि आशा अन्तर्राष्ट्रिय नियामकमाथि मात्र छ, जसले एक्स र ग्रोकविरुद्ध अनुसन्धान सुरु गरिसकेका छन्।

फ्रान्सेली अधिकारीले ग्रोकमाथि 'यौनजन्य डिपफेक'को प्रचारप्रसार गरेको आरोपमा अनुसन्धान सुरु गरेका छन्। नागरिक स्वतन्त्रता र डिजिटल अधिकारसम्बन्धी 'आइरिस काउन्सिल फर सिभिल लिबर्टिज एन्ड डिजिटल राइट्स आइल्यान्ड'ले त्यहाँको राष्ट्रिय प्रहरीलाई 'सामूहिक नग्नता'माथि गम्भीर अुसन्धान गर्न आग्रह गरेको छ। बेलायतको नियामक एजेन्सी 'अफिस अफ कम्युनिकेसन्स'ले पनि यस प्रकरणको अनुसन्धान गरिरहेको बताएको छ। उता युरोपेली आयोग, भारत र मलेसियाका नियामकले पनि एक्समाथि अनुसन्धान गरिरहेको बताइएको छ। अमेरिकामा भने मे महिनामा 'टेक इट डाउन' ऐन लागू नभएसम्म मानिसले निर्वाचित अधिकारीबाट कारबाहीको माग गर्नुपर्ने हुन सक्छ।

(उङ्गर 'क्विनिपियाक विश्वविद्यालय'का कानुनका सह-प्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

जर्मनीले किन बनाउँदै छ युरोपमै शक्तिशाली सेना ?

जर्मन समाजमा अमेरिकामाथिको बढ्दो अविश्वास सैन्य वृद्धिपछाडिको एउटा पक्ष भए पनि रुसबाट उत्पन्न खतरा पछिल्लो सैन्य वृद्धि प्रमुख कारक हो



जर्मनीमा यो वर्षको सुरुवातदेखि १८ वर्ष उमेर पुगेका पुरुषले आफ्नो शारीरिक तन्दुरुस्ती पुष्टि गर्ने प्रश्नावली अनिवार्य भर्नुपर्ने भएको छ । गत महिना पारित एक कानुनले १८ वर्ष पुगेका जर्मन पुरुषले यस्तो सूचना दिनुपर्ने अनिवार्य गरेको हो । अहिलेसम्म जर्मनीमा सैन्य सेवा प्रवेश स्वेच्छिक नै छ । तर, नयाँ कानुनले दोस्रो विश्वयुद्धपछि पहिलोपटक सरकारले चाहेमा देशका युवालाई अनिवार्य सैन्य सेवामा बोलाउन सक्ने अधिकार दिएको छ ।

गत वर्ष नोभेम्बरमा जर्मनीका सेनाको संख्या एक लाख ८४ हजार पुगेको थियो, जुन ६ महिनाअघि मेको भन्दा पच्चीस सयले बढी थियो । मेमा जर्मन चान्सलर फ्रेडरिक मर्जले संसद्मा बोल्ने क्रममा पहिलोपटक राष्ट्रिय सेना वा बुन्डेसवेहरलाई 'युरोपको सबैभन्दा बलियो परम्परागत सेना बनाउने' बताएका थिए । 'अहिले जर्मन फौज धेरैपछि यति ठुलो बनेको छ, र पछिल्लो पाँच वर्षभित्रै पनि यसमा उलेख्य वृद्धि देखिन्छ,' पोट्सड्याममा रहेको 'बुन्डेसवेहर सेन्टर अफ मिलिटरी हिस्ट्री एन्ड सोसियल साइन्सेस'का वरिष्ठ अनुसन्धानकर्ता टिमो ग्राफले भने । जर्मन सरकारले युवाका लागि २३ महिने सैन्य सेवाको प्याकेज ल्याएको छ । राम्रो तलब सुविधा भएको यस प्याकेजले आमयुवालाई सेनामा स्वैच्छिक सेवाका लागि तान्ने सरकारको आशा छ । २३ महिने सेवालाई पछि अनिश्चितकालीन व्यावसायिक सेवामा विस्तार गर्न सकिने प्रावधान पनि राखिएको छ ।



● जोन टी सारोपोलोस
सारोपोलोस एथेन्सस्थित स्वतन्त्र पत्रकार हुन्

'जर्मन सरकारले यस प्याकेजअन्तर्गत तलब दुई हजार ६०० युरो (तीन हजार अमेरिकी डलर) बनाएको छ । साथमा निःशुल्क आवास, निःशुल्क स्वास्थ्य बिमा आदि सुविधा पनि भएकाले कर काटिएर जवानको हातमा लगभग दुई हजार ३०० युरो (दुई हजार ७०० अमेरिकी डलर) पर्छ । यो युवाका लागि राम्रो पैसा हो,' ग्राफले भने । जर्मनीले नेटोसँग गरेको प्रतिबद्धतामा सन् २०३५ सम्ममा सक्रिय सेनाको संख्या दुई लाख साठी हजार बनाउने उल्लेख छ । प्रतिबद्धताअनुरूप त्यस अवधिमा 'रिजर्भ' सेनाको संख्या पनि दुई लाख पुऱ्याइनेछ । योसँगै जर्मन सेनाको कुल संख्या शीतयुद्धको अन्त्यतिरको जति अर्थात् पाँच लाख नजिक पुग्नेछ । यस विकासले सबैभन्दा बढी निराश मस्कोलाई बनाउनेछ ।

'मर्ज नेतृत्वको जर्मन सरकारले रुससँग पूर्णस्तरको सैन्य युद्धको तयारीलाई तीव्र बनाइरहेको छ,' जर्मनीका लागि रुसका राजदूत सर्गेई नेचायेभले गत महिना जर्मन समाचार पोर्टल 'अपोलुट'सँगको अन्तर्वार्तामा भनेका थिए । तथापि, जर्मन सैन्य वृद्धिमा आमराजनीतिक सहमति निर्माणमा रुसको युक्रेन युद्धले महत्त्वपूर्ण भूमिका खेलेको छ । जर्मनीले आफ्नो सेनालाई बलियो बनाउन यो वर्ष मात्रै १०८ अर्ब युरो (१२५ अर्ब अमेरिकी डलर) खर्चँदै छ । यो उसको कुल गार्हस्थ उत्पादन (जिडिपी) को २.५ प्रतिशतबराबर हो । तुलनाका लागि सन् २०२१ को रक्षा बजेट जम्मा ४८ अर्ब युरो (५६ अर्ब अमेरिकी डलर) थियो । जर्मनीले सैन्य खर्च बढाउँदै लगेर सन् २०३० सम्ममा देशको जिडिपीको ३.५ प्रतिशत रकम रक्षामा छुट्याउने वाचा गरेको छ ।

जर्मनीको चुनावी सर्वेक्षण संस्था 'पोलिटब्यारोमिटर'ले डिसेम्बरमा गरेको एक सर्वेक्षणअनुसार १० मध्ये आठ जर्मनहरू रुसी राष्ट्रपति भ्लादिमिर पुटिन युक्रेन युद्ध अन्त्य गर्ने विषयमा गम्भीर नभएको कुरामा विश्वस्त देखिए । अझ धेरैले रुसले पछि अन्य नेटो देशमाथि पनि आक्रमण गर्न सक्ने गुप्तचर अधिकारीको चेतावनीलाई विश्वास गरेको देखियो । 'गुप्तचर अधिकारीले सन् २०२९ सम्ममा रुसले अन्य युरोपेली नेटो देशमाथि आक्रमण गर्न सक्ने चेतावनी दिइरहेका छन् । धेरैले रुसी मनोविज्ञानलाई युरोपको भविष्यमाथिको खतराका रूपमा हेरिरहेका छन्,' ग्राफले भने ।

■ ट्रम्प नेतृत्वको अमेरिकाप्रति बढ्दो अविश्वास

जर्मन समाजमा अमेरिकामाथिको बढ्दो अविश्वास सैन्य वृद्धि पछाडिको एउटा पक्ष भए रुसबाट उत्पन्न खतरा पछिल्लो सैन्य वृद्धि प्रमुख कारक हो । जुन २०२५ मा सरकारी टिभी जेडडिएफले सञ्चालन गरेको एक सर्वेक्षणमा जर्मनीलाई सोधिएको थियो, 'के अमेरिकाले नेटोको सदस्यका रूपमा युरोपको सुरक्षा ग्यारेन्टी गरिरहला ?' जवाफमा ७३ प्रतिशत जर्मन नागरिक यसमा विश्वस्त देखिएनन् । डिसेम्बरसम्ममा यो हिस्सा बढेर ८४ प्रतिशत पुगेको थियो । १० मध्ये नौजना जर्मन नागरिकले युरोपमा अमेरिकी राजनीतिक प्रभावलाई हानिकारक ठान्न थालेका छन् ।

नोभेम्बरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सरकारले नयाँ राष्ट्रिय सुरक्षा रणनीति सार्वजनिक गरेको थियो । त्यसमा युरोप अहिले आफ्नो 'सभ्यता विनाशको' डिलमा पुगेको उल्लेख छ । यसका लागि ब्रसेल्सको अधिक नियमनलाई जिम्मेबार ठहर गरिएको छ । र, 'महादेशलाई बदलिरहेको बसाइँसराइ नीति, अभिव्यक्ति स्वतन्त्रतामाथिको सेन्सरसिप र राजनीतिकविरोधीको दमन, घट्दो जन्मदर र राष्ट्रिय पहिचानको पतन' आदि पनि युरोपको अस्तित्वगत खतरा निम्त्याउन जिम्मेवार रहेको ट्रम्पको नीतिको ठम्याइ छ । खासमा ट्रम्पको नीतिमा परेको यी सबै विषय युरोपका उग्र दक्षिणपन्थीले पहिलेदेखि उठाउँदै आएका दृष्टिकोणकै पुनरावृत्ति हो ।

'ट्रम्पलाई जर्मनीलाई मद्दत गर्न कुनै चासो नभएको जर्मनले महसुस गर्न थालेका छन् । त्यसमाथि राष्ट्रिय सुरक्षा रणनीति त सीधै उनीहरूलाई लात हानेजसरी आएको छ,' युरोपमा अमेरिकी सेनाको कमान्ड गर्ने जनरल बेन होजेसले भने । जर्मनमाझ वासिंटनप्रतिको विश्वास कति घटेको छ भने १० मध्ये ६ जनाले अमेरिकी आणविक सुरक्षामाथि समेत विश्वास गर्न छाडेको पाइएको छ । त्यस्तै, तीनचौथाइले अमेरिकी सुरक्षालाई युरोपकै ब्रिटिस-फ्रान्सेली आणविक सुरक्षामार्फत प्रतिस्थापन भएको हेर्न चाहेको बताएका छन् ।

'जर्मनहरूले अझै पनि नेटोलाई बलियो रक्षा संगठनको रूपमा मान्छन् । तर, उनीहरूले अमेरिकाले नेटो सदस्यको रूपमा सुरक्षा प्रदान गर्न भूमिका खेल्न सक्ने विश्वास भने गुमाएका छन् । यसैले उनीहरू युरोपेली देश सम्मिलित नेटोको विचारलाई समर्थन गर्न थालेका छन्,' ग्राफले भने । एक सर्वेक्षणले जर्मनीमा विगत सधैं कमजोर रहेको युरोपेली एकीकृत सेनाप्रतिको समर्थन बढेर ५७ प्रतिशत पुगेको छ ।

■ प्रतिबद्धता कार्यान्वयनमाथिको संशय

देशलाई सैन्य रूपमा बलियो बनाउने प्रतिबद्धता गर्ने मर्ज पहिलो चान्सलर होइनन् । उनका पूर्ववर्ती सोसल डेमोक्र्याट पार्टीबाट चान्सलर ओलाफ सोल्जले पनि सन् २०२२ मा युरोपको सबैभन्दा बलियो सेना निर्माण गर्ने वाचा गरेका थिए । त्यो त्यही वर्ष हो, जब रुसले युक्रेनमा पूर्णस्तरीय आक्रमण सुरु गरेको थियो ।

सोल्ज संसद्बाट एकपटकका लागि १२० अर्ब अमेरिकी डलरको रक्षा खर्च बजेट पारित गर्न सफल त भए, तर बजेटअनुरूपको अतिरिक्त रकम सन् २०२४ मा बल्ल

> जर्मनीले नेटोसँग गरेको प्रतिबद्धतामा सन् २०३५ सम्ममा सक्रिय सेनाको संख्या दुई लाख साठी हजार बनाउने उल्लेख छ । प्रतिबद्धताअनुरूप त्यस अवधिमा 'रिजर्भ' सेनाको संख्या पनि दुई लाख पुऱ्याइनेछ । योसँगै जर्मन सेनाको कुल संख्या शीतयुद्धको अन्त्यतिरको जति अर्थात् पाँच लाख नजिक पुग्नेछ ।

निकासा हुन थाल्यो । सोल्ज सरकारले त्यस ढिलाइका लागि त्यतिबेला नोकरसाही प्रक्रियालाई दोष दिएको थियो । तर, केही विज्ञ सैन्य वृद्धिविरुद्ध जर्मनीमा सांस्कृतिक अवरोध नै रहेको विश्वास गर्छन् ।

'बुन्डेसवेहर (सेना) को छवि जर्मन समाजमा सकारात्मक छैन । त्यसैले सेनालाई करियर बनाउने भनेर कमैले मात्र सोच्छन्,' युरोपियन पोलिसी एनलाइसिसकी फेलो मिन्ना अलान्डरले बताइन् । 'शिक्षित र वृद्धहरू नाजी जर्मनी कति भयानक थियो भन्ने सुनेर हुर्किए । र, दोस्रो विश्वयुद्धको समयमा बालबालिका रहेका अहिलेका वृद्ध जर्मनका लागि सबैभन्दा खराब दुःस्वप्न रुस हो,' हाल जर्मनीमा बस्ने जनरल होजेसले भने । तथापि, सन् २०२२ यता आमधारणामा द्रुत परिवर्तन आइरहेका छन् । यसले गर्दा सैन्य वृद्धिको कार्यान्वयनमा शंका गर्ने र विश्वास गर्ने दुवै पक्ष बलियो देखिन्छ ।

अलजजिराबाट

इतिहासमा आज



सन् २००९ : अमेरिकामा बाराक ओबामाले राष्ट्रपतिको शपथ लिए । अमेरिकी इतिहासमा पहिलोपटक अश्वेत समुदायबाट राष्ट्रपति बन्ने ओबामा पहिलो व्यक्ति हुन् ।

सन् १९६९ : पाकिस्तानका एक विद्यार्थी कार्यकर्ताको हत्या पूर्वीपाकिस्तानको विभाजनको कारक र सार्वभौमसत्ता तथा स्वतन्त्र बंगलादेश स्थापनाको मुख्य आधार बनेको थियो । २० जनवरीमा पूर्वी पाकिस्तानमा आन्दोलनरत एक विद्यार्थीको हत्या भएको थियो ।

सन् १९८१ : इरानले बन्धक बनाएर राखेका दर्जनौं अमेरिकी नागरिकलाई महिनौंपछि सन् १९८१ को २० जनवरीमा रिहा गरेको थियो । मुस्लिमहरूको समूहले बन्धक बनाएका ५२ अमेरिकीलाई ४४४ दिनपछि रिहा गरिएको थियो ।

सन् २०२१ : कमला ह्यारिस अमेरिकाको पहिलो महिला उपराष्ट्रपति बनेकी थिइन् । डेमोक्र्याटिक पार्टीकी राजनीतिज्ञ ह्यारिस भारतीय मूलकी महिला हुन् । ५६ वर्षीय ह्यारिस क्यालिफोर्नियाको ओक्लान्डमा जन्मिएकी हुन् । उनकी आमा भारतमा जन्मिएकी थिइन् भने पिता जमैकाका हुन् । उनले हार्वर्ड विश्वविद्यालमा अध्ययन गरेकी थिइन् ।

विश्व संक्षेप

स्पेनमा रेल दुर्घटना हुँदा ३९ जनाको मृत्यु

म्याड्रिड/ स्पेनमा भएको तीव्र गतिको रेल दुर्घटनामा कम्तीमा ३९ जनाको मृत्यु भएको छ । आइतबार म्याड्रिड जाने रेल पटरीबाट खसेर विपरीत ट्र्याकमा पुग्दा अर्को रेलसँग ठोक्किएको थियो । स्थानीय समयअनुसार साँझ ७:४५ मा भएको दुर्घटनामा ४० जना घाइते भएका छन् । रेल मालागाबाट छुटेको लगभग एक घन्टापछि दुर्घटना भएको थियो । रेलमा सवार एक यात्रुले स्थानीय मिडियालाई बताएअनुसार रेलमा ठुलो झट्का महसुस भएको थियो । मारिने र घाइते हुनेमध्ये धेरैजसो दोस्रो रेलको अगाडिको डिब्बामा थिए, जुन म्याड्रिडबाट हुएल्भातर्फ यात्रा गरिरहेको थियो । यातायातमन्त्री ओस्कर पुएन्टेले दुर्घटना ट्र्याकको सीधा भागमा भएको बताउँदै यसलाई 'अत्यन्तै अनौठो' बताए । यसैबिच रेल कम्पनी इरियोले २०२२ मा निर्मित 'तुलनात्मक रूपमा नयाँ' म्याड्रिड रेलको चार दिनअघि निरीक्षण गरिएको बताएको छ ।

यसैबिच ग्रिसकी राजकुमारी आइरिनको अन्त्येष्टिमा भाग लिन एथेन्समा रहेका स्पेनका राजा फेलिप छैटौं र रानी लेटिजियाले दुर्घटनापछि आफ्नो भ्रमण छोट्याउने भएका छन् । दुर्घटनापछि फ्रान्सेली राष्ट्रपति इम्यानुयल म्याक्रोंले दुःख व्यक्त गरेका छन् । स्पेनी प्रधानमन्त्री पेड्रो सान्चेजले सोमबार दक्षिणी स्पेनमा दुर्घटनास्थलको भ्रमण गर्ने स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

सपिङ मलमा आगलागी, ५० बेपत्ता

इस्लामाबाद/ कराँचीको एक सपिङ मलमा भएको आगलागीमा मृत्यु हुनेको संख्या कम्तीमा १४ पुगेको छ । आगलागीमा ५० भन्दा बढी बेपत्ता छन् । पाकिस्तानी समाचार संस्था डनका अनुसार उद्धारकर्मीले सोमबार थप आठ शव निकालेका छन् । योसँगै मृत्यु हुनेको संख्या १४ पुगेको हो । शनिबार राति गुल प्लाजा सपिङ मलमा आगलागी भएको थियो, जुन एक घना भिडभाड भएको व्यावसायिक परिसर हो । अग्नि नियन्त्रक लगभग ३६ घन्टापछि ठुलो आगो नियन्त्रणमा ल्याउन सफल भए, जसका कारण उद्धार टोली भवनभित्र फसेकाहरूलाई उद्धार गर्न भवनमा प्रवेश गर्न पाए ।

प्रहरी शल्यचिकित्सक डा. सुम्मैया सैयदले स्थानीय अस्पतालमा जम्मा पाँच शव ल्याइएको बताए । प्रहरी र उद्धार टोलीले ५४ देखि ५९ जना बेपत्ता व्यक्तिको खोजी गर्न मोबाइल फोन डेटा प्रयोग गरिरहेका छन् र विवरण संकलन गर्न परिवारसँग सम्पर्क गरेका छन् । कराँची पाकिस्तानको सबैभन्दा ठुलो सहर र दक्षिणी सिन्ध प्रान्तको राजधानी हो ।

सोमबार घटनास्थलको भ्रमण गरेका सिन्धका गभर्नर कामरान टेसोरीले स्थानीय मिडियालाई ७० भन्दा बढी व्यक्ति बेपत्ता रहेको बताए । '७० भन्दा बढी बेपत्ता व्यक्तिको रिपोर्ट अत्यन्तै चिन्ताजनक छ, यो एउटा ठुलो त्रासदी हो,' टेसोरीले भने । उनले थपे कि यो घटना अब 'राष्ट्रिय त्रासदीमा परिणत भएको छ ।'

इरानको प्रदर्शनमा ट्रम्प जिम्मेवार : खामेनी

तेहरान/ इरानका सर्वोच्च नेता अयातोल्लाह अली खामेनीले हालैका विरोध प्रदर्शनमा आफ्नो देशमा भएको 'हताहत र क्षति'का लागि अमेरिका र राष्ट्रपति डोनाल्ड ट्रम्प जिम्मेवार रहेको आरोप लगाएका छन् । शनिबार एक भाषणमा खामेनीले हालैका प्रदर्शनमा हजारौं मानिस मारिएको स्वीकार गरे । तर, मृत्युको दोष 'देशद्रोहीहरू'लाई दिए ।

अमेरिकी राष्ट्रपतिले इरानी सरकारविरोधी प्रदर्शनकारीलाई 'विरोध जारी राख्न' आग्रह गरेका छन् र इरानी सुरक्षा बलले थप दमन गरेमा सैन्य हस्तक्षेप गर्ने धम्की दिएका छन् । अमेरिकास्थित इरानी मानव अधिकार कार्यकर्ता समाचार एजेन्सी (एचआरएएनए)का अनुसार डिसेम्बर २८ मा अर्थतन्त्रलाई लिएर सुरु भएको विरोध प्रदर्शनमा करिब ३१ सयको मृत्यु भइसकेको छ । सुरुमा महँगीविरुद्ध भएका विरोध प्रदर्शन इरानको सर्वोच्च नेताको शासनको अन्त्यको आह्वानमा परिणत भएका छन् ।

इरानी सरकारले प्रदर्शनलाई इरानका शत्रुले समर्थन गरेको 'दंगा' भनेको छ । प्रदर्शनकारीलाई घातक बल प्रयोग गरिएको छ र सुरक्षा बलले प्रदर्शनमा गोली चलाएको भिडियो बिबिसीले प्रमाणित गरेको छ । इरानमा इन्टरनेट र सञ्चार सेवा पूर्ण रूपमा बन्द गरिएको छ । साइबर मनिटर नेटब्लक्सका अनुसार शनिबार समग्र कनेक्टिभिटी दुई प्रतिशत रह्यो ।

दोस्रो देशको सार्वभौमसत्ताविरुद्धको हमला र अन्तर्राष्ट्रिय कानुन



भेनेजुएलामा केही दिनअघि भएको अमेरिकी सैन्य हमलाले अन्तर्राष्ट्रिय कानुनको केन्द्रमा लामो समयदेखि चलिरहेको छलफललाई पुनः जागृत गरेको छ । पक्राउपछि राष्ट्रपति निकोलस मदुरोलाई न्युयोर्कको एक अदालतमा पेस गरियो । एकतर्फी कारबाहीको समयमा अर्को देशको राष्ट्रपतिमाथि बल प्रयोग गरी अपहरण शैलीमा आफ्नो देशको अदालतमा पेस गर्नु कति कानुनसम्मत छ ? यद्यपि वासिंटनले अपराधको आरोप लगाइएका मदुरोविरुद्ध कानुनी कारबाहीका रूपमा चित्रण गर्ने प्रयास गरिएको छ । घटनाले क्षेत्राधिकार, सार्वभौमिकता र राज्यबिचका गम्भीर कानुनी विषयलाई प्रकाश पार्छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले अमेरिकाको कार्यले खतरनाक नजिर स्थापित गरेको र संयुक्त राष्ट्र संघको बडापत्रको उल्लंघन गर्न सक्नेमा गहिरो चिन्ता व्यक्त गरेका छन् ।

यस बहसको केन्द्रमा संयुक्त राष्ट्र संघको बडापत्रको धारा २ को उपधार ४ छ, जसले राज्यलाई अर्को राज्यको क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध बल प्रयोग गर्न निषेध गर्छ । यो प्रावधान भेनेजुएलामा पनि लागु हुन पर्छ । यो धारालाई लामो समयदेखि सन् १९४५ पछि देखा परेको अन्तर्राष्ट्रिय कानुनी प्रणालीको स्तम्भ मानिँदै आएको छ । अन्तर्राष्ट्रिय वकिलले लामो समयदेखि सतर्क गराउँदै आएका छन् कि बल प्रयोगमा प्रतिबन्ध क्रमिक रूपमा क्षय हुने जोखिममा छ ।

राज्यहरूले अर्को राज्यमा बल प्रयोगमा प्रतिबन्धलाई बिरलै मात्र अस्वीकार गर्छन् । बरु, तिनीहरू अन्तर्राष्ट्रिय कानुनद्वारा सामान्यतया निषेधित कार्यको बचाउ गर्न आत्मरक्षाको विस्तृत व्याख्या गर्छन् । समय बित्दै जाँदा यसले नियमलाई कमजोर बनाउँछ । यो प्रवृत्ति भेनेजुएलामा हालै भएको हमलामा राम्रोसँग प्रतिबिम्बित हुन्छ ।

यसलाई जुनसुकै नाम दिए पनि अमेरिकी हमला एक सार्वभौम राज्यको भूभागमा बल प्रयोग थियो । यस्तो बल प्रयोगका लागि दुइटा मात्र औचित्य संयुक्त राष्ट्र सुरक्षा परिषद्को सहमति र सशस्त्र आक्रमणको प्रतिक्रियामा आत्मरक्षाको प्रयोग हुन् । तर, भेनेजुएला हमलामा दुवै मापदण्ड पूरा भएको देखिँदैन ।

जतिसुकै गम्भीर भए पनि आपराधिक आरोप (विशेषगरी लागुपदार्थको ओसारपसारसँग सम्बन्धित) बडापत्रको धारा ५१ अन्तर्गत 'सशस्त्र आक्रमण'का लागि योग्य हुँदैनन् । सुरक्षा परिषद्बाट सैन्य

> अहिले बहसको केन्द्रमा संयुक्त राष्ट्र संघको बडापत्रको धारा २ को उपधारा ४ छ, जसले कुनै देशलाई अर्को देशको क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध बल प्रयोग गर्न निषेध गर्छ । यो धारालाई लामो समयदेखि सन् १९४५ पछि देखा परेको अन्तर्राष्ट्रिय कानुनी प्रणालीको स्तम्भ मानिँदै आएको छ ।

कारबाहीलाई अनुमोदन गर्ने कुनै आदेश पनि थिएन । यदि राज्यलाई सैन्य हस्तक्षेपको बहानामा आपराधिक गतिविधि नियन्त्रणको अनुमति दिइयो भने यसले अराजकता निम्त्याउँछ ।

अन्तर्राष्ट्रिय कानुनअनुसार सैन्य बलको प्रयोग र कानुन प्रवर्तनबिच स्पष्ट रूपमा भिन्नता हुन्छ । चरम परिस्थितिमा मात्र बल प्रयोग गर्न कानुनले अनुमति दिन्छ । कुनै पनि राज्यले आफ्नो सशस्त्र सेनालाई अर्को सार्वभौम राज्यको भूभागभित्र तैनाथ गर्न सक्दैन । तर, यहाँ कुनै राज्यको बहालवाला प्रमुखलाई अर्को देशको घरेलु कानुनअन्तर्गत आरोप लगाइएको वा अर्को देशमा लगेर अभियोग नै लगाइएको छ ।

कार्यान्वयन क्षेत्राधिकार क्षेत्रीय प्रकृतिको हुन्छ । आफ्नो देशभित्र सेवारत राष्ट्रपतिलाई सहमतिविना पक्राउ गर्नुले त्यो राज्यको क्षेत्रीय सार्वभौमिकता मात्र होइन, परम्परागत अन्तर्राष्ट्रिय कानुनअन्तर्गत मान्यता प्राप्त व्यक्तिगत उन्मुक्तिको नियमको पनि उल्लंघन गर्छ । यी उन्मुक्ति व्यक्तिलाई जवाफदेहिताबाट स्थायी रूपमा जोगाउन होइन, बरु राज्यबिच स्थिरता र व्यवस्थित सम्बन्ध सुनिश्चित गर्नका लागि हुन् ।

दुई राज्यबिच सैन्य बल प्रयोग भएपछि परिस्थितिलाई अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वको रूपमा वर्गीकृत गर्न सकिन्छ (यदि अप्रेसन अवधि वा दायरामा सीमित छ भने पनि) । यसले जेनेभा महासन्धिसहित नागरिक सुरक्षा, समानुपातिकता र मानवीय व्यवहारसँग सम्बन्धित दायित्वसहितको अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रयोगलाई तुरुन्तै चित्रण गर्छ । यो परिणामले अन्तर्राष्ट्रिय कानुनले परम्परागत रूपमा बल प्रयोगमा उच्च सीमा किन राखेको छ भनेर जोड दिन्छ । कथित रूपमा 'लक्षित' अप्रेसनले चाँडै व्यापक कानुनी र मानवीय प्रभाव उत्पन्न गर्न सक्छ ।

अमेरिकी कानुनी विद्वान् थोमस एम फ्रयांकले एकपटक चेतावनी दिएका थिए कि अप्रत्यक्ष आक्रामकता वा निवारक कार्यमा बारम्बार भर पर्दा एकपटक असाधारण मानिएको आचरणलाई सामान्य बनाउन सकिन्छ । भेनेजुएला प्रकरण यस खतराको उदाहरण हो ।

यस आक्रमणको व्यापक प्रभाव अमेरिकाभन्दा बाहिर पनि फैलिएको छ । ग्लोबल साउथका धेरै राज्यका लागि अन्तर्राष्ट्रिय कानुन, विशेषगरी धारा २ को उपधारा ४ ले शक्ति असमानतामा महत्त्वपूर्ण प्रतिबन्धको रूपमा काम गरेको छ । बलमाथिको प्रतिबन्ध कमजोर हुँदा जबर्जस्ती कारबाहीको प्रतिरोध गर्न सक्नेलाई असर गर्छ । उदाहरणका लागि क्षेत्रीय अखण्डता, बहुपक्षीयता र सार्वभौमिकताको सम्मान भारतका लागि सधैं महत्त्वपूर्ण छ । यस्तो दृष्टिकोणबाट भेनेजुएलामाथिको कारबाहीले संयुक्त राष्ट्र बडापत्रको प्रावधानको भविष्य र इमानदारीबारे असहज प्रश्न उठाउँछ ।

भेनेजुएलामा अमेरिकी हमला केवल एक पृथक् भूराजनीतिक घटना मात्र होइन, बरु अन्तर्राष्ट्रिय कानुनले राज्यशक्तिमाथि अर्थपूर्ण नियन्त्रण गर्न सक्छ कि सक्दैन भन्ने परीक्षण पनि हो ।

अन्तर्राष्ट्रिय समुदायले भेनेजुएला प्रकरणमा कानुनी स्पष्टतासाथ प्रतिक्रिया दिन्छ वा मौन सहमतिले धारा २ को उपधार(४) अन्तर्गतको अन्तर्राष्ट्रिय कानुनको आधारशिला हो वा केवल एक बयानबाजी सर्वोच्चता हो भनेर निर्धारण गर्न मद्दत गर्नेछ ।

हिन्दुस्तान टाइम्सबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार ६ माघ ०८२

निर्वाचन आचारसंहिताकै बिच निगमले अघि बढायो महाप्रबन्धक नियुक्ति प्रक्रिया



अहिले प्रक्रिया मात्रै अघि बढाएको हो, नियुक्तिमा सहमति लिन्छौं

● **मुकुन्द निरौला**, सचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

आचारसंहिता लागू नहुँदै नियुक्तिका लागि छनोट समिति बनिसकेको हो। त्यसैले अन्तर्वार्ता र योग्यता परीक्षणको काम रोकिँदैन। तर, नियुक्ति गर्ने वेलामा भने निर्वाचन आयोगको सहमति लिनुपर्ने हुन्छ। अहिले प्रक्रिया अघि बढाउन आचारसंहिताले रोक्दैन।



नियुक्ति नगर्दा जहाज नै रोकिन्छ भने सहमति लिनुपर्छ

● **नारायणप्रसाद भट्टराई**, प्रवक्ता, निर्वाचन आयोग

वायुसेवा निगमले अहिले कुनै पनि प्रकारको नियुक्ति प्रक्रिया अघि बढाउन पाउँदैन। अहिले अन्तर्वार्ता लिएको छ भने नतिजा प्रकाशन गर्न मिल्दैन। आचारसंहिता अवधिभर नियुक्ति नदिँदा जहाज नै रोकिन्छ, आपत् नै पर्छजस्तो लाग्छ भने आयोगमा निवेदन दिन सकिन्छ। तर, नियुक्ति प्रक्रिया अघि बढाउन पाउँदैन।

नयाँ पत्रिका

सरकारले निर्वाचन आचारसंहिता लागू भएकै अवस्थामा नेपाल वायुसेवा निगमको महाप्रबन्धक नियुक्ति प्रक्रिया अघि बढाएको छ। २१ फागुनमा हुने निर्वाचनलाई लक्षित गर्दै गएगाति आइतबार १२ बजेदेखि निर्वाचन आचारसंहिता लागू भइसकेको छ।

आचारसंहिताअनुसार सरकारले नयाँ पद सिर्जना गर्ने, रिक्त पद पूर्ति गर्ने, भत्ता वृद्धि गर्ने वा कुनै पनि किसिमका आर्थिक सुविधा तथा पुरस्कार प्रदान गर्न पाइँदैन। तर, आचारसंहिता लागू भए पनि नियुक्ति प्रक्रियालाई कुनै बाधा नपर्ने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्द निरौलाको तर्क छ। उनले भने, 'आचारसंहिता लागू नहुँदै नियुक्तिका लागि छनोट समिति बनिसकेको हो। त्यसैले अन्तर्वार्ता र योग्यता परीक्षणको काम रोकिँदैन। तर, नियुक्ति गर्ने वेलामा भने निर्वाचन आयोगको सहमति लिनुपर्ने हुन्छ। अहिले प्रक्रिया अघि बढाउन आचारसंहिताले रोक्दैन।'

वायुसेवा निगमले अहिले कुनै पनि प्रकारको नियुक्ति प्रक्रिया अघि बढाउन नपाउने निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए। उनका अनुसार अहिले अन्तर्वार्ता लिएको छ भने पनि नतिजा प्रकाशन गर्न मिल्दैन। उनले भने, 'आचारसंहिता अवधिभर नियुक्ति नदिँदा जहाज नै रोकिन्छ, आपत् नै पर्छजस्तो लाग्छ भने आयोगमा निवेदन दिन सकिन्छ। तर, नियुक्ति प्रक्रिया अघि बढाउन पाउँदैन।'

निगमको महाप्रबन्धक छनोट कार्यविधि, २०८२ अनुसार गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाअनुसार आवेदन दिएका १६ जना उम्मेदवारमध्ये न्यूनतम शैक्षिक योग्यता र आवश्यक अनुभव पूरा गरेका १० जना उम्मेदवार संक्षिप्त सूचीमा परेका छन्।

संक्षिप्त सूचीमा मोरङका उपेन्द्रबहादुर कार्की, झापाका टंकनिधि दाहाल, कास्कीका डा. दीपकप्रसाद बाँस्तोला, काठमाडौंका दिपुराज ज्वाचन, बैतडीका डा. भीमबहादुर चन्द, गुल्मीका योगराज कँडेल शर्मा, लमजुङका विष्णुबाबु मिश्र, डडेलधुराका वेदप्रसाद उप्रेती, सिराहाका सञ्जयकुमार सिंह र सोलुखुम्बुका सन्तुष्टकुमार बस्नेत रहेका छन्। निगमका अनुसार उम्मेदवारलाई वर्णानुक्रमअनुसार संक्षिप्त सूचीमा राखिएको हो।

सूचीमा परेका उम्मेदवारको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौंमा हुने तय गरिएको छ। अन्तर्वार्ता तथा प्रस्तुतीकरण माघ १४ र १५ गते बिहान ८ बजे र दिउँसो ३ बजेबाट सुरु हुने तालिका सार्वजनिक गरिएको छ। कुन उम्मेदवार कुन समयमा उपस्थित हुने भन्ने विवरण सम्बन्धित उम्मेदवारलाई मन्त्रालयमार्फत जानकारी गराइने जनाइएको छ।

मन्त्रालयले भने नेपाल वायुसेवा निगमको नेतृत्व चयन प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धात्मक र योग्यता आधारित बनाउन खुला प्रतिस्पर्धामार्फत महाप्रबन्धक नियुक्ति गर्न लागिएको दाबी गरेको छ। तर, निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा यस्तो प्रक्रिया अघि बढाइनु आचारसंहिताको भावनाविपरीत भएको सरोकारवालाको टिप्पणी छ।

म्युचुअल फन्ड सञ्चालन गर्ने कम्पनीलाई बीजपुँजीमा खुकुलो व्यवस्था

योजना व्यवस्थापकलाई १५ प्रतिशत अनिवार्य लगानी गर्नुपर्ने बीजपुँजी ५-१० प्रतिशतमा झारियो



पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल धितोपत्र बोर्डले सामूहिक लगानी कोष (म्युचुअल फन्ड) सञ्चालन गर्ने कम्पनीहरूका लागि बीजपुँजीसम्बन्धी व्यवस्था लचिलो बनाएको छ। अब पहिलो योजनाबाहेकका अन्य योजनामा योजना व्यवस्थापकले अनिवार्य रूपमा १५ प्रतिशत बीजपुँजी राख्नुपर्ने व्यवस्था हटाइएको छ।

बोर्डको नयाँ निर्णयअनुसार निश्चित मापदण्ड पूरा गर्ने योजना व्यवस्थापकहरूले योजनाको आकारअनुसार १० प्रतिशत वा ५ प्रतिशत मात्रै बीजपुँजी राखेर योजना सञ्चालन गर्न सक्नेछन्।

सामूहिक लगानी कोष नियमावलीअनुसार पहिलो योजनामा व्यवस्थापकले कुल योजनाको १५ प्रतिशत बीजपुँजी आफैंले लगानी गर्नुपर्छ। त्यसबाहेकका योजनाका हकमा तोकिएबमोजिम भनिए पनि बोर्डले १५ प्रतिशत नै अनिवार्य गरेको थियो। तर, अब पहिलोबाहेकका योजनामा योग्यताअनुसार ५ वा १० प्रतिशत मात्रै लगानी गर्नुपर्ने भएको छ। यो व्यवस्था १ माघदेखि लागू भएको छ।

यसअघि म्युचुअल फन्ड सञ्चालन गर्ने सबै योजनामा योजना व्यवस्थापकले आफ्नै तर्फबाट १५ प्रतिशत रकम लगानी गर्नुपर्ने बाध्यता थियो। नयाँ व्यवस्थाले अनुभवी र राम्रो कार्यसम्पादन गरेका योजना व्यवस्थापकलाई थप सुविधा दिने उद्देश्य राखिएको बोर्डको भनाइ छ। योजना सञ्चालनको अनुभव, अघिल्ला योजनाको कार्यसम्पादन, गुणस्तर र नियम पालना तथा रेटिङको अवस्थालाई आधार मानेर बीजपुँजीको प्रतिशत निर्धारण गरिनेछ।

बोर्डका अनुसार कम्तीमा तीन वर्ष म्युचुअल फन्ड सञ्चालनको अनुभव भएका, व्यवस्थापनमा रहेका योजनाको कुल आकार एक अर्ब रुपैयाँभन्दा बढी भएका र पछिल्ला वर्षहरूमा प्रतिइकाइ खुद सम्पत्ति मूल्यअंकित मूल्यभन्दा माथि रहेका योजना व्यवस्थापकले १० प्रतिशत बीजपुँजी राख्न सक्नेछन्। अझ बढी अनुभव भएका, पाँच अर्ब रुपैयाँभन्दा बढी कोष व्यवस्थापन गरिरहेका र उच्च कार्यसम्पादन तथा रेटिङ भएका योजना व्यवस्थापकले भने ५ प्रतिशत मात्रै बीजपुँजी राखेर योजना सञ्चालन गर्न पाउनेछन्।

बीजपुँजीको सुविधा प्रयोग गरी सञ्चालन गरेका योजनाको आकार १० अर्बभन्दा बढी हुन नपाइने उल्लेख छ।

सर्तहरू पूरा गर्न नसकेको अवस्थामा १५ प्रतिशत बीजपुँजी लगानी गरी नयाँ योजना तथा थप इकाइ निष्कासन गर्न बाधा नपुग्ने उल्लेख छ।

खुलामुखी योजनाको हकमा आकार वृद्धि गर्दा बीजपुँजी रकम समायोजन गर्न सकिनेछ। तर, यसरी समायोजन गर्दा पहिला लगानी भइसकेको बीजपुँजी रकमभन्दा कम हुने गरी घटाउन पाइनेछैन।

योजना व्यवस्थापकले जोखिम व्यवस्थापन नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने, योजनाको दबाब परीक्षण गरी अर्धवार्षिक अवधिमा प्रत्येक योजनाको दबाब परीक्षण गरी सोको प्रतिवेदन अनिवार्य रूपमा कोष सुपरिवेक्षक र योजना व्यवस्थापकको सञ्चालक समितिमा छलफल गरी धारणा तथा भावी योजनासहितको दबाब परीक्षण प्रतिवेदन बोर्डमा एक महिनाभित्र पेस गर्नुपर्ने भएको छ।

एकभन्दा बढी योजना सञ्चालन गर्दा उक्त योजनाबिचको उद्देश्य र विशेषता उल्लेख गर्नुपर्ने भएको छ। धितोपत्र बोर्डले यो व्यवस्थाबाट योजना व्यवस्थापकको कार्यसम्पादन सुधार हुने, रेटिङ उकासिने र नियम पालना अझ सुदृढ हुने अपेक्षा गरेको छ। यसको प्रत्यक्ष फाइदा म्युचुअल फन्डमा लगानी गर्ने सर्वसाधारण लगानीकर्तालाई पुग्ने बोर्डको विश्वास छ। साथै, बीजपुँजी घटेपछि नयाँ योजना ल्याउन सहज हुने भएकाले म्युचुअल फन्डको आकार र संख्या बढ्ने तथा पुँजी बजारमा सहभागिता विस्तार भई दोस्रो बजारमा माग पक्षसमेत बलियो हुने अपेक्षा गरिएको छ।

योजनाको आकार बढ्दा जोखिम पनि बढ्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै बोर्डले जोखिम व्यवस्थापनलाई अनिवार्य बनाएको छ। अब योजना व्यवस्थापकले प्रत्येक योजनामा नियमित रूपमा 'स्ट्रेस टेस्ट' गर्नुपर्नेछ र त्यसको प्रतिवेदन कोष सुपरिवेक्षक तथा कम्पनीको सञ्चालक समितिमा छलफल गरी बोर्डमा पेस गर्नुपर्नेछ। यसबाट सम्भावित जोखिमको समयमै पहिचान र व्यवस्थापन सम्भव हुने, प्रतिकूल अवस्थामा पनि योजना टिकाउ बन्ने र म्युचुअल फन्डप्रति लगानीकर्ताको विश्वास अझ बलियो हुने बोर्डको निष्कर्ष छ।



चुनावसम्म बक्यौता असुली नगर्ने योजनामा प्राधिकरण

पुनरावलोकन अघि बढाउनेमा जुटेन सहमति

काठमाडौं/ नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिको बैठकमा उद्योगीको बक्यौता पुनः पुनरावलोकन गर्ने प्रक्रिया अघि बढाउने एजेन्डामा सहमति जुट्न सकेन। आइतबार भएको सञ्चालक समितिले पुनरावलोकन प्रक्रिया अघि बढाउने विषयमा कानुनी राय लिने निर्णय गरेको स्रोतको भनाइ छ।

चुनावसम्म बक्यौता असुलीमा कडाइ नगर्ने योजनामा ऊर्जा मन्त्रालयको जिम्मेवारी पाएका उद्योगमन्त्री अनिलकुमार सिन्हा र कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य छन्। 'हामीले बैठकमा उद्योगीसँग नियमित किस्ता असुली पनि गरौं भनेको हो। किस्ता नतिर्ने उद्योगमा लाइनसमेत काट्नुपर्छ भनेको हो,' एक सञ्चालकले भने, 'तर, मन्त्री तथा कार्यकारी निर्देशकले त्यति चासो देखाएनन्। चुनावसम्म समय व्यतीत गर्ने योजनाअनुसार कानुनी राय लिने भनेर निर्णय गरिएको हो।'

यसअघि सञ्चालक श्यामकिशोर यादवको संयोजकत्वमा बनेको पुनरावलोकन समितिले ८ असोजमा सातबुँदे कारणसहित बक्यौता पुनरावलोकन नगर्ने निष्कर्षसहित प्रतिवेदन बुझाएको थियो। त्यसलाई समेत आधार बनाएर १० असोजमा सञ्चालक समितिले सिधै बक्यौता उठाउने निर्णय गरेको थियो। त्यसवेला ऊर्जामन्त्रीमा कुलमान घिसिङ र कार्यकारी निर्देशकमा मनोज सिलवाल थिए।

यसबिचमा सर्वोच्च अदालतले २२ मंसिरमा हितेन्द्रलाई प्राधिकरणमा पुनर्बहाली गर्न परमादेश दियो। २३ पुसमा कुलमान घिसिङले मन्त्रीबाट राजीनामा दिएपछि ऊर्जाको जिम्मे वारी सिन्हाले पाए। त्यसपछि पुनरावलोकन प्रक्रिया अघि बढाउन लागिएको थियो। तर, आइतबारको बैठकमा त्यसमा सहमति जुटेन।

अलैंची निर्यात ५८ प्रतिशत वृद्धि



झापा/ चालू आर्थिक वर्ष ०८२/८३ को ६ महिनामा नेपालको पूर्वी नाकाबाट सात अर्ब १९ करोड ९५ लाखबराबरको ३४ लाख ६१ हजार किलो अलैंची निर्यात भएको छ। गत आव ०८१/८२ को सोही अवधिको तुलनामा चालू आवमा अलैंचीको निर्यात ५८ प्रतिशतले वृद्धि भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले बताए।

गत आवको साउनदेखि पुससम्ममा चार अर्ब ५५ करोड ७० लाखबराबरको अलैंची पूर्वीनाकाबाट निर्यात भएको थियो। चालू आवको ६ महिनामा ७६ करोडबराबरको चार लाख ३२ हजार केजी छुर्पी निर्यात भएको छ। गत आवको सोही अवधिमा ४५ करोड ७६ लाख ३४ हजारबराबरको दुई लाख ६६ हजार दुई सय ४३ केजी छुर्पी निर्यात भएको भन्सार कार्यालयको तथ्यांक छ। यो वर्ष भेनियर सिट र मुसुरो दालको निर्यातसमेत उच्च रहेको छ। चिया र प्लाइउडको निर्यात प्रगति भने गत आवको तुलनामा घटेको छ।

राष्ट्रिय विकास समस्या समाधान समितिको ५५औं बैठक बस्न ढिलाइ

प्रत्येक चार महिनामा बस्नुपर्ने समितिको बैठक ६ महिना बितिसक्दासमेत बसेन

कृष्ण रिजाल/नयाँ पत्रिका

राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)को ५५औं बैठक बस्न विलम्ब भएको छ। प्रधानमन्त्री अध्यक्ष रहने समितिको बैठक प्रत्येक चौमासिकमा कम्तीमा एकपटक बस्नुपर्ने व्यवस्था छ। तर, ५४औं बैठक बसेको ६ महिना बितिसक्दासमेत बैठक बस्न सकेको छैन।

समितिको ५३औं बैठक ३० कात्तिक ०८१ मा र ५४औं बैठक २७ असार ०८२ मा बसेको थियो। नियमअनुसार कात्तिकभित्रै ५५औं बैठक बस्नुपर्ने थियो। तर, हालसम्म पनि समितिको बैठक बसेको छैन। विकासको समस्या समाधान गर्ने उच्चस्तरीय संयन्त्रको बैठक नबस्दा विकासमा देखिएका गाँठा फुकाउन ढिलाइ भइरहेको सरोकारवाला बताउँछन्। चालू आर्थिक वर्षमा एउटै बैठक बसेको छैन।

राष्ट्रिय योजना आयोगका प्रवक्ता हरिशरण पुडासैनीले सरकार फेरिएको तथा सरकारसँगै आयोगका पदाधिकारीसमेत परिवर्तन भएका कारण एनडेक बैठक बस्न केही ढिलाइ भइरहेको बताए। यद्यपि, एनडेकको ५५औं बैठक छिट्टै बस्ने गरी एजेन्डा तय गर्नेलगायत तयारी भइरहेको उनले जानकारी दिए।

'गठन आदेशअनुसार वर्षमा कम्तीमा चार पटक एनडेक बैठक बस्नुपर्ने हो, गत वर्ष दुईवटा मात्रै बैठक भए, यसपालि हालसम्म बैठक बसेको छैन, तर तयारीचाहिँ भइरहेको छ,' पुडासैनीले भने, 'अहिले मन्त्रालयस्तरको समस्या समाधान समिति (एमडेक)को बैठकसँगै एनडेकका एजेन्डाहरू तय हुँदै गरेका छन्।'

भदौ २३ को जेन-जी आन्दोलन र भदौ २४ मा भएको तोडफोड तथा आगजनीले थुप्रै सरकारी संरचना तथा कागज नष्ट भएका छन्। उक्त आन्दोलन र घटनाबाट ८४ अर्ब ४५ करोड रुपैयाँभन्दा बढीको क्षति भएको आयोगकै अनुमान छ।

त्यस्तै, पुनर्निर्माणका लागि ३६ अर्ब ३० करोड रुपैयाँ लाग्ने औंल्याइएको छ। संरचनाको पुनर्निर्माण, प्रणालीको पुनर्स्थापनालगायतमा देखिएका बाधा तथा विकासे आयोजनामा देखिएका समस्या समाधानका लागि समितिको बैठक छिटो राख्नुपर्ने देखिन्छ। विकासका नीतिगत, कानुनी तथा प्रक्रियागत बाधा फुकाउने काम एनडेकले गर्दै आएको छ। तर, लामो समयसम्म एनडेकको बैठक नबस्दा विकासका मुद्दा ओझेलमा परेको सरोकारवाला बताउँछन्।

समितिकै निर्णय कार्यान्वयन न्यून

प्रधानमन्त्रीले अध्यक्षता गर्ने समितिले गरेका निर्णयको कार्यान्वयनसमेत प्रभावकारी रूपमा हुने गरेको छैन। आयोगको पछिल्लो वार्षिक प्रतिवेदनमा 'राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिबाट भएका निर्णयहरूको कार्यान्वयन न्यून हुने गरेको' उल्लेख छ।

एनडेकको ५४औं बैठकमा तत्कालीन उपाध्यक्ष प्राडा शिवराज अधिकारीले समितिको निर्णय कार्यान्वयनका लागि जिम्मेवारी तोकिएका मन्त्रालय-निकायहरूले कार्यान्वयनलाई प्राथमिकता नदिने गरेको औंल्याएका थिए। उनले पछिल्ला पाँच वर्षयता समितिको औसत ३४.४२ प्रतिशत निर्णय मात्रै पूर्ण कार्यान्वयन हुन सकेको तथ्यांक प्रस्तुत गरेका थिए। समितिका पछिल्ला पाँच बैठकले ८३ वटा निर्णय गरेकामा २७ वटा मात्रै पूर्ण कार्यान्वयन भएको, ४० वटाको निर्णय कार्यान्वयन भए पनि समस्या यथावत् रहेको, १४ वटाको निर्णय कार्यान्वयनको प्रक्रियामा रहेको र दुईवटाको निर्णय कार्यान्वयनको प्रक्रिया नै सुरु नभएको उनले उल्लेख गरेका थिए।

समितिको ५४औं बैठकका अधिकांश निर्णयसमेत कार्यान्वयन हुन नसकेको आयोगकै अधिकारी बताउँछन्। असारमा सम्पन्न ५४औं बैठकले 'राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकका निर्णयको कार्यान्वयन पक्षको नियमित समीक्षा, अनुगमन र अनुसरण गर्न आयोगका उपाध्यक्षको संयोजकत्वमा संयन्त्र गठन गरी त्रैमासिक रूपमा समीक्षा गर्ने' निर्णय गरेको थियो। तर, हालसम्म पनि ५४औं बैठकको कार्यान्वयन समीक्षा सार्वजनिक गरिएको छैन।

सुपर खुदी हाइड्रोपावर लिमिटेड
Super Khudi Hydropower Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा.३० चारखाल, डिल्लीबजार, काठमाण्डौं, नेपाल। फोन नं.: ०१-४५२४६५५
ईमेल : info@superkhudi.com.np, वेभसाइट : www.superkhudi.com.np

आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरूको लागि साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला भइरहेको बारे सूचना

सुपर खुदी हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु.१,५५,००,००,०००।- (अक्षरेपी रु.एक अर्ब पचपन्न करोड मात्र) को २०% अर्थात् रु.३१,००,००,०००।- (अक्षरेपी रु.एकतीस करोड मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको ३१,००,००० (एकतीस लाख मात्र) कित्ता साधारण शेयर सर्वसाधारणमा सार्वजनिक निष्कासनको लागि छुट्टाएको र सो मध्ये जारी पूँजीको १०% अर्थात् रु.१५,५०,००,०००।- (अक्षरेपी रु.पन्ध्र करोड पचास लाख मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरको १५,५०,००० (पन्ध्र लाख पचास हजार) कित्ता साधारण शेयरको ४० प्रतिशत अर्थात ६,२०,००० (छ लाख बीस हजार मात्र) कित्ता साधारण शेयर लमजुङ जिल्लाको आयोजना प्रभावित क्षेत्र मर्स्याङ्दी गाउँपालिकाको वडा नं. २ र ३ (साविक घनपोखरा गाविसको वडा नं. १, ५, ६, ७ र ८ र साविक खुदी गाविसको वडा नं. १ देखि वडा नं.९ सम्म) का स्थानीय बासिन्दाहरुका लागि र बाँकी ६० प्रतिशत अर्थात ९,३०,००० (नौ लाख तीस हजार मात्र) कित्ता साधारण शेयर लमजुङ जिल्लाको आयोजना प्रभावित क्षेत्र मर्स्याङ्दी गाउँपालिकाको वडा नं. १, ४, ५, ६, ७, ८ र ९ (साविक घनपोखरा गाविसको वडा नं. २, ३, ४ र ९, साविक ताप्रिङ गाविसको वडा नं. १ देखि वडा नं. ९ सम्म, साविक घेर्मु गाविसको वडा नं.१ देखि वडा नं. ९ सम्म, साविक बाहुनडाँडा गाविसको वडा नं. १ देखि वडा नं. ९ सम्म, साविक भुलभुले गाविसको वडा नं.१ देखि वडा नं.९ सम्म र साविक सिम्पानी गाविसको वडा नं. १ देखि वडा नं. ९ सम्म) का स्थानीय बासिन्दाहरुको लागि मिति २०८२ पुस २२ गते मंगलबार देखि छिटोमा मिति २०८२ माघ ०६ (बैंकिङ्ग समय पश्चात्) गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा उक्त माग बमोजिम आवेदन प्राप्त नभएकोले **मिति २०८२ माघ २१ गते बुधबार** बैकिङ्ग समयसम्म निष्काशन तथा बिक्री खुल्ला अवधि थप गरिएको व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण महानुभावहरुलाई जानकारी गराईन्छ। साथै निष्काशन गरिएको सम्पूर्ण रुपमा बिक्री हुने गरि आवेदन प्राप्त हुन आएमा **मिति २०८२ माघ २१ गते** अगावै निष्काशन तथा बिक्री बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि

दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता	दरखास्त दिन पाउने अधिकतम कित्ता :	१,००,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

क्र.सं.	विवरणपत्र हेर्न र प्राप्त गर्न सकिने स्थान	वेभसाइट
१.	निष्काशनकर्ता कम्पनी : सुपर खुदी हाइड्रोपावर लिमिटेडको रजिष्टर्ड कार्यालय का.म.न.पा.३०, काठमाण्डौं।	www.superkhudi.com.np
२.	निष्काशन तथा बिक्री प्रबन्धक : श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौं।	www.globalimecapital.com

साथै, श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट www.sebon.gov.np मा हेर्न मिल्ने।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :

सि.नं.	संकलन केन्द्रको नाम	ठेगाना	सि.नं.	संकलन केन्द्रको नाम	ठेगाना
१.	श्री प्रभु बैंक लि.	बेसीशहर, लमजुङ्ग	४.	श्री प्राइम कमर्सियल बैंक लि.	बेसीशहर, लमजुङ्ग
२.	श्री ग्लोबल आइएमई बैंक लि.	बेसीशहर, लमजुङ्ग	५.	श्री हिमालयन बैंक लि.	भुलभुले, लमजुङ्ग
३.	श्री कृषि विकास बैंक लि.	बेसीशहर, लमजुङ्ग			

दरखास्त फाराम प्राप्त गर्नका लागि रु.२।- (दुई रुपैया) प्रति दरखास्त शुल्क बुझाउनु पर्नेछ।
नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाको हकमा आस्वामार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको।

कम्पनीको संक्षिप्त वित्तीय विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२	आ.व.२०८२/०८३* आश्विन मसान्त	आ.व. २०८२/०८३	आ.व. २०८३/०८४	आ.व. २०८४/०८५
प्रति शेयर नेटवर्थ (रु.)	१००.१७	१२७.२७	१३३.०८	१३७.५३	१५१.८७	१६१.९३	१७४.६५
प्रति शेयर आम्दानी (रु.)	-	१६.७७	१५.७०	४.४५	२५.७३	१०.०६	१२.७२
संचित नाफा/नोक्सानी (रु. हजारमा)	१,०२५	२,१५,५५३	४,१०,१७५	४,६५,३५०	८,०३,९६३	९,५९,९६०	११,५७,११९

नोटः *आर्थिक वर्ष २०८२/८३ आश्विन मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण लेखापरिक्षक आचार्य एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट श्री किरण आचार्यद्वारा प्रमाणित गरिएको।

प्रति मेगावाट लागत सम्बन्धी विवरण : संगठित संस्थाको आ.व.२०८१/८२ को आषाढ मसान्तसम्मको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत रकम रु.२०,६९,३८,८९६.५४ मात्र (निर्माण अवधिको व्याज सहित) रहेको छ भने कुल लागत रु.५,३८,०४,११,३१०।- रहेको छ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण : विद्युत विकास विभाग बाट मिति २०७५/०२/९ मा लिएको विद्युत अनुमतिपत्रको बहाल रहने अवधि मिति २११०/०२/०८ सम्म रहेकोले २७ वर्ष ०५ महिना बाँकी रहेको छ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्था : लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.२१ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १३.४२ वर्ष रहेको छ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेश्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम भएको व्यवस्था बमेजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाण्डौंबाट मिति २०२५ नोभम्बर १८ गते इस्युअर रेटिङ्ग गराई "CARE-NP BB(Is) [Double B (Issuer)]" रेटिङ्ग प्रदान गरेको छ। यसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (moderate risk of default regarding timely servicing of financial obligations in Nepal) जनाउँदछ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समूहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ। सो सम्बन्धी विवरण यस विवरण पत्रको दफा २२ को (ट) (पृष्ठ संख्या ४८) मा उल्लेख गरिएको छ।

इस्युअर रेटिङ्ग प्रदान गरेको मिति : ई.सं. २०२५/११/१८ **बहाल रहने अवधि : ई.सं. २०२७/०२/११**

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ पौष १३ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.superkhudi.com.np, नेपाल धितोपत्रबोर्डको वेभसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.globalimecapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं।

यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरु मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बॉडफाँट भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई कई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि.
GROW WITH US

ग्लोबल आइएमई क्यापिटल लिमिटेड
वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौं।
फोन: ९७७-०१-५९७०१२८ फ्याक्स नं.: ९७७-०१-४५४५७०२
Email: info@gicl.com.np; Web: www.globalimecapital.com

रेडमी नोट १५ सिरिज नेपालमा सार्वजनिक



काठमाडौं/ प्रविधि कम्पनी साओमीले नेपालमा आफ्नो रेड्मी नोट १५ सिरिज सार्वजनिक गरेको छ। यस सिरिजमा चारवटा मोडेलहरू रेडमी नोट १५ प्रो प्लस ५जी, नोट १५ प्रो ५जी, नोट १५ ५जी र नोट १५ ४जी समावेश छन्। रेडमी नोट १५ प्रोमा ६५०० एमएएच सिलिकोन-कार्बोन (एसआइसी) ब्याट्री छ, जुन ४० मिनेटमै पूर्ण चार्ज हुन्छ। रेडमी नोट सिरिजमा पहिलोपटक एसआइसी प्रविधि प्रयोग गरिएको कम्पनीको भनाइ छ।

त्यस्तै, रेडमी नोट १५ प्रो ५जी मोडेलमा पनि २०० एमपी क्यामरा सिस्टम र आइपी६६, आइपी६८, आइपी६९, आइपी६९ के रेटिङ छ। यस मोडेलमा साओमी अफलाइन कम्युनिकेसन छ र गुगल जेमिनी सर्कल टु सर्च समर्थन गर्ने बताइएको छ।

रेडमी नोट १५ ५जी मोडेल ७.३५ मिलिमिटर प्रोफाइलसहित रेड्मी नोटको सबैभन्दा पातलो डिभाइस हो, तर यसमा ५,५२० एमएएच सिलिकन-कार्बन ब्याट्री रहेको छ। यो कालो, ग्लेसियर निलो र मिस्ट पर्पल रङमा उपलब्ध छ। साथै, नोट १५ ४जी मोडेलमा ६००० एमएएच ब्याट्री र १०८ मेगापिक्सेल क्यामरा छ, जसमा तीन गुणा अप्टिकल-स्तर टेलिफोटो रहेको बताइएको छ। यो मोडेल ८ जिबी र्‍याम र ५१२ जिबी क्षमतासम्म उपलब्ध हुनेछ। नोट १५ सिरिजको सार्वजनिक उत्सवमा कम्पनीले २०२६ जनवरी १९ देखि फेब्रुअरी १४ सम्म विशेष प्रवर्द्धनात्मक अफर सार्वजनिक गरेको छ। यस अवधिमा सबै मोडेलहरूसँग साओमी बड्समा विशेष छुटका साथ बन्डलिङ अफर पनि उपलब्ध छ। यी सिरिजको मूल्य ३० हजारदेखि ६७ हजारसम्म रहेको कम्पनीले जनाएको छ।

बुटवलमा सिजी डिजिटलको सोरुम सञ्चालन, २५ प्रतिशतसम्म छुट



काठमाडौं/ सिजी डिजिटलले रुपन्देहीको बुटवलस्थित आदर्शनगर (ट्राफिक चोक, पाल्पा रोड)मा आफ्नो २८औँ अत्याधुनिक सोरुम सञ्चालनमा ल्याएको छ।

सोनाम लोसारको अवसरमा सञ्चालनमा ल्याइएको सोरुमको बुटवल उपमहानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेय र बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याललगायतले गरेका हुन्। उद्घाटन कार्यक्रममा उद्योग व्यापार संघका अध्यक्ष लोकनाथ पन्थी तथा कम्पनीका महाप्रबन्धक वसन्त पाल पनि उपस्थित थिए।

यस नयाँ सोरुममा ग्राहकले विश्वस्तरीय र भरपर्दो ब्रान्डका इलेक्ट्रोनिक्स सामान एकै छानामुनि पाउनेछन्। एलजी, सिजी, सिजी मेरिडिया, टिसिएल, गोदरेज, बेकेका, माइडिया, सेन्सेई, केन्ट, इलिका, ब्ल्याक प्लस डेकेर, क्रम्पटन, बर्लीजस्ता प्रसिद्ध ब्रान्डका घरायसी उपकरणहरू उपलब्ध हुने कम्पनीले जनाएको छ। साथै, ग्याजेटप्रेमीका लागि आइफोन, नथिङ, उसएमएफ, मोटोरोलाका पछिल्ला उत्पादनसमेत प्रदर्शनमा राखिएको बताइएको छ।

सिजीले बुटवलवासी ग्राहकको सुविधालाई ध्यानमा राख्दै विभिन्न प्रिमियम सेवा उपलब्ध गराउने बताएको छ। जसमा निःशुल्क डेलिभरी र जडान, खरिद गरिएका सामान सुरक्षित रूपमा घरसम्म पुर्‍याउने र दक्ष प्राविधिकद्वारा निःशुल्क जडान गरिनेछ।

त्यस्तै, शून्य प्रतिशत ब्याजमा किस्ताबन्दी सुविधामा नागरिकताकै आधारमा सामान लैजान सकिने व्यवस्थासमेत उपलब्ध रहेको बताइएको छ। सोरुम उद्घाटनका अवसरमा २५ प्रतिशतसम्म नगद छुटका साथै प्रत्येक ठुला सामान खरिदमा ग्राहकले आकर्षक उपहार प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

बुद्धभूमि नगरपालिकाको गौरव योजना बिजगौरी-बुद्ढी सडक निर्माण सुरु

कपिलवस्तुमा **डिलाराम भुसाल**



बुद्धभूमि नगरपालिकाको गौरवको योजनाका रूपमा समावेश गरिएको जीर्ण बिजगौरी-बुढ्ढी सडक पक्की गर्ने काम सुरु भएको छ।

तौलिहवा-बिजगौरी-बुढ्ढी सडक खण्डअन्तर्गत १४ सय मिटर सडकमा निर्माणकार्य सुरु भएको हो। बुद्धभूमि नगरपालिकाका मेयर केशवकुमार श्रेष्ठले उक्त सडकलाई नगरपालिकाको सबैभन्दा महत्त्वपूर्ण गौरव योजनामध्ये एकका रूपमा अघि बढाइएको बताउँदै यो सडक निर्माणले नगरको आर्थिक, सामाजिक र यातायात विकासमा दीर्घकालीन योगदान पुर्‍याउने बताए।

डिभिजन सडक कार्यालय कपिलवस्तुअन्तर्गत पहिलो चरणमा दुई करोड २४ लाख रुपैयाँको लागतमा असफाल्ट प्रविधिबाट सडक निर्माण भइरहेको छ। निर्माणको जिम्मा पाएको इन्द्रेणी गंगा जेभीले आगामी असार महिनाभित्र काम सम्पन्न गर्ने लक्ष्यसहित काम सुरु गरेको बताएको छ।

निर्माण कम्पनीका सदस्य थानेश्वर घिमिरेका अनुसार हाल सब-बेसको काम लगभग सम्पन्न भइसकेको छ। उनले भने, 'अब बेस र असफाल्ट प्रविधिबाट सडक निर्माण गरिने र फागुनभित्रै काम सक्ने लक्ष्य छ।'

सडक निर्माण तीव्र र गुणस्तरीय ढंगले भइरहेको, तर सडक बनेपछि आवतजावत सहज हुनुका साथै स्थानीय कृषकले उत्पादन गरेका वस्तुको बजारसम्म पहुँच बढ्ने स्थानीयको भनाइ छ। ०६० सालमा तत्कालीन जिविसअन्तर्गत ग्रामीण सडक पूर्वाधार परियोजनामार्फत स्थानीय श्रमदानसहित करिब १० करोड रुपैयाँ लागतमा २१ किलोमिटर सडक निर्माण गरिएको थियो। तर, दुई दशकसम्म मर्मत नहुँदा सडक जीर्ण बनेको थियो।

मेयर श्रेष्ठका अनुसार यस योजनाका लागि लुम्बिनी प्रदेश सहरी विकास मन्त्रालयबाट ६ करोड, भौतिक विकास मन्त्रालयबाट तीन करोड र नगरपालिकाबाट साढे १० करोड गरी कुल साढे १९ करोड रुपैयाँ बजेट विनियोजन भई ठेक्का सम्झौता भइसकेको बताएको छ।

'नगरपालिकाबाट साढे चार किलोमिटर र सहरी विकास मन्त्रालयबाट २६ सय मिटर सडक निर्माण सुरु भइसकेको छ,' उनले भने, 'बिजगौरीदेखि बुढ्ढीसम्मको नौ किलोमिटर सडक यसै आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्य राखेका छौं।' साथै, बुढ्ढी उत्तरतर्फ सहरी विकास मन्त्रालयको तीन करोड रुपैयाँ लागतमा चार सय मिटर सडक पक्की गर्ने कामसमेत सुरु भएको छ।

प्रभु महालक्ष्मी र चित्लाङ एफसीबिच सम्झौता



काठमाडौं/ प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स र राष्ट्रिय लिगको टोली चित्लाङ एफसी प्रालिबिच प्रायोजन सम्झौता भएको छ। एन्फा प्रेसिडेन्ट्स लिगको शीर्ष चारमा रहेर राष्ट्रिय लिगका लागि छनोट भएको चित्लाङ एफसी र प्रभु लाइफबिच सम्झौता भएको हो।

सम्झौतापत्रमा प्रभु महालक्ष्मीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सन्तोष प्रसाईं र क्लबका अध्यक्ष सुगन तण्डुकारले हस्ताक्षर गरेका हुन्। सम्झौतापछि काठमाडौंमा जारी राष्ट्रिय लिगको टोली चित्लाङलाई प्रभु लाइफले एक वर्षका लागि आर्थिक सहयोग गर्नेछ भने क्लबले आफ्ना गतिविधिमार्फत प्रभु लाइफ इन्स्योरेन्सको प्रवर्द्धन गर्नेछ।

सिइओ प्रसाईंले देशको लोकप्रिय खेल र राष्ट्रिय लिगको टोली चित्लाङसँग जोडिन पाएकोमा खुसी व्यक्त गरे। चित्लाङ एफसीका अध्यक्ष तण्डुकारले पनि नेपाली फुटबलमा केही गर्ने क्लबको उद्देश्यमा प्रभु लाइफ इन्स्योरेन्सको साथले थप ऊर्जा भरेको बताए।

एमभी दुगड ग्रुपको रक्तदान कार्यक्रम



काठमाडौं/ एमभी दुगड ग्रुपले देशव्यापी रक्तदान कार्यक्रम आयोजना गरेको छ। ग्रुपका अध्यक्ष एवं उद्योगपति मोतीलाल दुगडको ८०औँ जन्मदिनका अवसरमा आइतबार रक्तदान कार्यक्रम सञ्चालन गरेको हो।

कार्यक्रममा देशभरका ग्रुपको अटो डिभिजन र हाइड्रो डिभिजनका कर्मचारीको सहभागिता थियो। ग्रुपका अनुसार १६ स्थान र तीनवटा डिलरसमेत गरी सातै प्रदेशमा २० वटा स्थानमा कार्यक्रम गरिएको थियो।

रक्तदान कार्यक्रममा पाँच सय ७८ जनाबाट पाँच सय ७८ प्वाइन्ट रगत संकलन गरी नेपाल रेडक्रस सोसाइटीलाई उपलब्ध गराइएको ग्रुपले जनाएको छ। ग्रुपका अटो, कृषि, जलविद्युत्, कन्स्ट्रक्सनलगायतका व्यवसाय सञ्चालनमा छन्।

झापाको स्वास्थ्य चौकीलाई कामना सेवा विकासको सहयोग



काठमाडौं/ कामना सेवा विकास बैंकले मेचीनगर नगरपालिका- ८, झापा, सिर्जनाचोकस्थित आधारभूत स्वास्थ्य केन्द्रलाई वाटर डिस्पेन्सर सहयोग गरेको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत शाखा कार्यालय इँटाभट्टामार्फत उक्त सहयोग गरेको हो। बैंकका कोशी प्रदेश प्रमुख खिमलाल भुसालले स्वास्थ्य केन्द्रका प्रमुख दिवाकर पौडेललाई वाटर डिस्पेन्सर हस्तान्तरण गरेका हुन्। बैंकको यस सहयोगबाट सबै वर्गका बिरामी लाभान्वित हुने बताइएको छ।

Invitation for Sealed Quotation for Group Medical Insurance

Jyoti Bikash Bank Limited (JBBL) invites sealed quotation from eligible Nepalese insurance companies for Group Medical Insurance Policy (GMI).

The Bank retains the discretion to fully or partially accept or reject any or all RFQ without providing any reasons.

For more details, please scan the QR Code

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

Head Office:
Kamalpokhari-01, Kathmandu, Nepal
Phone No.: 01-5970306-12
Web: www.jbbl.com.np | E-mail: info@jbbl.com.np

बागद्वार बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा-६, बागमती नगर

तपशिलमा उल्लिखित ऋणीहरूलाई ऋण/कर्जा चुक्ता गर्ने ३५ दिने सूचना

प्रकाशित मिति : २०८२/१०/०६

यस बागद्वार बचत तथा ऋण सहकारी संस्था लि. का.म.न.पा-६, बागमती नगरबाट तपशिलमा उल्लिखित ऋणीहरूले लिएको ऋण कर्जाको संस्थालाई समय-समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज लगायतका रकम चुक्ता भूक्तानी गर्न पटक-पटक मौखिक एवम् लिखित रुपमा सुचित गरी तर ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क गरी आफुले तिर्नु भुक्तान गर्नु पर्ने रकम चुक्ता-भुक्तान गर्नहुन सुचित गरिन्छ, अन्यथा सहकारी ऐन नियम अनुसार कारवाही भई जाने व्यहोरा समेत सुचित गरिन्छ।

१. काठमाडौं जिल्ला जोरपाटी गा.बि.स.-३, परिवर्तित गोकर्णेश्वर न.पा.-६, हाल काठमाडौं जिल्ला का.म. न.पा.-६ बस्ने ना.प्र.नं. १६७३३२५ काठमाण्डौ का पदमलालको नाती धनञ्जयको छोरा **चन्द्र प्रसाद गिरी**।
२. धादिङ्ग जिल्ला साबिक थाक्रे गा.बि.स.-१ परिवर्तित थाक्रे गा.पा.-८ धादिङ्ग हाल काठमाडौं जिल्ला का.म.पा.-६ बस्ने ना.प्र.नं ३।३६२१ धादिङ्गका सुरथ बहादुरका छोरा **श्रीराम कार्की**।
३. झापा जिल्ला साबिक जलथल गा.बि.स-६ परिवर्तित हल्दबिारी गा.पा.-४ झापा, हाल काठमाडौं जिल्ला का.म.न.पा-६, बस्ने ना.प.नं ३५४१२८५ झापाका भगिरथको नाती तुलसीरामको छोरा टिका देवि अधिकारी ओलीका पती **चन्द्र प्रसाद ओली**।
४. कपिलवस्तु जिल्ला साबिक बिजुवा गा.बि.स. वडा नं-६ परिवर्तित मैयादेबी गा.पा.-८ कपिलवस्तु, हाल, काठमाडौं जिल्ला का.म.न.पा.- ६, बस्ने ना.प्र.नं : स ६।२४० कपिलवस्तुको बंशभनको नाती राम केदारको छोरा **धर्मात्मा प्रसाद शुक्ल**
५. साबिक भोटेचौर गा.बि.स परिवर्तित मेलम्ची न.पा.-२ भोटेचौर, हाल का.म.न.पा.-६, बस्ने ना.प्र.नं २४३०६०।६०९ सिन्धुपाल्चोक कृष्ण प्रसाद बजगाईकी छोरी ठाकुर दत्त खतिवडाकी पत्नी **रिता खतिवडा**
६. साबिक बिर्ता देउराली गा.बि.स.-८, काभ्रे, परिवर्तित चौरी देउराली गा.पा.-८, हाल का.म.न.पा-६, बस्ने ना.प्र.नं ८६८९० काभ्रेपलाञ्चोकका रत्न प्रसाद त्रिपाठीको छोरा **यज्ञ प्रसाद त्रिपाठी**।
७. साबिक जिलिङ्ग गा.बि.स.-१, नुवाकोट, परिवर्तित बेलकोटगडी न.पा.-८ नुवाकोट, हाल का.म.न.पा.-६, बस्ने ना.प्र.नं १०८३०।७५९१ नुवाकोटका बिद्या कान्तका नाती जगन्नाथका छोरा **कृष्ण प्रसाद नेपाल**।
८. साबिक स्याउले गा.बि.स.-४, सिन्धुपाल्चोक परिवर्तित चौतारा सागाचोक गडी न.पा.-१, हाल का.म.न.पा.-६ बस्ने ना.प्र.नं १८५९९।१०३१३३३ सिन्धुपाल्चोकका रोशन बहादुरको नाती रेशम बहादुरको छोरा **देब गुरुङ**।
९. काठमाडौं जिल्ला का.म.न.पा.-६, नागरिकताको ठेगाना भई हाल सोही ठाउमा बस्ने ना.प्र.नं ६६६९।२१५०।२३३५ काठमाडौंका चन्द्रलालका छोरा जानुका चौलागाईंका पति **लोकनाथ चौलागाईं**।
१०. साबिक दर्बेसा गा.बि.स.-८, मोरङ परिवर्तित रंगेली न.पा.-२, हाल काठमाडौ जिल्ला का.म.न.पा.-६, बस्ने ना. प्र. नं. ९७७/१९४० मोरङका परमानन्दका नाती पर्शुरामका छोरा **ध्रुवराज घिमिरे**।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति: २०८२।१०।०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८२।१०।२१ (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। प्रचलित कानूनको अधिनमा रही बैकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण:

१. ऋणीको नाम: समर साइकल स्टोर — **कर्जा शिर्षक:** ओभरड्राफ्ट सुविधा

(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, धनगढी, कैलालीमा दर्ता रहेको), दर्ता नं.: २४७५७/०७४/७५, दर्ता मिति: २०७४/०८/०३, स्थायी लेखा नं.: ६०७१८२८६४, ठेगाना: कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ६।

प्रोप्राईटर:

राम स्वरुप चौधरी: ना.प्र.प.नं (जारी मिति/स्थान): ९७८(२०६३/१२/०८/कैलाली), बाजेको नाम: करीङ्गा थारु, बाबुको नाम: जयराम थारु, ठेगाना: कैलाली जिल्ला, प्रतापपुर गा.वि.स., वडा नं. ७ परिवर्तित कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ७।

व्यक्तिगत जमानतकर्ताहरू:

क. राम भजन चौधरी: ना.प्र.प.नं (जारी मिति/स्थान): ६७२०३५/६६२०२(२०७३/०५/०६/कैलाली), बाजेको नाम: करीङ्गा थारु, बाबुको नाम: जयराम थारु, ठेगाना: कैलाली जिल्ला, प्रतापपुर गा.वि.स., वडा नं. ७ परिवर्तित कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ७।

ख. गीता कुमारी चौधरी: ना.प्र.प.नं (जारी मिति/स्थान): ६७२०३५/७९१२(२०६५/०९/०३/कैलाली), बाबुको नाम: मान बहादुर डगौरा थारु, ससुराको नाम: जयराम थारु, पतिको नाम: राम स्वरुप चौधरी, ठेगाना: कैलाली जिल्ला, प्रतापपुर गा.वि.स., वडा नं. ३ परिवर्तित कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ७।

ग. पहरी थरुनी: ना.प्र.प.नं (जारी मिति/स्थान): ४/४३१८/१५६२(२०४६/०३/११/कैलाली), बाबुको नाम: बानु थारु, ससुराको नाम: करीङ्गा थारु, पतिको नाम: जयराम थारु, ठेगाना: कैलाली जिल्ला, बलिया गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ७।

लिलाम हुने धितोको विवरण:

बानु थारुको छोरी, करीङ्गा थारुको बुहारी, जयराम थारुको पत्नी, कैलाली जिल्ला, बलिया गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ७ बस्ने **पहरी थरुनी -१**, करीङ्गा थारुको नाति, जयराम थारुको छोरा, कैलाली जिल्ला, प्रतापपुर गा.वि.स., वडा नं. ७ परिवर्तित कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ७ बस्ने **राम स्वरुप चौधरी -१** र करीङ्गा थारुको नाति, जयराम थारुको छोरा, कैलाली जिल्ला, प्रतापपुर गा.वि.स., वडा नं. ७ परिवर्तित कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ७ बस्ने **राम भजन चौधरी -१** समेत तिन जनाको संयुक्त नाममा मालपोत कार्यालय टिकापुर, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, प्रतापपुर गा.वि.स./न.पा., वडा नं. ३ स्थित कि.न. ७५५ को क्षेत्रफल ०-२-१७ १/३ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको नाम: लेलिन कार्की — **कर्जा शिर्षक:** आवास निर्माण कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ८५२७७(२०५७/१२/१३/पाल्पा), बाजेको नाम: तेज बहादुर कार्की, बाबुको नाम: कर्ण बहादुर कार्की, ठेगाना: पाल्पा जिल्ला, मस्याम गा.वि.स., वडा नं. १ परिवर्तित ठेगाना हाल पाल्पा जिल्ला, तिनाउ गा.पा., वडा नं. ६।

व्यक्तिगत जमानतकर्ताहरू:

क. कर्ण बहादुर कार्की: ना.प्र.प.नं (जारी मिति/स्थान): ३९-०१-७१-०३०९४(२०७१/०४/१४/पाल्पा), बाजेको नाम: तारा बहादुर कार्की, बाबुको नाम: तेज बहादुर कार्की, ठेगाना: पाल्पा जिल्ला, मस्याम गा.वि.स., वडा नं. १ परिवर्तित ठेगाना हाल पाल्पा जिल्ला, तिनाउ गा.पा., वडा नं. ६।

ख. नन्द कुमारी कार्की: ना.प्र.प.नं (जारी मिति/स्थान): ९६ (२०४५/०२/०५/पाल्पा), बाबुको नाम: हुम बहादुर खड्का, ससुराको नाम: तेज बहादुर कार्की, पतिको नाम: कर्ण बहादुर कार्की, ठेगाना: पाल्पा जिल्ला, मस्याम गा.वि.स., वडा नं. १ परिवर्तित ठेगाना हाल पाल्पा जिल्ला, तिनाउ गा.पा., वडा नं. ६।

लिलाम हुने धितोको विवरण:

हुम बहादुर खड्काको छोरी, तेज बहादुर कार्कीको बुहारी, कर्ण बहादुर कार्कीको पत्नी, पाल्पा जिल्ला, मस्याम गा.वि.स., वडा नं. १ परिवर्तित ठेगाना हाल पाल्पा जिल्ला, तिनाउ गा.पा., वडा नं. ६ बस्ने **नन्द कुमारी कार्की**को नाममा मालपोत कार्यालय पाल्पाको लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, मस्याम गा.वि.स./न.पा., वडा नं./नक्सा सिट नं. २ स्थित कि.न. ५६४ को क्षेत्रफल ०-५-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

३. ऋणीको नाम: खेम बहादुर चौधरी — **कर्जा शिर्षक:** व्यक्तिगत ओभरड्राफ्ट

ना.प्र.प.नं (जारी मिति/स्थान): २८२/५०८५९(२०६२/११/१५/नवलपरासी), बाजेको नाम: लिखाराम थारू, बाबुको नाम: बुद्दि राम चौधरी, ठेगाना: नवलपरासी जिल्ला, बेनीमणीपुर गा.वि.स. वडा नं. ८ परिवर्तित नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. ३।

व्यक्तिगत जमानतकर्ता:

भेष माया थारू: ना.प्र.प.नं (जारी मिति/स्थान): ३६११७४-१३८९(२०७४/०४/३२/नवलपरासी, बर्दघाट सुस्ता पूर्व), बाबुको नाम: हेम नारायण थारू, ससुराको नाम: बुद्दि राम चौधरी, पतिको नाम: खेम बहादुर चौधरी, ठेगाना: नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. ३।

लिलाम हुने धितोको विवरण:

लिखाराम थारूको नाति, बुद्दि राम चौधरीको छोरा, नवलपरासी जिल्ला, बेनीमणीपुर गा.वि.स. वडा नं. ८ परिवर्तित नवलपरासी जिल्ला, विनयी त्रिवेणी गा.पा. वडा नं. ३ बस्ने **खेम बहादुर चौधरी**को नाममा मालपोत कार्यालय कावासोति, नवलपरासी, (बर्दघाट सुस्ता पूर्व)को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, बेनीमणीपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.न. ३८४२ र ३८५३ को क्षेत्रफल क्रमश: २८७.८१ र २३६.८७ व.मि. को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

४. ऋणीको नाम: गणेश भक्त के.सी. — **कर्जा शिर्षक:** व्यक्तिगत ओभरड्राफ्ट

ना.प्र.प.नं (जारी मिति/स्थान): १४८१७(२०४६/०७/०६/सुर्खेत), बाजेको नाम: गगन सिं खत्री, बाबुको नाम: पुर्ण बहादुर खत्री, ठेगाना: सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३।

व्यक्तिगत जमानतकर्ता:

अमृता के.सी.: ना.प्र.प.नं (जारी मिति/स्थान): ६८७३३(२०५७/०२/०८/सुर्खेत), बाबुको नाम: इन्द्र बहादुर के.सी., ससुराको नाम: पुर्ण बहादुर खत्री, पतिको नाम: गणेश भक्त के.सी., ठेगाना: सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३।

लिलाम हुने धितोको विवरण:

गगन सिं खत्रीको नाति, पुर्ण बहादुर खत्रीको छोरा, सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३ बस्ने **गणेश भक्त के.सी.**को नाममा मालपोत कार्यालय विरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, बयलकाँडा गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४/ख स्थित कि.न. ३९३४ को क्षेत्रफल ३९५.१७ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

५. ऋणीको नाम: अटायर ट्रेड लिंक — **कर्जा शिर्षक:** क्यास क्रेडिट

(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा दर्ता रहेको), दर्ता नं.: ३-३५-३८२-१५६९१३/२०७७/७८, दर्ता मिति: २०७७/०९/०१, स्थायी लेखा नं.: ६१४६४७२६८, ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ३१, नयाँ बानेश्वर।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:

कृतिका खड्का: ना.प्र.प.नं (जारी मिति/स्थान): ३०-०१-७५-०२०३७(२०७५/०२/२४/काभ्रेपलाञ्चोक), बाजेको नाम: चक्र बहादुर खड्का, बाबुको नाम: केदार खड्का, ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४।

व्यक्तिगत जमानतकर्ताहरू:

क. रसिला थापा खड्का: ना.प्र.प.नं (जारी मिति/स्थान): ३०-०१-७६-०५०३५(२०७६/०४/३१/काभ्रेपलाञ्चोक), बाबुको नाम: रण बहादुर थापा, ससुराको नाम: चक्र बहादुर खड्का, पतिको नाम: केदार खड्का, ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४।

ख. केदार खड्का: ना.प्र.प.नं (जारी मिति/स्थान): २४१५/८७५(२०४५/०२/२८/काभ्रेपलाञ्चोक), बाजेको नाम: देव बहादुर खड्का, बाबुको नाम: चक्र बहादुर खड्का, ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, चलाल गणेशस्थान गा.वि.स. वडा नं. ६ परिवर्तित काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४।

६. ऋणीको नाम: रसिला थापा खड्का — **कर्जा शिर्षक:** आवास कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ३०-०१-७६-०५०३५(२०७६/०४/३१/काभ्रेपलाञ्चोक), बाबुको नाम: रण बहादुर थापा, ससुराको नाम: चक्र बहादुर खड्का, पतिको नाम: केदार खड्का, ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४।

व्यक्तिगत जमानतकर्ताहरू:

क. कृतिका खड्का: ना.प्र.प.नं (जारी मिति/स्थान): ३०-०१-७५-०२०३७(२०७५/०२/२४/काभ्रेपलाञ्चोक), बाजेको नाम: चक्र बहादुर खड्का, बाबुको नाम: केदार खड्का, ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४।

ख. केदार खड्का: ना.प्र.प.नं (जारी मिति/स्थान): २४१५/८७५(२०४५/०२/२८/काभ्रेपलाञ्चोक), बाजेको नाम: देव बहादुर खड्का, बाबुको नाम: चक्र बहादुर खड्का, ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, चलाल गणेशस्थान गा.वि.स. वडा नं. ६ परिवर्तित काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४।

ग. कृष्टिना खड्का: ना.प्र.प.नं (जारी मिति/स्थान): ३०३०५०/७९(२०७०/०२/२३/काभ्रेपलाञ्चोक), बाजेको नाम: चक्र बहादुर खड्का, बाबुको नाम: केदार खड्का, ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, चलाल गणेशस्थान गा.वि.स. वडा नं. ६ परिवर्तित काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४।

माथि उल्लेखित दुई ऋणीहरुको लिलाम हुने धितोको विवरण:

रण बहादुर थापाको छोरी, चक्र बहादुर खड्काको बुहारी, केदार खड्काको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ बस्ने **रसिला थापा खड्का**को नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, तारकेश्वर न.पा., वडा नं. १६ स्थित कि.न. ११२ को क्षेत्रफल २३६.१७ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

का.नि.द.नं.१२८/७६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/७७०
मंगलबार ६ माघ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

नेपालले एसिया कपमा भारत र पाकिस्तानको सामना गर्ने

थाइल्यान्डमा हुने राइजिङ स्टार्स महिला एसिया कपको समूह 'ए' मा नेपालका प्रतिद्वन्द्वी टेस्ट राष्ट्र



ASIA CUP RISING STARS WOMEN'S | 2026

समूह 'ए'
भारत 'ए', पाकिस्तान 'ए', युएई, नेपाल

समूह 'बी'
बंगलादेश 'ए', श्रीलंका 'ए', मलेसिया, थाइल्यान्ड

नेपालको खेल
१३ फेब्रुअरीमा पाकिस्तानको 'ए' टोली
१५ फेब्रुअरीमा युएई
१७ फेब्रुअरीमा भारत 'ए' टोली

नयाँ पत्रिका

एसियन क्रिकेट काउन्सिल (एसिसी)ले एसोसिएट राष्ट्रका महिला खेलाडीलाई एक्सपोजर र स्तरोन्नति गराउने उद्देश्यका साथ राइजिङ स्टार्स महिला एसिया कप क्रिकेट प्रतियोगिता आयोजना गर्दै छ। एसिसीले टेस्ट तथा एसोसिएट राष्ट्रबिच प्रतिस्पर्धा हुने जनाएको छ। यो प्रतियोगिता थाइल्यान्डको बैंककमा हुनेछ। एसिसीले समूह विभाजन र खेलतालिका सोमबार सार्वजनिक गरेको छ।

टी-२० फर्म्याटमा हुने राइजिङ स्टार्स महिला एसिया कप आगामी १३ देखि २२ फेब्रुअरीसम्म चल्नेछ। प्रतियोगितामा एसिसीले टेस्ट राष्ट्रबाट 'ए' टोलीले प्रतिनिधित्व गर्ने जनाएको छ। यसबोहक अन्य एसोसिएटतर्फ भने राष्ट्रिय टोलीले नै प्रतिस्पर्धा गर्नेछन्। एसियाका उदीयमान खेलाडीले प्रतियोगिताका लागि अवसर पाउने एसिसीको भनाइ छ। यसअघि यो प्रतियोगिताको नाम इमर्जिङ एसिया कप थियो। आयोजक एसिसीले फरक रूपमा प्रतियोगिता आयोजना गरी प्रतियोगिताको नाम परिवर्तन गरेको हो।

एसिसीका अनुसार प्रतियोगितामा नेपाली राष्ट्रिय महिला टोलीले पनि प्रतिस्पर्धा गर्नेछ। नेपाल यसपटक पनि कठिन समूहमा रहेको छ। समूह 'ए'मा नेपालले एसियाकै शक्तिशाली राष्ट्र भारत र पाकिस्तानविरुद्ध खेल्नेछ। यस समूहमा नेपालको अर्को प्रतिद्वन्द्वी युएई रहेको छ। नेपालले १३ फेब्रुअरीमा पाकिस्तानको 'ए' टोलीविरुद्ध पहिलो खेल खेल्नेछ। त्यसपछि १५ फेब्रुअरीमा युएई र १७ फेब्रुअरीमा भारत 'ए'विरुद्ध खेल्ने एसिसीले जनाएको छ। युएई र नेपालका खेलाडी भने राष्ट्रिय टोलीका नै हुनेछन्।

दोस्रोपटक भारत र पाकिस्तानसँग खेल्दै नेपाल

एसिसीले राइजिङ स्टार्स एसिया कप नामबाट यसपटक प्रतियोगिता आयोजना गर्न लागेको हो। यसअघि सन् २०२३ मा हङकङले आयोजना गरेको इमर्जिङ एसिया कप नामबाट प्रतियोगिता भएको थियो।

संयोगवश तीन वर्षअघिको संस्करणमा नेपाल समूह 'ए'मै थियो। यस समूहमा नेपालले भारत र पाकिस्तानसँग प्रतिस्पर्धा गरेको थियो। नेपालको तेस्रो प्रतिद्वन्द्वी हङकङ रहेको थियो। रुविना क्षेत्रीको कप्तानीमा रहेको नेपालले पाकिस्तानको 'ए' टोलीविरुद्ध उत्कृष्ट प्रदर्शन गऱ्यो। पाकिस्तानले नेपाललाई नौ रनले हरायो।

पहिलो ब्याटिङ गरेको पाकिस्तान १९.२ ओभरमा ८७ रनमै अलआउट भयो। नेपालको कमजोर ब्याटिङका कारण २० ओभरमा ६ विकेट गुमाएर ७८ रन मात्र जोड्यो। भारत र हङकङसँग भने वर्षालले खेल हुन सकेन। नेपालले यी दुवै राष्ट्रसँग अंक बाँडेको थियो। नेपाल समूहमा तेस्रो भयो।

आइसिसी वरीयतामा भारत दोस्रो स्थानमा

राइजिङ स्टार्स एसिया कपमा सहभागी राष्ट्रमध्ये भारत शीर्ष स्थानमा छ। आइसिसीको पछिल्लो महिला टी-२० वरीयतामा भारत २६५ रेटिङका साथ दोस्रो स्थानमा रह्यो। शीर्ष स्थानमा अस्ट्रेलिया रहेको छ। नेपालको समूहमा रहेको पाकिस्तान भने आठौँ स्थानमा छ।

पाकिस्तानले दुई सय १६ रेटिङ प्राप्त गरेको छ। युएई १५औँ स्थानमा रहेको आइसिसीले जनाएको छ। समूह 'ए'मा नेपाल पुछारमा रहेको छ। नेपाल वरीयता २१औँ स्थान हो। नेपालभन्दा युएई सात स्थानमाथि रहेको छ। समूह 'बी'मा रहेको श्रीलंकाको सात, बंगलादेशको वरीयता १० र थाइल्यान्ड ११औँ स्थानमा छ।

आठ राष्ट्रबिच प्रतिस्पर्धा

प्रतियोगितामा आइसिसीको पूर्ण सदस्य राष्ट्र र एसोसिएटका राष्ट्रले भाग लिनेछन्। प्रतियोगितामा पूर्ण सदस्य राष्ट्रहरूका 'ए' र एसोसिएटका राष्ट्रिय टोली नै हुने एसिसीले जनाएको छ। प्रत्येक समूहमा राउन्ड रोबिन फर्म्याटमा समान तीन खेल खेल्नेछन्। समूह चरणपछि प्रत्येक समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्। प्रतियोगिताको सेमिफाइनल खेल २० फेब्रुअरी र २२ फेब्रुअरीमा फाइनल हुनेछ। फाइनलसम्म कुल १५ खेल हुने एसिसीले जनाएको छ।

ग्लोबल छनोटलगत्तै थाइल्यान्डतर्फ नेपाल

अहिले नेपाली सिनियर महिला टोली आइसिसी टी-२० ग्लोबल छनोटमा सहभागी छन्। पहिलोपटक ग्लोबल छनोट खेलेको नेपालले आफ्नो पहिलो खेलमा थाइल्यान्डबाट आठ विकेटको हार सामना गरेको थियो। नेपालले बिहीबार नेदरल्यान्ड्ससँग प्रतिस्पर्धा गर्नेछ। यो ग्लोबल छनोटपछि नेपालले महत्त्वपूर्ण प्रतियोगिताको रूपमा रहेको राइजिङ स्टार्स एसिया कप टी-२० खेल्न जाँदै छन्। ग्लोबल छनोटको सहभागिताले खेलाडी फर्ममा रहने अपेक्षा छ।

■ आइसिसी पुरुष टी-२० विश्वकप

बंगलादेश भारत नगए स्कटल्यान्डले मौका पाउने

भारतमा विश्वकप नखेल्ने अडान राख्दा बंगलादेशको स्थानमा वरीयताअनुसार स्कटल्यान्डलाई अवसर प्रदान गर्ने आइसिसीको चेतावनी



एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले बंगलादेशलाई आसन्न टी-२० पुरुष विश्वकप क्रिकेट प्रतियोगितामा भारतमा गएर खेल्ने वा नखेल्ने अन्तिम निर्णय लिन बुधबारसम्म समयसीमा दिएको छ। आइसिसीका दुई वरिष्ठ प्रतिनिधि र बंगलादेश क्रिकेट बोर्ड (बिसिबी)बिच शनिबार ढाकामा भएको वार्ता निष्कर्षविहीन भएको थियो। त्यसपछि आइसिसीले बंगलादेशलाई पूर्वघोषित कुनै खेल स्थल परिवर्तन नहुने भनी अन्तिमपटक चेतावनी दिँदै भारत जाने वा नजाने निर्णय गर्न भनेको हो।

बंगलादेश भारतमा नजाँदा स्कट्ल्यान्डले मौका पाउने आइसिसीले भनेको छ। 'बिसिबीको निर्णयको हामी प्रतीक्षामा छौं। सुरक्षाको कारण देखाउँदै बंगलादेशले भारतमा नभएर श्रीलंकामा खेल्न पाउनुपर्छ भनेको छ। तर, विश्वकपको कुनै पनि खेल स्थल र समयतालिका परिवर्तन हुनेछैन,' आइसिसीको विज्ञप्तिमा भनिएको छ, 'यदि बंगलादेशले भारत नजाने अन्तिम निर्णय गरेको छ भने हामी उसको सट्टा वरीयताका आधारमा स्कट्ल्यान्डलाई विश्वकपमा सहभागी गराउँछौं।'

युरोपियन छनोटबाट इटालीले पहिलोपटक विस्कपमा पुग्दा स्कट्ल्यान्ड बाहिरिएको थियो। आइसिसीको पछिल्लो वरीयतामा स्कट्ल्यान्ड १४औँ स्थानमा छ। स्कट्ल्यान्डभन्दा माथि रहेका राष्ट्रहरू विश्वकपमा छन्। यसैकारण वरीयताकै आधारमा स्कट्ल्यान्डले विश्वकप खेल्ने अवसर पाउन लागेको हो।

भारत नजाने बंगलादेशको अडान

बंगलादेशले भने आफ्ना खेलाडी सुरक्षित नभएका कारण भारतमा विश्वकप नखेल्ने पूर्ववत् अडानलाई यथावत् राखेको छ। आइसिसीका पदाधिकारीसँगको छलफलमा उनीहरूले भारतमा कुनै पनि हालतमा आफूहरू नजाने बताएका थिए। श्रीलंका सहआयोजक भएकाले वैकल्पिक स्थल हुन सक्ने बिसिबीको भनाइ छ। बंगलादेश समूह 'सी'मा छ। बंगलादेशले सुरुका तीनवटै खेल कोलकाताको इडन गार्डेन रंगशालामा छ। चौथो खेल मुम्बईको बाँखडे रंगशालामा छ। जहाँ बंगलादेश र नेपालबिच खेल हुने तालिका छ। ढाकामा भएको वार्तामा आइसिसीले बंगलादेशलाई भारतमा कुनै विशेष सुरक्षा खतरा नरहेको आश्वासन दिएको छ। तर, बंगलादेशले आइसिसी र भारतको सुरक्षा व्यवस्थाप्रति आफूहरू आश्वस्त हुन नसकेको बताएको छ।

कोलकाताबाट सुरु भएको विवाद

बंगलादेशमा एक हिन्दुको हत्या भएपछि भारत र बंगलादेशबिच राजनीति टकराव भएको थियो। भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले तत्कालै इन्डियन प्रिमियर लिगका फ्रेन्चाइज टोली कोलकाता नाइट राइडर्सलाई बंगलादेशी खेलाडी मुस्ताफिजुर रहमानलाई रिलिज गर्न निर्देशन दिएको थियो। बिसिसिआईको निर्देशनपछि कोलकाताले रहमानलाई टोलीबाट हटायो। यसै सिजनमा कोलकाताले उनलाई नौ करोड भाग्मा अनुबन्ध गरेको थियो। बंगलादेश सरकारले आइसिसी र बिसिसिआईसँग प्रतिशोध लिन आइपिएल प्रसारणमा प्रतिबन्ध लगायो। त्यसपछि बिसिबीले भारतमा विश्वकप नखेल्ने पत्र आइसिसीलाई पठाएको थियो। बंगलादेशले खेल स्थल परिवर्तन गर्नुपर्ने माग राखेको थियो।

आइसिसीले सुरुमा बंगलादेश सहभागी नहुँदा दुई अंक काटिने चेतावनी दिएको थियो। तर, बंगलादेशले तटस्थ भूमिबाहेक अन्य स्थानमा विश्वकप नखेल्ने निर्णय यथावत् राख्दा विवाद चुलिएको हो। विवाद सल्टाउन नै आइसिसीले आफ्ना प्रमुख पदाधिकारीलाई ढाका पठाएको थियो। तर, वार्ता निष्कर्षविहीन हुँदा आइसिसीले अन्तिम विकल्पका रूपमा बुधबारसम्म बंगलादेशलाई निर्णय गर्न भनिएको हो।

राहुललाई एमेच्योर गल्फ उपाधि

काठमाडौं/ राहुल विश्वकर्माले डिएन्डडी एमेच्योर गल्फ च्याम्पियनसिपको उपाधि जितेका छन्। राहुलले सोमबार चार अन्डर ६६ र समग्रमा दुई अन्डर एक सय ३८ स्कोर गर्दै उपाधि हात पारेका हुन्। उनले प्रकृत तामाङ र सुन्दर राईलाई नौ स्ट्रोकको फराकिलोअन्तरमा हराउँदै ५० हजार प्राप्त गरे। नेपाली एमेच्योर गल्फरले कुनै पनि प्रतियोगितामा नगद पुरस्कार प्राप्त गरेको पहिलोपटक हो।



प्रकृत र सुन्दर राईले समग्रमा सात ओभर एक सय ४७ स्कोर गरेका थिए। बेलायतमा रहेका धरानका गल्फर देउकुमार राई र दीपेन्द्र राईको प्रायोजनमा आयोजित ३६ होलको प्रतियोगितामा ३८ खेलाडीले सहभागिता रहेको थियो। नेपालमै पहिलोपटक एमेच्योर गल्फमा नगद पुरस्कार प्रदान गरिएको यो प्रतियोगिताको कुल पुरस्कार राशि दुई लाख रुपैयाँ रहेको थियो। कुमारले यो प्रतियोगितामा पाँच वर्षसम्म निरन्तर गर्ने बताउँदै अर्को वर्ष विजेताले ८० हजार रुपैयाँ पाउने जनाए।

खेल संक्षेप

एन्फाले गलत सूचना प्रवाह गरेको पूर्वअध्यक्षको दाबी

काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)का पूर्वअध्यक्ष गणेश थापाले नेपालमाथि प्रतिबन्ध हुन सक्ने एन्फाले गलत सूचनाप्रवाह गरेको दाबी गरेका छन्। थापाले सोमबार पत्रकार सम्मेलनमार्फत वर्तमान एन्फा नेतृत्वले आफ्ना गल्ती ढाकछोप गर्न फिफाको नाममा निराधार, तथ्यहीन र त्रास पैदा गराउने काममा तल्लीन भएको बताए। 'फिफाको एउटा पत्र सार्वजनिक गरेर एन्फाले नेपाल प्रतिबन्धमा पर्छ भनेर भ्रम सिर्जना गरिरहेको छ, जुन सरासर गलत हुरा हो। एन्फामाथि सधैं कब्जा गरिरहने लोभमा यस्तो गलत भ्रम मात्र फिँजाइएको हो,' थापाले भने। एन्फा महासचिव किरण राईले आइतबार २८ माघमा हुने निर्वाचनमा तेस्रो पक्षले हस्तक्षेप गरे फिफाले निलम्बन गर्ने बताएका थिए। नेम्वाङ नेतृत्वले घोषित निर्वाचन तत्काल रोकेर जिल्ला र प्रदेशका निर्वाचन गरे मात्र वर्तमान विवाद समाधान हुने थापाको भनाइ रह्यो। थापाले नेपालको वर्तमान फुटबल अवस्था बुझ्न फिफाबाट स्वतन्त्र प्रतिनिधि आउनुपर्ने माग राखेका छन्।

सनी र सपना च्याम्पियन

काठमाडौं/ नेपाल आर्मीका सनीसिंह सुनार, एपिएफकी अनिशा तामाङ र नेपाल आर्मीकी सपना ऐडी राष्ट्रिय फुल कन्ट्याक्ट कराँते प्रतियोगितामा सोमबार च्याम्पियन बनेका छन्। २४औँ पुरुष खुलामा सनी, १८औँ राष्ट्रिय महिलातर्फमा अनिशा र सपना पहिलो भएका हुन्। अनिशा ५५ केजीमुनि र सपना ५५ केजीमाथि पहिलो भए। पुरुष खुला फाइनलमा सनीले आर्मीकै प्रवीण माझीलाई पराजित गरे। अनिशाले आर्मीकी विन्दु चौधरीलाई हराइन्।

सोनाम र सारा पहिलो

काठमाडौं/ सोनाम छिरिङ घले र सारा पन्तले फ्ल्यास स्पोर्टस् राष्ट्रिय जुनियर टेनिस प्रतियोगितामा स्वर्ण जितेका छन्। प्रतियोगिताको सोमबार भएको फाइनलमा सोनाम यू-१० पुरुष, सारा यू-१२ महिला एकलतर्फ विजेता बनेका हुन्। सोनामले एस्टन श्रेष्ठलाई ६-४ र ६-४ को सोझो सेटमा पराजित गरे। साराले आर्या पौडेललाई ६-१ र ६-० ले सहजै हराइन्। साराले यू-१४ पनि स्वर्ण हात पारिन्। यू-१६ पुरुष एकलमा सांगे रोकायाले फाइनलमा असभसम्राट हाडाबाट वाक ओभर पाए।

शतप्रतिशत जितसहित अभिक च्याम्पियन

नयाँ पत्रिका

सेन्ट जेभियर्स कलेजका अभिक शाह शतप्रतिशत जितसहित हिमालयन च्यालेन्जर्स फिडे रेटिङ क्लासिकल बुद्धिचालका च्याम्पियन बनेका छन्। उनले अन्तिम तथा नवौं चरणमा हार्दिक पन्तलाई पराजित गर्दै उपाधि हात पारेका हुन्।

हिमालयन च्यालेन्जर्स क्लासिकल बुद्धिचालमा प्रत्येक खेलमा हरेक खेलाडीलाई ९० मिनेट र ३० सेकेन्डको इन्क्रिमेन्ट समय दिइएको थियो। लगातार नौ दिनसम्म रोमाञ्चक प्रतिस्पर्धापछि द ब्रिटिस कलेजका सजल न्यौपाने १९ अंकका साथ उपविजेता र संस्कार गुरुकुल स्कुलका आशीर्वाद थापा १८ अंकका तेस्रो स्थानमा रहे।



शीर्ष वरीयताका अभिकले क्लासिक बुद्धिचाल खेल्न पाउनु ठुलो पक्ष भएको बताए। 'ब्लिज र च्यापिडपछि अहिले क्लासिकल बुद्धिचाल प्रतियोगिता खेल्न पाउनु नै ठुलो कुरा हो। मैले पहिलोपल्ट लगातार नौ दिन खेल्न पाएँ,' अभिकले भने, 'सबै खेल जिते पनि प्रतिस्पर्धा रोचक रह्यो। म र अरू युवा खेलाडीको स्तरवृद्धिका लागि क्लासिकल महत्त्वपूर्ण छ।' १७ वर्षीय अभिक हिमालयन चेस एकेडेमीले आयोजना गरेको पहिलो प्रतियोगिता एसइई कपको विजेता पनि हुन्। स्विस लिग प्रणालीअनुसार नौ चरणमा सञ्चालित प्रतियोगितामा १९१८ रेटेड अभिकले सौर्य प्रतापसिंह कार्की, आशिर्वाद थापा, शुभांग प्रधान, सजल न्यौपाने, सात्विकमान तुलाधर, लियोन महर्जन, उजिभानी कँडेल, निहाना श्रेष्ठ र हार्दिकलाई हराउँदै उपाधि हात पारेका थिए। उनले सर्वाधिक २७ अंक जोडेका थिए।

ALL NEPAL FOOTBALL ASSOCIATION
ANFA Complex, Satdobato, Lalitpur, Nepal

Invitation for Bids

Contract Identifiction no.: ANFA/BID/STAT/NCB/17/082-83

Date of Initial Publication: 15th December 2025
Date of Re-Invitation : 20th Jan 2026

1. The **All-Nepal Football Association ANFA, Satdobato** invites bids from eligible bidders for the **"Procurement and Supply of Commemorative Memento Statue of Players"** under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **All Nepal Football Association (ANFA), [Satdobato, Lalitpur, Ph. no. 01-5201060 Email: procument@the-anfa.com]** or through **ANFA website at : www.the- anfa.com (more>downloads> general>NCB17)**
3. Bidders, submitting their bid, should deposit the cost of bidding document of **NRs. 1000** in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Nepal Investment Mega Bank Limited, Durbarmarg**
   Name of the Office : **All Nepal Football Association**
   Office Account No. : **00101010031354**
4. Bids must be submitted to the office **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur** by hand/courier on or before **12.00 PM** on **27th January 2026**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14.00 PM** on **27th January 2026** at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur**. Bids must be valid for goods or **90 days** from the date of bid opening and must be accompanied by a bid security, amounting to **NRs. 50,000/-** which shall be valid for **30 days** beyond the validity of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. **ANFA** reserves the sole right for proposal/bid selection or rejection without assigning any reason whatsoever.

■ राष्ट्रिय लिग २०८२

लालीगुराँसको लगातार दोस्रो जित

नयाँ पत्रिका

राष्ट्रिय लिग फुटबलमा पोखराको लालीगुराँस स्पोर्टस् एसोसिएसनले लगातार दोस्रो जित निकालेको छ। एन्फा कम्प्लेक्समा उत्कृष्ट फर्ममा रहेको लालीगुराँसले मकवानपुरको नवजनजागृति युथ क्लबलाई ४-१ ले हराएको छ। यसअघि आफ्नो पहिलो खेलमा लालीगुराँसले 'ए' डिभिजनकै अनुभवी क्लब जावलाखेल युथलाई स्तब्ध पारेको थियो। दोस्रो जित निकाल्ने क्रममा लालीगुराँसका लागि आशिष गुरुङले दुई गोल गरेका थिए। अब्दुल युसुफ र एकोएटे जुनियरका नाममा समान एक गोल गरे। एन्फा कम्प्लेक्समा भएको खेलमा लालीगुराँसविरुद्ध नवजनजागृतिका लागि उमेश सन्जेलले एक गोल फर्काएका थिए।

खेलको २७औँ मिनेटमा युसुफले लालीगुराँसलाई १-० को अग्रता दिलाएका थिए। पहिलो हाफमा नवजनजागृतिले बलियो डिफेन्स रणनीति अपनाउँदा लालीगुराँस एक गोलमै सीमित भएको थियो। मध्यान्तरपछि लालीगुराँसको खेलमा सुधार देखियो। खेलको ५५औँ मिनेटमा आशिषले टोलीलाई २-० को स्थितिमा राखे। खेलको ६० औँ मिनेटमा एक गोल गर्दै लालीगुराँसलाई ३-० ले अगाडि बढाए। खेलको ८९औँ मिनेटमा



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

एकोएटेले ४-० को अग्रता दिलाए। खेलकै अन्तिम इन्जुरी समयमा नवजनजागृतिका लागि उमेशले ४-१ का लागि गोल गरे। यसअघि पहिलो खेलमा नवजनजागृति एन्फा प्रेसिडेन्ट कपबाट छनोट भएको चिल्लाङ एफसीसँग २-१ ले पराजित भएको थियो। 'ए' डिभिजन लिगका १३ र एन्फा प्रेसिडेन्ट कपबाट छनोट भएका चार गरी १७ टोलीले विनारेलिगेसनको राष्ट्रिय लिग खेलिरहेका छन्।

■ एनआरटीले सातदोबाटोलाई हरायो

दशरथ रंगशालामा भएको प्रतिस्पर्धामा न्युरोड टिम (एनआरटी)ले पहिलो जित निकाल्यो। एनआरटीले सातदोबाटो युथ क्लबलाई ३-१ ले हरायो। एनआरटीका लागि विज्ञान खड्काले दुई र टिमोथी ओकेरेकले एक गोल गरेका थिए। सातदोबाटोका फोडे फोफानाले एक गोल फर्काए। यसअघि एनआरटी आफ्नो पहिलो खेलमा मच्छिन्द्र एफसीसँग पराजित भएको थियो। लिगमा पहिलो हार व्यहोरेको सातदोबाटो दुई खेलसम्म जितविहीन छ। पहिलो खेलमा सातदोबाटोले संकटा क्लबसँग गोलरहित बराबरी खेलेको थियो।

सातदोबाटोविरुद्ध विज्ञानले सातौं मिनेटमा एनआरटीलाई १-० को अग्रता दिलाए। खेलको १७औँ मिनेटमा टिमोथीले एनआरटीलाई २-० को स्थितिमा राखे। खेलको ३२औँ मिनेटमा सातदोबाटोका अनुभवी विदेशी खेलाडी फोफानाले २-१ को गोलअन्तरमा झारेका थिए। स्टार खेलाडीले भरिएको सातदोबाटोले एनआरटीविरुद्ध दोस्रो हाफमा स्तरीय खेल देखाउन सकेन। विज्ञानले अन्तिम इन्जुरी समयमा गोल गर्दै एनआरटीको जित पक्का पारे।